अन्तिम लेखापरीक्षण प्रतिवेदन
कमलामाई नगरपालिका, सिन्धुली

आर्थिक वर्ष २०७६।७७

महालेखापरीक्षकको कार्यालय
काठमाडौं

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

o

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९
च.नं.: २०९

मितिः २०७८।०५।०४

श्री प्रमुखज्यू,
कमलामाई नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
सिन्धुली।

विषयः- <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः०७८।७९ मितिः२०७८।०५।०३

च.नं.: २३३

श्री प्रमूखज्यू,
कमलामाई नगरपालिका
सिन्धुली ।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले कमलामाई नगरपालिका, सिन्धुलीको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु.२ करोड ६२ लाख ४२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.९७ लाख ७० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.५८ लाख २२ हजार, नियमित गर्नुपर्ने रु.७८ लाख ४३ हजार र पेश्की बाँकी रु.२८ लाख ७ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।०९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ५० यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । पालिकाको कार्यकारिणी, पालिका प्रमूख र प्रमुख प्रशासकिय अधिकृत यस पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(ईन्द्रप्रसाद आचार्य)
नायव महालेखापरीक्षक

कमालामाई नगरपालिका, सिन्धुलीको लेखापरीक्षण प्रतिवेदन
आर्थिक वर्ष : २०७६/७७

परिचय — स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी, र न्यायिक अभ्यासलाई सस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने समग्र उद्देश्य हासिल गर्न २०७३।१२।०३ मा यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । सिन्धुली जिल्ला स्थित यस पालिकाको वडा संख्या १४, नगरसभा सदस्य ७० , जनसंख्या ७७८४५ र क्षेत्रफल ४८२.५७ वर्ग किलोमिटर रहेको छ ।

क) स्थानीय सचित कोष अर्थिक वर्ष २०७६/०७७ को स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

विवरण	टिप्पणी	यस वर्षको रु.			
		बजेट	आफैले गरेको प्राप्ती/भुक्तानी	बस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		**१६१३५०४२८४.४८**	**१३०७७१४४४.०५**	**०.००**	**१३०७७१४४४.०५**
क.प्राप्ती (संचितकोषमा आम्दानी बाँधिने)		**१०८६०८२०००.००**	**९८०६५८९४३.९२**	**०.००**	**९८०६५८९४३.९२**
1100 कर	११	२६५९३२०००.००	२२२३९५८०२.१३	०.००	२२२३९५८०२.१३
1300 अनुदान		७५०७३२०००.००	७२०१५३८५५.००	०.००	७२०१५३८५५.००
संघीय सरकार	१२	६७८५९८०००.००	६५०५९८०००.००	०.००	६५०५९८०००.००
प्रदेश सरकार	१२	४४१३४०००.००	४१६३४०००.००	०.००	४१६३४०००.००
जनसहभागीता		२८०००००.००	२७९२१८५५.००	०.००	२७९२१८५५.००
१४०० अन्य राजस्व		६६४१८०००.००	३७४५५४२२.३५	०.००	३७४५५४२२.३५
१५०० विविध प्राप्ति		३०००००.००	६५३८६४.४४	०.००	६५३८६४.४४
ख. अन्य प्राप्ती		**५२७४२२२८४.४८**	**३२७०५५५००.१३**	०.००	**३२७०५५४९०.१३**
वितरण गर्न बाँकी राजस्व		०.००	१०.००	०.००	१०.००
कोषहरु		६६६८९२८४.४८	५६३४२९०३.२२	०.००	५६३४२९०३.२२
धरौटी		०.००	१७७२४२४२.९१	०.००	१७७२४२४२.९१
संघीय, प्रदेश सरकारका अन्य कार्यक्रम		४६०७३३०००.००	२५२९८८३४४.००	०.००	२५२९८८३४४.००
भुक्तानी (ग+घ)		**१७८९१७९५४७.४८**	**१२३६०६५३९७.३२**	**०.००**	**१२३६०६५३९७.३२**
ग. भुक्तानी (संचित कोषबाट)		**१२६१७५७२६३.००**	**९५०३३२३४४.८४**	**०.००**	**९५०३३२३४४.८४**
21000 पारिश्रमिक/सुविधा	१८	३६०२३५३००.००	३४४४९६३४०.९०	०.००	३४४४९६३४०.९०
22000 मालसामान तथा सेवाको उपयोग	१८	१७६९६१७००.००	१२२९७५३९४.६७	०.००	१२२९७५३९४.६७
25000 सहायता	१८	९६७५००००.००	७५२८६०८८.१८	०.००	७५२८६०८८.१८
26000 अनुदान	१८	१२००००००.००	१२००००००.००	०.००	१२००००००.००
27000 सामाजिक सुरक्षा	१८	२४२१९०००.००	२३८९१७६०.००	०.००	२३८९१७६०.००
28000 अन्य खर्च	१८	२७०४०००.००	२४९६८८१.००	०.००	२४९६८८१.००
31000 गैर वित्तिय सम्पती/पूँजिगत खर्च	१८	५९९६८७२६३.००	३७९९८५८८०.०९	०.००	३७९९८५८८०.०९
घ. अन्य भुक्तानी		**५२७४२२२८४.४८**	**२८५७३३०५२.४८**	**०.००**	**२८५७३३०५२.४८**
कोषहरु		६६६८९२८४.४८	२५९९१०८७.३८	०.००	२५९९१०८७.३८
धरौटी		०.००	६७३०२९९.००	०.००	६७३०२९९.००
संघीय, प्रदेश सरकारका अन्य कार्यक्रम		४६०७३३०००.००	२५२९८८३४४.००	०.००	२५२९८८३४४.००
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी			२३३२२.१०	०.००	२३३२२.१०
ङ. यो वर्षको बचत (न्युन)		**-१७५६७५२६३.००**	**७१६४९०४६.७३**	**०.००**	**७१६४९०४६.७३**

विवरण	टिप्पणी	यस वर्षको रु.			
		बजेट	आफैले गरेको प्राप्ती/भुक्तानी	बस्तुगत /सोझै भुक्तानी	जम्मा
च. गत वर्षको जिम्मेवारी रकम (अ.ल्या)		०.००	१७८०३६८९६.१६	०.००	१७८०३६८९६.१६
वर्षान्तको बाकी रकम (ङ+च)		**-१७५६७५२६३.००**	**२४९६८५९४२.८९**	**०.००**	**२४९६८५९४२.८९**
बैक तथा नगद बाँकी	२४		२४९६८५९४२.९	०	२४९६८५९४२.९

ख) कोष तथा लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा ईकाइ कार्यालयबाट भुक्तानी आदेश मार्फत सम्बन्धीतलाई सोझै भुक्तानी भएका कारोबारहरु

शीर्षक	वार्षिक बजेट	निकासा	खर्च	खर्च मध्ये पेस्की
प्रदेश पूर्वाधार विकास कार्यक्रम	२६२३००००.००	२२१६१४२३.००	२२१६१४२३.००	००.००
स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम	३०५३००००.००	३०५३००००.००	३०५३००००.००	००.००
गरिविसँग विशेश्वरसँग कार्यक्रम	७००००.००	७००००.००	७००००.००	००.००
पर्यटन पूर्वाधार विकास आयोजना	५०००००.००	६३६२४८.००	६३६२४८.००	००.००
सामाजिक सूरक्षा कार्यक्रम	२०८०७०४०००.००	२०६७४८१००.००	२०६७४८१००.००	००.००
राष्ट्रीय परिचयपत्र तथा पन्जिकरण पुजिगत	२०६०००.००	१९५४४०.००	१९५४४०.००	००.००
राष्ट्रीय परिचयपत्र तथा पन्जिकरण चालु	१३०७०००.००	९८१८६६.००	९८१८६६.००	००.००
राष्ट्रपती महिला उत्थान कार्यक्रम	१००००.००	१००००.००	१००००.००	००.००
समाव कल्याण कार्यक्रम जे ना समेत	११००००००.००	१०००००००.००	१०००००००.००	००.००
संचित बिदा	११७८९८९.००	११७८९८९.००	११७८९८९.००	००.००
औषधि उपचार	१५३०४२४.००	१५३०४२४.००	१५३०४२४.००	००.००
जम्मा रु.	२१४८४९६४१३.००	**२६५६७२४९०**	**२६५६७२४९०**	**००.००**

ग) पालिकामा रहेका अन्य कोषहरु

शिर्षक	गत वर्षको जिम्मेवारी रु.	यस वर्षको आम्दानी रु.	जम्मा रु.	खर्च रु.	बाँकी रु.
कर्मचारी कल्याण कोष	८३३०३८२.३३	१७८०८१५.३०	१०११११९७.६३	००.००	१०११११९७.६३
करार कर्मचारी हितकोष	००.००	१२७३५२६.६०	१२७३५२६.६०	००.००	१२७३५२६.६०
मर्मत संभार कोष	१२१२२४२.००	००.००	१२१२२४२.००	००.००	१२१२२४२.००
स्थानीय लैङ्गिक हिंसा निवारण कोष	००.००	१००००.००	१००००.००	००.००	१००००.००
वातावारणीय विकास कोष	६२९३८४.४५	००.००	६२९३८४.४५	००.००	६२९३८४.४५
जम्मा रु.	**१०१७२००८.७८**	**३०६४३४१.९०**	**१३२३६३५०.६८**	**००.००**	**१३२३६३५०.६८**

घ) राजस्व

क्र.सं.	शीर्षक नं.	लगत हसबली समेत रु.	असुली रु.	दाखिला रु.	बाँकी रु.	
१	१५१११	२४६९०.८५	२४६९०.८५	२४६९०.८५	०	०
२	१५११२	१२१७२००	१२१७२००	१२१७२००	०	०
जम्मा		**१२४१८९०.८५**	**१२४१८९०.८५**	**१२४१८९०.८५**	**०**	**०**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	लेखापरीक्षणको क्रममा असुलीः लेखापरीक्षणको क्रममा कर्मचारी बैठक भत्ता रु/ ९९४५० र पदाधिकारी भ्रमण खर्च तथा दैनिक भत्ता रु/ ११२५० समेत **रु/११०७०० असुल** भई स्थानीय सञ्चितकोष दाखिला भएको छ ।	
	लेखापरीक्षणको प्रारम्भीक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाबाट रु/७६२५३३ असूल भई सम्बन्धित खातामा दिखला भएको छ ।	
१.	**लेखा ढाँचाको प्रयोग** — नेपालको संविधानको धारा २४१ मा नेपालको सरकारी लेखाको लेखापरीक्षण महालेखापरीक्षकले गर्ने र यसरी लेखा परीक्षण गरिने लेखा संघीय कानून बमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा राखिने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा समेत स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफरिसमा महालेखापरीक्षक बाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । सोही अनुसार एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेपसास) बमोजिमका फारामहरु मिति २०७५।८।१० मा संघ तथा प्रदेश र स्थानीय तह गरी दुई समूहका फारामहरु आ.व. २०७५।७६ देखि लागू गर्ने उद्देश्यले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको छ । जस अनुसार १४२ प्रकारका फाराम विकास भएकोमा ७९ नयाँ फारामहरु र ६३ परिमार्जित फाराम विकास भएको अवश्था छ । उपर्युक्त अनुसारको वित्तीय प्रतिवेदमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोबारको बजेट तुलनात्मक प्रतिवेदनलाई पुष्टि गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै संञ्चित कोषको अवस्था, आन्तरिक राजस्व, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी स्थिति, वितरण गर्न बाँकी राजस्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार प्रदेश सरकार वा सस्थाका कार्यक्रम खर्च, सोझै भुक्तानी र वस्तुगत सहायता, सञ्चित कोषबाट भएका खर्च भुक्तानी, आयोजना र कार्यमा खर्च (सशर्त अनुदान), भुक्तानी दिन बाँकीको विवरण, फिर्ता दिन बाँकी अनुदान, फिर्ता लिन बाँकी अनुदान, पेश्की बैंक तथा नगद बाँकी र अन्य सम्पत्तिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ ।यो वर्ष यस पालिकाले उपर्युक्त ढाँचा पूर्ण अनुशरण गरी वित्तीय प्रतिवेदन तयार गरेको छैन । पालिकाले स्वीकृत ढाँचाको पूर्ण अनुशरण गरी लेखा टिप्पणीहरु सहित लेखा राख्ने र प्रतिवेदन गर्ने व्यवस्था कार्यान्वयन गर्नु पर्दछ ।	
	वित्तीय विवरण विश्लेषण	
२.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिका तथा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार पालिका तथा पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्ढ • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • कोष तथा लेखा नियन्त्रण कार्यालय सिन्धुलीबाट प्रमाणित निकासा अनुसार प्रदेश सशर्त तर्फ रु.९५८०००० मात्र निकासा प्रमाणित भएकोमा सुत्रमा रु.१०७८०००० देखाईएको छ । उक्त रकममा प्रदेशबाट कोरोना रिलिफ फण्ड वापत प्राप्त रु.१२००००० सशर्त तर्फ आम्दानी बाँधिएकोले कोलेनिका बाट प्रमाणित निकासा भन्दा बढी आम्दानी हुन गएको देखिन्छ । • पालिकाको सुत्रमा देखाईएको म.ले.प.२७२ को अनुसूचि २१ मा बाँकी देखाईएको बैंक मौज्दात रु.६६६७७३६५।४१ पालिकाले विभिन्न मितिमा निकासा फिर्ता गरेको छ । सोही बमोजिमको वित्तीय विवरणका आधारमा लेखापरीक्षण सम्पन्न गरीएको छ ।	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	• सुत्रमा देखाईएको म.ले.प.२७२ को अनुसूचि १० मा गत वर्षको मौज्दात बाँकी रु.१७८०३६८९६।१६ देखाईएकोमा आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण प्रतिवेदन अनुसार रु.१७५६७५२६३।१६ मात्र उल्लेख भएकोमा गत वर्ष भन्दा यस वर्ष रु.२३६१६३३ ले फरक देखिन्छ । • सुत्रमा देखाईएको म.ले.प.२७२ को अनुसूचि १५ मा समावेश कोषहरुको हिसाबमा गतवर्षको मौज्दात समेतको रकम यस वर्षको आम्दानीमा देखाईएकोले गत वर्षको मौज्दात शुन्य देखिएको छ । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
३.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, रणनीतिगत- मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामानसहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा बमोजिम ठेक्का सम्झौताको जानकारी दिएको र कर भुक्तानीको इ टीडिएस नगरेको पाइयो। • विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छापसमेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा आंशिक मात्र गरेको पाईयो । • रु. २५ हजार भन्दा बढीको रकम चेकमार्फत भुक्तानी गर्नुपर्नेमा कतिपय कारोबारहरु कर्मचारीले पेश्की लिई भरपाई गराउने गरेको पायईयो ।	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • पालिकालेले सबैजसो निर्माण कार्यको लागि स्वीकृत म.ले.प.फा.नं.५०३ अनुसारको ढाँचामा नापी किताब नराखी कम्प्युटरबाट तयार गरेको लुजसीटमा नापी विवरण उल्लेख गरी खर्च लेख्ने गरेको छ । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता/ गठन गरेका उपभोक्ता समिति संस्था दर्ता ऐन, २०३४ अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएको छ । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरी खर्च लेखेको पाईयो । • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १९ ऐन, ४ नियमावली, ३१ कार्यविधि समेत ५४ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
	बजेट तथा कार्यक्रम	
४.	**चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।	

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसोचौमासिक	आषाढ महिनाको मात्र खर्च
१	स्थानीय पूर्वाधार साझेदारी विकास	३०५३०	०	१०००	३०४३०	२२८८२
२	प्रदेश पूर्वाधार विकास	१९७९९	०	०	१९७९९	१८७९९
३	प्रदेश सर्शत	५९५४	०	२२६	५७२८	५७००
४	न.पा. पूँजीगत	३५४०३०	१२५४१	१०४२४१	२३७२४७	१४८१६८
	कूल खर्चः	४१०३१३	१२५४१	१०५४६७	२९३२०४	१९५५४९
	खर्च प्रतिशत	१००.००	३.५४	२९.४४	६७.०१	४१.८५

उपर्युक्त विवरण अनुसार पालिकाले तेस्रो चौमासिकमा कुल बजेट खर्चको ६७.०१ प्रतिशत खर्च गरेको छ । जसमध्ये असार महिनामा मात्र ४१.८५ प्रतिशत खर्च गरेको छ । आर्थिक वर्षको अन्तमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप समयमै खरिद सम्झौता गरी आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

५. **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	८३५५५०००	३३२३०३६२	३.५०
सामाजिक क्षेत्र	६२०२४२५४०	५२१३२०१८९	५४.८६
पूर्वाधार विकास क्षेत्र	३४१०२२०००	२१७३४५३९७	२२.८७
वित्तीय व्यवस्थापन र सुशासन	९९५७०००	४०१८६०५	०.४२
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	२०६९८०७२३	१७४४१७७९०	१८.३५
जम्मा	**१२६१७५७२६३**	**९५०३३२३४३**	**१००.००**

६. **खर्च विश्लेषण** - पालिकाको वित्तीय प्रतिवेदन अनुसार यसबर्ष अन्य राजस्वबाट रु.३७४५५४२२।३५, राजस्व बाँडफाँड लगायत करहरुबाट रु.२२२३९५८०२।१३- अनुदानबाट रु.७२०१५३८५५ र जनसहभागीताबाट रु.२७९२१८५५ समेत पालिकाको संचितकोषको आम्दानी रु.९८०६५८९४३।९२ भएकोमा पालिका चालुतर्फ रु.५७०३३६४६५ र पूँजिगततर्फ रु.३७९९८५८८०।०९ समेत रु.९५०३३२३४४।८४ खर्च भएको छ । यस सम्बन्धी देखिएका व्यहोराहरु देहायअनुसार रहेका छन् -

- पालिकाको कुल आम्दानीको तुलनामा अन्य राजस्व ३।८२ प्रतिशत, राजस्व बाँडफाड लगायत करहरु २२।६८ प्रतिशत, जनसहभागीता तथा विविध २।९२ प्रतिशत र अनुदानको हिस्सा ७३।४४ प्रतिशत रहेको छ ।
- पालिकाको यस बर्षको कुल बजेट खर्चको तुलनामा चालुतर्फ ६२।१९ प्रतिशत र पुँजीगततर्फ ३७।८१ प्रतिशत रहेको छ ।
- कुल चालुखर्चमध्ये पारिश्रमिक तथा सुविधामा रु. ३४४४९६३४०।९० अर्थात कर आयको तुलनामा १५४।९० प्रतिशत रहेको देखिन्छ ।

यसबाट पालिकाको आन्तरीक आयको तुलनामा अधिक रकम प्रशासनिक प्रयोजनमा खर्च भएको देखिन्छ । तसर्थ पालिकाले आन्तरिक आयको दायरा फराकीलो बनाउने तथा प्रशासनिक खर्च नियन्त्रण गर्नुपर्ने

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	देखिन्छ । त्यसैगरी संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
७.	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २० र यो बर्ष थप भएको १४ गरी कुल ३४ विवाद दर्ता भएकोमा ४ वटा मात्र फछ्र्यौट भई ३० बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई प्रभावकारी वनाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
८.	न्यायिक समितिका सदस्य बन्दाबन्दीको समयमा विभिन्न मितिमा विभिन्न वडामा अनुगमनमा गएको र निर्णयमा कुनै किसिमको अपराधिक घटना नघटेको भनी उल्लेख छ । सो अवस्थामा समेत पालिकाका वडाहरुमा न्यायिक समितिका सदस्य बाहेकका अन्य १० जना कर्मचारी अनुगमनमा गएको देखिन्छ । गो भौ नं. ११६२ मिति २०७७/३/३१ मा पालिकाका न्यायिक समितिका सदस्य बाहेक अन्य १० जना कर्मचारीलाई मिति २०७७/१/२८ देखि २०७७/२/२३ गते सम्म अनुगमन गर्न गएको भनी खर्च लेख्न नमिल्ने देखिएको नियमित हुनुपर्ने रकम रु.....	५७०००
	संगठन तथा कर्मचारी ब्यवस्थापन	
९.	**कल्याण कोष** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पालिका चालुबाट कर्मचारी कल्याण कोषमा रु.१५००००० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । तसर्थ कानूनको व्यवस्था गरी कर्मचारी कल्याण कोष संचालन गर्नुपर्दछ ।	
१०.	**कर्मचारी हितकोष —** मिति २०७६।०९।२२ मा बसेको नगर सभाले पालिकामा करार सेवा अन्तरगत कार्यरत रहेका कर्मचारीहरुका लागि कर्मचारीहरुको तलबबाट ५ प्रतिशत कट्टी गर्ने तथा पालिकाले ५ प्रतिशत रकम थप गरी कोषमा जम्मा गर्न कर्मचारी हितकोषको स्थापना गर्ने निर्णय गरेकोमा पालिकाले यस वर्ष उक्त कोषमा रु.१२७३५२६।६० रकम जम्मा गरेको छ । यस वर्ष पालिकाले उक्त कोषमा रकम जम्मा गरेको भए तापनि करारमा रहेको कर्मचारीहरुबाट कट्टा गरी कोषमा जम्मा गरी अभिलेख व्यवस्थित गरेको पाईएन। कोषको उचित व्यवस्थापन तथा परिचालन गरीनुपर्दछ । अन्यथा उक्त कोषको रकम पालिका संचित कोष फिर्ता हुनुपर्दछ ।	
११.	**पारिश्रमिक करः** आयकर ऐन , २०५८ को दफा ८७ मा रोजगारबाट प्राप्त आय गणना गर्दा समावेश गरिने रकम भूक्तानि दिदा अनुसुची १ बमोजिम कर कट्टा गर्नुपर्ने उल्लेख छ। कार्यालयबाट प्राप्त विवरण अनुसार समायोजन ग्रेड तथा छुट प्राबिधिक ग्रेड समेतको पारिश्रमिक भूक्तानि दिइएकोमा निम्नानुसार पारिश्रमिक कर कट्टा गरेको नदेखिएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.....	२०३०३६

कर्मचारीको नाम	करयोग्य आय	जम्मा कर	कट्टी गरिएको	कट्टी गर्न बाकी
पुरुषोत्तम सुवेदी	५२५०९८	९४१०	४६८०	४८६०
शंकरराज लुईटेल	६६४२९८	३२३६०	५१३६	२७२२४
सत्यदेवी अधिकारी	६३६२८६	२६७५७	४५६०	२२१९७
टेकेन्द्र कुमार कार्की	५०४८००	७४८०	३९००	३५८०
सागर कुमार ढकाल	५५७९४०	१२७९४	४३६८	८४२६

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

भुपेन्द्रध्वज वस्नेत	५९०६७०	१७६३४	४९०८	१२७२६
सुरेश पासवान	५३७५५८	१०७५६	४१७६	६५८०
महानन्द राय यादव	६६६३५०	३२७७०	५२५६	२७५१४
हरिकृष्ण कायस्थ	५९४३५०	१८३७०	४५३६	१३८३४
मोहन प्रसाद सुवेदी	६५१७५०	२९८५०	५१२४	२४७२६
केम बहादुर थापा	५७८७५०	१५२५०	४४०४	१०८४६
विजय कुमार राउत	६३६८०६	२६८६१	४८६०	२२००१
सुलोचना लुईटेल	५४९८५८	१३५२६	४०३२	९४९४
सुशील कुमार वर्मा	५००१२४	७५९२	४३६८	३२२४
रविन्द्र कुमार श्रेक्ष्ठ	५३३४०२	१०३४०	४५३६	५८०४
जम्मा				२०३०३६

१२. **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा १४३ जना कर्मचारीहरु करारमा राखी यो वर्ष रु.४०६२०५४१/ खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा ६१ जना करार नियुक्ति गरी बर्षभरीमा रु. १८८२८७८५/ भुक्तानी गरेको पाईयो । तसर्थ ऐनमा व्यवस्था भए अनुसार पदमा तोकीएको प्रकृया पूरा गरी कर्मचारी राख्ने तर्फ ध्याद दिनुपर्दछ ।

१३. **शीर्षक फरक पारी खर्च लेखेकोः** अर्थमन्त्रालय द्वारा जारी खर्चको सँकेत र वर्गीकरणमा तोकिए अनुसारका खर्च संकेत नं .बाट खर्च लेख्नु पर्नेमा नमुना छनौटका आधारमा गरीएको लेखापरीक्षणमा देहाय बमोजिमका भौचर र मितिमा फरक शीर्षकबाट खर्च लेखेको नियमित नदेखिएको रु..... — ३१२५८६६

गो भौ नं. मिति	खर्च लेख्नु पर्ने शीर्षक	खर्च लेखेको शीर्षक	खर्च लेख्नु पर्ने शीर्षक	रकम
८७५/०७७/३/११	कर्मचारी भत्ता	पदाधिकारी अन्य भत्ता	कर्मचारी भत्ता	१५००००
८२२/०७७/३/५	खरिद ईकाईको बैठक भत्ता	पदाधिकारी अन्य भत्ता	अन्य भत्ता	९७५००
९२३/०७७/३/१७	कर्मचारीको भत्ता	पदाधिकारी अन्य भत्ता	कर्मचारीको भत्ता	१७१५००
१०६६/०७७/३/२५	अन्य समिति भत्ता	पदाधिकारी अन्य भत्ता	अन्य समिति भत्ता	१७६५००
११५१/०७७/३/३०	खरिद इकाईको बैठक भत्ता	पदाधिकारी बैठक भत्ता	अन्य भत्ता	१०५००
३०७/०७६/९/३	मंसिरको कर्मचारी पारिश्रमिक	पारिश्रमिक पदाधिकारी	पारिश्रमिक कर्मचारी	२५१९८६६
जम्मा				३१२५८६६

१४. **वढी भुक्तानीः** पालिकाले अनुदान रकम भुक्तानी दिदा लाभग्राहीले व्यहोर्ने रकम कट्टा गरी भुक्तानी गर्नस पर्दछ। पालिकाले स्थायी तरकारी नर्सरी निर्माणका लागि ८० प्रतिसत अनुदानमा देहायका २ संस्थालाई रकम भुक्तानी गरेकोमा देहायअनुसार घटी कट्टा गरी भुक्तानी दिएको देखिएकोले बढी भूक्तानि भएको रकम असुल हुनुपर्ने रु..... — २००००

कृषक समूह	सम्झौता रकम	८० प्रतिशतले हुने	भुक्तानी रकम	वढी भुक्तानी
धनलक्ष्मी ताजा तरकारी फर्म	३०००००	२४००००	२५००००	१००००
रानीचुरी प्राङ्गारिक व्यवस्थापन कृषक समूह	३०००००	२४००००	२५००००	१००००
जम्मा	६०००००	४८००००	५०००००	२००००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
१५.	**आर्थिक सहायता** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विभिन्न रोगको उपचारको लागि निवेदन प्राप्त भएको यो वर्ष ४८ व्यक्तिलाई रु. ४९८८७५/ आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
१६.	**अनुदानको अनुगमन** — सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा यो वर्ष रु. ५४४००००/ खर्च लेखेकोमा बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको पनि देखिएन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	
	पदाधिकारी सुविधा	
१७.	**पदाधिकारी सुविधा** — स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफू निर्वाचित भई अनुसूची-२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार बागमती प्रदेश सरकारले पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १ मा प्रथम संशोधन गरी २०७७ बैशाख ३ मा संशोधित सुविधा राजपत्रमा प्रकाशन गरेको छ। उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐन अनुसार सोही ऐनको अनूसूचि १ मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिएकोमा पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा २०७६।०४।१ देखि २०७६।६।३० सम्म रु. २२७५५००/ खर्च लेखेको देखिन्छ । २०७६।०७।०१ देखि संशोधित कानुनअनुसार सुविधा दिएको कार्यालयको भनाई रहेको छ ।	
१८.	**स्वकीय सचिव र सल्लाहकार** — बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । पालिकाले नगर प्रमुखको स्वकीय सचिवका रुपमा सहायक स्तर तलब भत्ता भुक्तानी हुने गरी श्री दिनेश बराललाई नियुक्त गरी मासिक रु. २८२००/ का दरले पारीश्रमिक र भत्ता लगायत सुविधामा रु/ ४२०९३० भुक्तानी गरेको नियम अनुकुल देखिएन रु///	४२०९३०
	कर दस्तुर एवं आन्तरिक आय	
१९.	**स्थानीय तथ्यांक, अभिलेख तथा स्रोत नक्सांकनः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा प्रोफाइल तयार नगरेको विषय गत वर्षको प्रतिवेदनमा औंल्याएकोमा सुधार भएको पाईएन। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यलाई महत्वकासाथ अगाडि बढाउन आवश्यक छ । तथ्यांक बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ ध्यान जान जरुरी छ ।	
२०.	**राजस्व अनुमान तथा असुलीः** नगरपालिकाले यो वर्ष आन्तरिक श्रोतबाट (विभाज्य कोष तर्फको बाहेक* रू. ६६२१८०००।—राजस्व संकलन हुने अनुमान गरेकोमा रू. ५०४९४४०९।ढ़ संकलन गरेकोले रु. १५७२३५९१।ढ़ (अनुमानको तुलनामा २३/७४ प्रतिशत) घटी राजस्व संकलन भएको छ। मनोरञ्जन कर तर्फ असुली शुन्य देखिएको छ। साना सवारी साधनको लागि कर अनुमान गरिएको भए तापनि १ प्रतिशत मात्र असुली भएको देखिएको छ। सिफारिश दस्तुर असुलीसमेत लक्ष्य अनुसार नभएकोले अनुगमन गरी सिफारीश भए अनुसारको राजस्व दाखिला हुने वातावरण तयार गर्नु पर्दछ। करको दायरा वढाउने र असुली प्रकृया प्रभावकारी वनाई राजस्व संकलन वढाउनु पर्दछ।	

शीर्षक	अनुमान	असुली	प्रतिशत
सम्पती कर	८००००००	७००१४११	८७.५२
भुमिकर/मालपोत	१०००००	४६४८१	४६.४८
घरवहाल कर	५५०००००	१०१५९०३७	१८४.७१
वहाल विटौरी कर	८००००००	४१४६२०६	५१.८३
साना सवारी साधन कर	१०००००	१०००	१.००
मनोरञ्जन कर	१०००००	०	०.००
अन्य सेवा शुल्क तथा विक्री	३५०००००	३२३०९२०	९२.३१
अन्य प्रशासनिक सेवा शुल्क	२१८०००	४५७३४९	२०९.७९
पार्किङ शुल्क	२४५६०००	१५९९००	६.५१
नक्शा पास दस्तुर	४५०००००	३९९४०६०	८८.७६
सिफारीश दस्तुर	७१०००००	४५३६२७०	६३.८९
व्यक्तिगत घटना दस्तुर	४४४०००	१२४७६९	२८.१०
नाता प्रमाणित दस्तुर	६०००००	२१४६८३	३५.७८
अन्य दस्तुर	३९०००००	६५१३६८९	१६७.०२
न्यायिक दण्ड, जरिवाना र जफत	१०००००	४९२२१	४९.२२
प्रशासनिक दण्ड, जरिवाना र जफत	२०००००	२६२७३२	१३१.३७
धरौटी सदर स्याहा	१०००००	०	०.००
अन्य राजस्व	१६८०००००	७५०४०६२	४४.६७
व्यवसाय कर	१५०००००	१४३८७५५	९५.९२
वेरुजू	३०००००	६५३८६४	२१.८०
जम्मा	**६६२१८०००**	**५०४९४४०९**	**७६.२५**

२१.	**नदीजन्य पदार्थ उत्खनन् र विक्रीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) वमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यबस्था छ । नगरपालिकाले यस बमोजिम आ.व. २०७५।७६ र २०७६।७७ को लागि उत्खनन पूर्व प्रारम्भिक वातावरणिय मूल्याँकन तथा परिक्षण, आई ई ई गरी प्रतिवेदन लिएका देहायका नदी तथा खोलाहरुमा वर्षमा ९ महिना (असार, साउन र भदौमा उत्खनन नगरिने शर्तमा) विक्री गर्नसक्ने परिमाण यस प्रकार रहेको देखिन्छः	

सि/नं/	खोला-नदी	दैनिक उत्खनन गर्न सकिने परिमाण
१.	कमला नदि	१५७
२.	भिमान खोला	११.११

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

३.	चदाहा खोला	७१.११
४.	मरिन नदि	१५४.१३
५.	जिर्गा खोला	१३.३४
६.	वुका खोला	५.१५
७.	लब्दाहा खोला	३.५०
८.	गडौली खोला	२.६६
९.	धमिले खोला	१४.५१
१०.	धनमाना खोला	१२.०८
११.	ग्वाँग खोला	५.१८
		४४९.७७

वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परीक्षण गरिएका ११ नदी तथा खोलाहरुबाट पालिकाले वार्षिक सरदर ४२ लाख ८४ हजार ९३६ घनफिट नदीजन्य पदार्थ उठाउन सकिने भए तापनि पालिकाले सो अनुसार विक्री गर्न सकेको छैन। प्रतिस्पर्धात्मक विधि अपनाई वातावरणीय प्रभाव मूल्याँकन अनुसारको परिमाणमा विक्री हुन सक्ने वातावरणद्धारा थप राजस्व आर्जन पालिकाले प्रयास गर्नु पर्दछ।

२२. **आन्तरिक आय ठेक्काः** नगरपालिकाले यो वर्ष आन्तरिक आयतर्फ ठेक्का गरी निम्नानुसार आम्दानी गरेको छ।

नदीजन्य पदार्थ तर्फ				
व्यवसायीको नाम	ठेक्कारकम (एकमुष्ठ दाखिलाको छुट समेत)	असुली	सभाद्वारा छुट	कैफियत
कालिका स्वच्छन्द रान्केन जे.भी	३४४३८९६	३०९९५०६	३४४३९०	०७७/४/१९ मा १५५०३८०, ०७७/९/२० मा १०८५३५४.४३ द्राखिला
जेड आई ई सी लामा शर्मा जे.भी	३६५१४८०	३२८६३३२	३६५१४८	०७७/४/२६ मा रु.६२०७५२ द्राखिला
गौरीमाई कन्सट्रक्सन प्रा.लि	४५००००	४०५०००	४५०००	०७७/४/७ मा रु.१०५००० द्राखिला
कुण्डलिनी कन्सट्रक्सन एण्ड सप्लायर्स	२९५०००	२८०२५०	१४७५०	
कुण्डलिनी कन्सट्रक्सन एण्ड सप्लायर्स	५९५१४०३	५०७०४०३	८८१०००	०७७/४/२१मा रु. १२०१९९० द्राखिला
जम्मा	**१३७९१७७९**	**१२१४१९१**	**१६५०२८८**	
अन्य आय तर्फ				
गोविन्द वहादुर ठकुरी (शनिवारे हाट कर)	८१२७२५	८१२७२५	०	
विनेश पौडेल (शनिवारे हाट कर)	५२२५००	५२२५००	०	
भक्त वहादुर मुक्तान (माछा ठेक्का)	३००००	३००००	०	
जय सप्लायर्स(सवारी पार्किङ)	२४५६०००	२२१०४००	२४५६००	०७७/४/९ मा ३००००० , ०७७/४/३० मा रु.१९१०४०० द्राखिला
गौरीमाई कन्सट्रक्सन (निकासी कर)	३६०००००	२८८००००	७२००००	
जम्मा	**७४२१२२५**	**६४५५६२५**	**९६५६००**	

ठेक्का आम्दानी सम्वन्धमा निम्न व्यहोरा देखियोः

२२.१. **कर छुटः** नगरसभाको सातौं बैठक २०७७।३।२२ ले राजस्व उठाउन ठेक्का दिएका फर्महरुलाई सम्झौता रकममा एकमुष्ठ१० देखि २० प्रतिशतसम्म छुट दिने निर्णय गरी उपर्युक्त अनुसार रु/२६१५८८८ छुट दिएको देखियो। नदी जन्य पदार्थ वातावरणीय परीक्षण प्रतिवेदनको अधिनमा रही दैनिक परिमाण अनुसारमात्र सँकलन गरिने र पहिलो तथा दोश्रो किस्ता चैत्र अगावै तिरी सक्नुपर्ने प्रावधान रहेकोमा कोभिड १९ को समस्या शुरु हुनु अगावै कारोवार भैसकेको रकममासमेत छुट दिनेगरी सभाले गरेको निर्णयको उपयुक्त मान्न सकिने आधार पेश हुन सकेन।

२२.२. **घटी मूल्यअभिवृद्धि कर दाखिलाः** मुल्यअभिवृद्धि कर ऐन- २०५२ को दफा ५(३)मा ढुङ्गा, गिट्टी, वालुवा-चिप्स आदी उत्खनन्-संकलन तथा विक्री शुल्क असुलीमा मुल्यअभिवृद्धि कर लाग्ने व्यवस्था छ। पालिकाले

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	मरिण नदी आसपासको ढुङ्गा- गिट्टी- वालुवा- चिप्स आदी उत्खनन्- संकलन तथा विक्रीको लागि प्रकाशित सुचनाअनुसार दाखिला हुन आएका बोलपत्रमध्ये सवैभन्दा वढी रू/ ८८१००००)मु/अ/कर वाहेक* कवोल गर्ने कुण्डलिनी कन्सट्रक्सन एण्ड सप्लायर्स दुई किस्तामा रकम वुझाउने र मुल्यअभिवृद्धि कर ठेकेदारले दाखिला गरी भौचर पेश गर्ने गरी सम्झौता गरेको छ।सोही क्षेत्रमा कालिका स्वच्छन्द रान्केन जे/भी/ ले ९०० घनमीटर ढुङ्गा- गिट्टी- वालुवा- चिप्स आदी उत्खनन् गर्ने गरी सम्झौता गरेको कारण सो परिमाणको रकम कट्टा गरी मु अ कर बाहेक रु/५९-५१-४०३/ढ ठेक अंक कायम गरेको छ।ठेकेदारले पालिकाको सभावाट १० प्रतिशत)८-८१-०००* छुट गरेको रकम कटाई यो वर्ष रु/ ३८-६८/४१३ र २०७७।४।२१ मा १२-०१-९९०।ढ समेत रु/ ५०-७०-४०३।ढ वुझाएको देखियो। उक्त रकममा १३ प्रतिशतले हुने मुल्यअभिबृद्धि कर रू/ ६५९१५२।३९ दाखिला गर्नु पर्नेमा रु/२४६९०० मात्र विक्री भएको उल्लेख गरी रु/ ३२-०९७ मात्र दाखिला गरेकोले घटी दाखिला गरेको मु/अ/कर असुल गरी सम्वन्धित राजस्व खातामा दाखिला गर्नुपर्ने रू////////	६२७०५५
२२.३.	**वढी रकम छुटः** मरीण आसपास ढुङ्गा, गिट्टी- वालुवा सङकलन गर्ने ठेक्का प्राप्त गर्ने कुण्डलिनी कन्सट्रक्सन एण्ड सप्लायर्सले ८८-१०-०००)मु/अ/कर वाहेक* कवोल गरेकोमा सोही क्षेत्रमा कालिका स्वच्छन्द रान्केन जे/भी/ ले ९०० घनमीटर ढुङ्गा- गिट्टी- वालुवा- चिप्स आदी उत्खनन् गर्ने गरी सम्झौता गरेको कारण सो परिमाणको रकम कट्टा गरी मु अ कर बाहेक रु/५९-५१-४०३/ढ ठेक अंक कायम गरेको छ।पालिकाको सभावाट १० प्रतिशत छुट दिने निर्णय गरेअनुसार उक्त ठेकेदारको कायम भएको ठेक अंक रु/५९-५१-४०३ को रु/५-९५-१४० मात्र छुट दिनु पर्नेमा रु/८-८१-०००।ढ छुट दिएकोले वढी छुट दिएको रु/२-८५-८६०।ढ असुल गर्नु पर्दछ रु/	२८५८६०
२२.४.	**मुल्यअभिवृद्धि कर दाखिला नगरेकोः** मूल्यअभिवृद्धि कर ऐन, २०५२ को दफा ५(३)मा ढुङ्गा, गिट्टी, वालुवा, चिप्स आदी उत्खनन्, संकलन तथा विक्री शुल्क असुलीमा मुल्यअभिवृद्धि कर लाग्ने व्यवस्था छ। धरान चतरा सिन्धुली हेटौडा सडक आयोजनाका निर्माण व्यवसायी जेड आई ई सी शर्मा लामा जे भी ले पालिकालाई सभाको निर्णय अनुसार १० प्रतिशत रकम कट्टा गरी रु. **३२,८६,३३२/—** वुझाएको देखियो। सो रकममा लाग्ने मुल्य अभिवृद्धि कर दाखिला गरेको प्रमाण पेश नभएको असुल गरी दाखिला गर्नुपर्ने रु.....	४२७२२३
२२.५.	**पार्किङ शुल्क ठेक्काः** वसपार्क क्षेत्रमा पार्किङ गरिने सवारी साधनको शुल्क उठाउन वढी कवोल गर्ने जय सप्लायर्सको रु/ २४५६००० कवुल अंक भएको वोलपत्र प्रतिस्पर्धावाट छनौट गरी सम्झौता भएको छ। सम्झौता अनुसार दरभाउपत्रको रकमलाई तीन किस्तामा विभाजन गरी पहिलो किस्ता सम्झौता गर्दा र अन्य किस्ता प्रत्येक चौमासिकको शुरुमा वुझाउनु पर्ने उल्लेख छ।सो अनुसार पहिलो किस्ता सम्झौता मिति २०७६।४।३ मा र दोश्रो र तेस्रो किस्ता क्रमशः मार्ग १ र चैत्र १ मा दाखिला गर्नुपर्ने थियो।ठेकेदारले सम्झौता गर्दा वुझाउनु पर्ने प्रथम किस्ताको रकमसमेत दाखिला नगरेको अवश्थामा सम्झौता गरेकोले कार्यालयलेनै सम्झौताको पालना गरेको देखिएन।पार्किङ शुल्कवापत को कुनै किस्ता रकम पनि आ/व/ २०७५।७६ मा दाखिला नगरेकोले सम्झौताको शर्त नं/ ३ बमोजिम १० प्रतिशत जरिवाना सहित दाखिला गर्न कार्यालयले ताकेता गरेकोसम्म देखियो।आ/व/ २०७७।४।९ मा रु/३००००० लाख दाखिला गरेको र नगरसभाबाट कोभिड १९ को कारण देखाई १० प्रतिशत छुट दिने निर्णय अनुसार जरिवाना वाहेकको बाँकी रु/१९-१०-४००/**ढ** मात्र निजको कार्यसम्पादन जमानतबाट असुल गरेको देखियो। समयमा दायित्व चुक्ता नगर्ने ठेकेदारलाई सम्झौता अनुसार १० प्रतिशतले हुने रु/ २४५६०० असुल गरेको नदेखिएकोले असुल गर्नुपर्ने रु/////	२४५६००
२३.	**अमानत बाट विक्रीः** मूल्यअभिवृद्धि कर ऐन, २०५२ को दफा ५(३)मा ढुङ्गा, गिट्टी, वालुवा, चिप्स आदी उत्खनन्, संकलन तथा विक्री शुल्क असुलीमा मुल्यअभिवृद्धि कर लाग्ने व्यवस्था छ।नगरपालिकाले वडा नं/	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	७ र ८ मा नदीजन्य पदार्थ अमानत बाट विक्री गरी ४२ ठेली नगदी रसिदबाट रु/१९-९५-२८०/**ढ** आम्दानी गरेको देखियो। अमानतमा विक्री गर्नु भन्दा पहिले संकलन गरी घाटगद्दी प्रमाणित गरेको छैन। यस्तो वस्तु विक्री गर्न नगरपालिकाले मुल्य अभिवृद्धिकरसमेत खुल्ने गरी छुट्टै रसिद छपाई नगरी आम्दानी रसिदनै प्रयोग गरेको छ। नगदी रसिदमा सामानको ढुवानी गर्ने साधन परिमाण दर नखुलाई एकमुष्ठ आम्दानी गर्ने गरेको छ। यसबाट विक्री भएको आम्दानी यकिन गर्न सकिने अवस्था रहेन। विक्री गरेको ढुङ्गा- ग्राभेल तथा बालुवाको शुल्कमा साधन अनुसार रकम लिएकोमा मुल्य अभिवृद्धिकर थप गरेको देखिएन। यसबाट संघीय राजस्वमा जम्माहुनु पर्ने १३ प्रतिशतले हुने राजस्व रु/२५९३८६/४० गुमेको देखियो। मूल्यअभिवृद्धि कर लाग्ने सामानमा ऐन अनुसारको रकम लिने व्यवस्था अनिवार्य रुपमा पालना गर्नु पर्दछ।	
२४.	**नदीजन्य सामग्रीको सडक आयोजनामा प्रयोग शुल्कः** धरान**ढ**चतरा**ढ** सिन्धुली **ढ**हेटौंडा सडक आयोजना)मदन भण्डारी लोकमार्ग* को कमलामाई नगरपालिका क्षेत्र भित्र पुल तथा सडक निर्माण गरिरहेका रसुवा कन्ट्रक्सन प्रा/लि/ ले आयोजनामा प्रयोग गरेको ढुङ्गा, गिट्टी, वालुवा, चिप्स, ग्राभेल आदिको प्रदेश कानूनले निर्धारण गरेबमोजिको दरमा प्रयोग गरेको परिमाण खुलाई लाग्ने कर पालिकामा वुझाएको देखिएन। निर्माण व्यवसायी र आयोजना कार्यालयमा सम्पर्क गरी विल अफ क्वान्टिटीजको आधारमा उक्त क्षेत्रमा प्रयोग भएको नदीजन्य पदार्थको परिमाण यकिन गरी नगरपालिकाले कर असुल गर्नु पर्दछ।	
२५.	**उठ्न बाँकी बहालः** आर्थिक वर्ष ०७६।०७७ मा नगरपालिका कार्यालयबाट विभिन्न व्यक्तिहरुसंग भएको सटर तथा स्टल भाडा सम्बन्धी सम्झौता गरेकोमा देहायअनुसारका सटर तथा स्टल भाडा असुल नभै वक्यौता रहेको देखियो। उल्लेख भएबमोजिम देहाय अनुसारको रकम उठ्न वाँकी देखिएको हुँदा सम्बन्धित व्यक्तिहरुसँग जरिवाना सहित असुल हुनुपर्ने रु.	५५०२११

पसल कवल तर्फ				
भाडा लिनेको नाम	स्टल/कवल न	गत वर्षको बाँकी	यो वर्षको बाँकी	जम्मा
भरत ठाकुर	०८		१३१२८५	१३१२८५
स्टल भाडा तर्फ				
अम्विकादेवी ढकाल	०४	१४३३३५	२९०४०	१७२३७९
माधवप्रसाद कोईराला	०५	०	२९०४०	२९०४०
राजकुमार श्रेष्ठ	०८	२७९४०	२९०४०	५६९८०
कृष्ण कुमार वस्नेत	१३/१४	०	९६८०	९६८०
गोपालदास श्रेष्ठ		०	२९०४०	२९०४०
सिन्धुली ब. क्याम्पस	०१५	५१४००	२९०४०	८०४४०
नेपाल स्काउट	१७	२७९४०	२९०४०	५६९८०
कर्मचारी मिलन केन्द्र	२०	४३३४०	२९०४०	७२३८०
जि.स.स.सिन्धुली		१५७६७०	५८०८०	२१५७५०
गौमती मा.वि.	२४	२०५७०	१४५२०	३५०९०
कालीमाई पूजा समिति		०	१४५२०	१४५२०
सिद्धेश्वर सहकारी सस्था	१९	०	२९०४०	२९०४०
जम्मा		४७२१९५	३२९१२०	८०१३१९
कुल जम्मा		**४७२१९५**	**५५०२११**	**१०२२४०६**

२६.	**नगदी आम्दानीः** नगरपालिकाले यो बर्ष नगदी रसिद तथा मालपोत रसिद ठेली बाट सम्पत्तिकर- सिफारिश दस्तुर लगायत विभिन्न शिर्षकमा आम्दानी गरेको छ । उक्त आम्दानी कारोबार गर्दा देहाय अनुसार गरेको पाइयोः	
२६.१.	**रसिद ठेलीको प्रयोगः** नगरपालिकाले छपाईबाट प्राप्त भएको आम्दानी गर्दा प्रयोग गरिने नगदी रसिद ठेली के कति वितरण भयो र वितरण भएका रसिदबाट प्राप्त आम्दानी समयमै दाखिला गरेको प्रमाणसमेत सम्लग्न गरी	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	नगदी रसीद कार्यालयले फिर्ता लिनु पर्दछ।पालिका अन्तरगत वडाहरुले यो वर्षको कर संकलन गर्न विगत वर्ष जारी गरेका रसिदसमेत प्रयोग गरेको देखियो।चालु वर्षको लागि वितरण गरेको रसिद बाहेक अन्य रसिदबाट समेत आम्दानी गर्दा रदको दुरुपयोग हुन सक्ने र संकलित आय संञ्चित कोष दाखिला नहुने जोखिम रहन्छ।तसर्थ रसिद नियन्त्रण खाता व्यवस्थित गरी चालु वर्ष जारी भएका रसिद मात्र प्रयोग गर्ने र वर्षान्तमा बाँकी रहेका रसिदहरु फिर्ता गरी पुन नयाँ रसिद जारी गर्ने व्यवस्था मिलाई सम्पुर्ण आम्दानी दाखिला भएको सुनिश्चत गर्ने तर्फ नगरपालिकाको ध्यान जानु पर्दछ ।	
२६.२.	**नगदी रसिद प्राप्त नभएकोः** नगरपालिकाले वर्षान्तमा सबै रसिद प्राप्त गरी सम्पूर्ण आम्दानी दाखिला भएको सुनिश्चित गर्नु पर्दछ। यो वर्ष सरसफाई तर्फ बार्ड नं/ ३ मा १११ ठेली रसीद निकासा दिएकोमा ९४ ठेलीमात्र फिर्ता भएकोले १७ ठेली फिर्ता भएको देखिएन।वितरण गरीएका रसिदवाट रु/४-०३-७३७।**ढ़** आम्दानी नगरपालिकामा जम्मा गरेको नगरपालिकाको राजस्व शाखामा रहेको अभिलेख बाट देखियो। सबै रसिदहरु फिर्ता हुन नआएकोले उक्त वडाबाट भएको आम्दानी यकिन हुन सकेन।पालिकाले उक्त वडाको रसिद र आम्दानी सम्वन्धमा छानविन गरी टुङ्गो लगाउनु पर्दछ रू.....	४०३७३७

रसिद क्रम सँख्या	ठेली नं	वुझिलिनेको नाम
१०	२१२०१**ढ़**२१३००	लेखनाथ चापागाई
२२०	२१९०१**ढ़**२२००	लेखनाथ चापागाई
४	१५१**ढ़**२००	लेखनाथ चापागाई
५	२०१**ढ़**२५०	लेखनाथ चापागाई
२७**ढ़**३०	१३०१**ढ़**१५००	लेखनाथ चापागाई
५५**ढ़** ६०	२७०१**ढ़**३०००	लेखनाथ चापागाई
६१**ढ़**६२	३००१**ढ़**३१००	शान्ता थापा
जम्मा		

२७.	**हेभी ईक्वीपमेन्टको आय स्थितिः** पालिकाले आफ्नो नाममा रहेको मेशीनहरुको उपयोग तथा दीगो व्यवस्थापन को लागि कार्यविधि तयार गरी व्यवस्थित तरिकाले सञ्चालन गर्नु पर्दछ। पालिकाले खरिद गरेको एक व्याकहो लोडर र एक कंक्रीट कटर मेशीन सञ्चालनमा रहेको छ।उक्त साधन नगरपालिकाको कार्यको अतिरिक्त अन्यत्र भाडामासमेत प्रयोग हुन सक्ने भए तापनि पालिकाले सञ्चालनसम्वन्धि व्यवस्थित अभिलेख राखी आम्दानी असुल गरेको छैन। मेशिन सञ्चालन भएको समय, ईन्धन खर्च खुल्ने लगसिट तथा आम्दानीको व्यवस्थित अभिलेख राख्ने नगरेबाट यी साधनहरुको सञ्चालन आय तथा व्यय अवस्था यकिन गर्न सक्ने अवश्था रहेन।व्यवस्थित तरिकाले मेशिन सञ्चालन गरी सो बाट प्राप्त हुने आय पालिकाको खातामा जम्मा भएको सुनिश्चित हुने प्रणाली विकास गर्नु पर्दछ।	
	योजना संचालन तथा पुँजीगत खर्च	
२८.	**योजना छनौट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन् । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
२९.	**योजना कार्यान्वयन तथा संचालन** – स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना योजना वनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष पालिकाले पुँजीगततर्फ रु.२० हजार देखि रु.२ करोड १२ लाख सम्मका ७७२ वटा योजनाहरुको कार्यान्वयन गरी रु.३५ करोड ३२ लाख २२ हजार खर्च गरेको छ । जुमध्ये रु.५ लाख भन्दा मुनिका मात्र ६५९ वटा योजनाहरु रहेका छन् भने रु.५० लाख भन्दा माथीका २१ वटा मात्र योजना रहेका छन् । यसरी स–साना तथा छरिएर रहेका योजनाहरुले दीगो तथा टिकाउ विकासको लक्ष्य हासिल गर्न समेत सक्ने अवस्था समेत देखिदैन् । प्रतिफलमूलक नतिजा दिन सक्ने प्रकृतिका योजना तथा कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।	
३०.	**लागत अनुमान स्वीकृत** – सार्वजिनक खरिद नियमावली २०६४ को नियम १४ मा रु.१ करोट सम्मको लागत अनुमान राजपत्रृकित तृतीय श्रेणीको कर्मचारीबाट गराउन सकिने उल्लेख छ । जसअनुसार राजपत्र अनेकित कर्मचारीहरुबाट लागत अनुमान स्वीकृत गरि खर्च लेख्न मिल्ने अवस्था देखिदैन । तर पालिकाले रु.२५०००० सम्म लागत अनुमान भएको योजनाहरु राजपत्र अनंकित कर्मचारी (वडा सचिव) बाट हुने गरि सभाबाट निर्णय गरी सोहि अनुसार कार्य गरेको देखिन्छ । पालिकाले यस वर्ष हरेक वडा लाई रु.१ करोड बजेट व्यवस्था गरेकोमा वडाले सबै योजनाहरु रु.२५०००० भन्दा कमको हुने गरी ५५६ छनौट गरी सोही अनुसार योजना कार्यान्वयन गरेको पाईयो । एकतर्फ पालिकाले ऐन तथा नियमावलीको व्यवस्था पालना गरेको देखिएन भने अर्कोतर्फ जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृतिका कार्यमा बढी खर्च हुने र निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने देखिन्छ ।	
३१.	**पालिका फुटकर योजना** – आर्थिक वर्ष २०७६।७७ को बजेट निर्माण गर्ने क्रममा पालिकाको नगरप्रमुखले स्थानीय माग अनुसार रु.३ लाख सम्मको लागत अनुमान भएको योजनाहरुमा बजेट व्वस्था गर्न सक्ने गरी रु.१ करोड ३४ लाख दश हजार विनियोजन गरेको छ । उक्त रकम स्थानीय जनताबाट माग भई आएमा नगर प्रमुखको तोक आदेश १४३ वटा योजना संचालन गरी भुक्तानी भएको पाईयो। जसबाट एकतर्फ पालिकामा योजनामो संख्या मात्र वृद्धि भएको छ भने अर्को तर्फ करीब रु.३५ लाख आर्थिक सहायता, संघसंस्था अनुदान, विविध खर्चमा खर्च भएको छ । यसरी बजेट अवण्डा राखि पालिका प्रमुख तथा कार्यपालिकाबाट निर्णय गरी खर्च गर्ने कार्य नियन्त्रण हुनुपर्दछ ।	
३२.	**वडाको विपद तथा विविध खर्च** – आर्थिक वर्ष २०७६।७७ को बजेट निर्माण गर्ने क्रममा प्रत्यक वडाका लागि रु.१ करोड बजेट व्यवस्था गरिएकोमा १४ वटै वडा विपद व्यवस्थापन तथा विविध शिर्षकमा रु.५ लाख दरले रु.७० लाख बजेट व्यवस्था गरेको पाईयो । उक्त बजेट वडा अध्यक्षको सिफारिसमा रु.१ लाख भन्दा घटीको लागत अनुमान बनाई अमानतबाट कार्य गर्न कर्मचारीले भुक्तानी लिने तथा आर्थिक सहायता, तीजकार्यक्रम, क्लबका लागि टिसर्ट तथा फुटबल खरिद, डम्बेल र विबाह मणडप खरिद लागतका कार्यमा खर्च गरेको पाईयो । तसर्थ यसरी बजेट बाँडफाँड गर्दा अवण्डा राख्ने तथा पुजिगत शिर्षकमा समावेश गरि अनुत्पादन क्षेत्रमा खर्च गर्ने प्रवृतिमा सुधार हुनुपर्दछ ।	
३३.	**पालिकाको खरिद गुरुयोजना** – सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्नेमा पालिकाले यो वर्ष पुजीगत शिर्षकबाट रु.३५ करोड ३२ लाख २२ हजारको पूँजीगत खर्च।खरिद कार्य गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम खरिद गुरुयोजना बनाई खरिद कार्य गर्नुपर्नेमा सो गरेको देखिएन। अतः यस पालिकाले नियमावलीको व्यवस्था बमोजिम खरिद गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
३४.	**ज्याला तथा निर्माण सामग्रीको दररेट** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ मा प्रत्येक जिल्लामा पुरै जिल्लाभरि वा जिल्लाको कुनै भागमा छुट्टै लागू हुने गरी निर्माण सामग्री र ढुवानीको दररेट, मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्न तोकीए बमोजिम दररेट निर्धारण गर्ने सक्ने व्यवस्था छ । पालिकाले सिन्धुली जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेट प्रयोग नगरी आफ्नो पालिका क्षेत्रभित्र लागू हुने गरी छुट्टै दररेट निर्धारण गरेको पाइयो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला तथा महशूलको स्थानीय दररेट तोक्न सक्ने व्यवस्था रहेको भए तापनि अधिकांश निर्माण सामग्रीको दररेट जिल्ला दररेट निर्धारण समितिले तय गरेकोभन्दा बढी रहेको पाइयो । पालिकाले एक्साभेटरको दर रु.४१८०, दक्ष ज्यामीको दर रु.११०० र अदक्ष ज्यामीको दर रु.८०० तय गरेको छ जुन जिल्ला दररेट भन्दा क्रमश रु.१६८०, ११० र ८५ ले बढि रहेको छ । *पालिकाले आर्थिक वर्ष २०७७।७८ मा भने एकस्भेटरको दर रु.२५०० कायम गरेको छ ।* तसर्थ स्थानीय दररेट निर्धारण गर्दा बजारमा प्रचलित दररेट, गत विगतको दररेट लगायतका पक्षलाई आधार लिने असल अभ्यास रहेको पाइन्छ । कार्यपालिकाले यस्तो दररेट निर्धारण गर्दा यस्ता पक्षलाई ध्यान दिन सकेको पाइएन । अतः निर्माण सामग्री तथा ज्यालाको दररेट निर्धारण गर्दा यस तर्फ ध्यान दिनुपर्ने देखिएको छ ।	
३५.	**सडक नाली तथा बायो-इञ्जिनियरिङ्ग** – सार्वजनिक निकायले निर्माण कार्य गर्दा गराउँदा सो को गुणस्तर तथा दिगोपना तथा वातावरणीय पक्षमा उचित ध्यान दिनुपर्दछ । सडक निर्माण (नयाँ ट्र्याक, सडक विस्तार तथा मर्मत/सम्भार) सँगसँगै पानीको निकासको लागि उपयुक्त साइजको नाला तथा भू—क्षय रोक्नका लागि बायो-इञ्जिनियरिङ्ग कार्यसमेत गर्दै जानुपर्नेमा कार्यालयले त्यसतर्फ पर्याप्त ध्यान दिएको पाइएन । केही सडक योजनामा नालाको काम राखेको भए तापनि सडक खनिएको पुरा लम्बाइमा नगरिएको अवस्था छ भने बायो—इञ्जिनियरिङ्गको कार्य कुनै पनि योजनामा नभएको अवस्था छ । जसले गर्दा निर्माण गरिएको सडक वर्षातमा सञ्चालनमा आउन नसक्ने, वर्षातपछि उही सडक खण्डमा पुनः बजेट खर्च गर्नुपर्ने, भू—क्षय तथा भू—स्खलनले वातावरणीय पक्षमा प्रतिकूल असर पर्ने अवस्था रहेको छ । अतः उल्लिखत पक्षहरुमा कार्यालयको ध्यान जानुपर्दछ ।	
३६.	**प्रोग्राम अपडेट** – पालिका र निर्माण व्यवसायिबीच भएको सम्झौताको जीसीसीको ३४)३* मा निर्माण व्यवसायिले आफुले गरेको कामको तथा कार्यको प्रोग्राम अपडेट गरि हरेक ३० दिनमा पालिमा पेश गर्नुपर्ने उल्लेख छ । साथै निर्माण व्यवसायिले ३० दिन भित्र प्रोग्राम अपडेड नदिएको अवस्थामा सम्झौता रकमको ०।०५ प्रतिशत रकम रोक्का गरीने समेत उल्लेख छ । तर निर्माण व्यवासायिले अपडेटेट प्रोग्राम पालिकामा पेश नगरेकोमा पालिकाले देहायअनुसारको रकम रोक्का राख्नुपर्नेमा सो गरेको पाईएन् । तसर्थ प्रोग्राम अपडेट पेश नभएको रकम निर्माण व्यवसायिबाट असूल हुनुपर्ने देखिएको रु.	३६३७५

ठे.नं.	योजनाको नाम	निर्माण व्यवसायि	सम्झौता रकम	प्रोग्राम अपडेड पेश नभए रोक्का राख्नुपर्ने रकम
४/२०७६/७७	कमलामाई ५ मा स्वास्थ्य भवन निर्माण	दाहाल निर्माण सेवा	२२१७२८९.३९	११०८.६४
११/०७६/७७	लुङ्गेलिटार गडौली बासकटेरी सडक	तामाङ्ग मरिण कन्ट्रक्सन	२४९०६६०.२९	१२४५.३३
३/२०७६/७७	लोकतान्त्रीक चौरमा खेलकुद विकास	सिद्धकाली ब्लुवर्ड जेभी	१६४५६४३.८६	८२२.८२

दफा	भौ.नं., मिति र ब्यहोरा					बेरुजू रकम
	१२/०७६/७७	सालुवेशी खोल्मेडाँडा सडक	सामाजिक विकास निर्माण सेवा	१७५०९९९.४१	८७५.५०	
	१०/०७५/७६	पानीट्यांकी सडक कालोपत्रे	गोरीशैकर ईन्टर नेशनल निर्माण सेवा	९१६९३२९.४९	४५८४.६६	
	०९/०७५/७६		पाखिन सलाम जे.भी.	१०२६११५८.३३	५१३०.५८	
	१३/०७६/७७	ढुग्रेबास देखि हिरापानी सडक	श्रीकृष्ण दाहाल निर्माण सेवा जेभी	१०५९२३४९.६२	५२९६.१७	
	१४/०७६/७७	पानिट्याङ्क्की बदेटार कालोपत्रे	तामाङ्ग मरिण कन्ट्रकसन	१०७२४१७४.३१	५३६२.०९	
	१९/०७६/७७	डाँडाटोल दोभानटार सडक	श्रीजल गौरीशैकर जेभी	१९०३८९८९.९३	९५१९.४९	
	१७/०७६/७७	जलकन्या मावि चपौली विद्यालय मैदान संरक्षण	सिद्धकाली निर्माण सेवा प्रालि	४८५९९६५.०२	२४२९.९८	
			जम्मा	७२७५०५५९.६५	३६३७५.२६	
३७.	**एजबिल्ट ड्रईङ्ग** – पालिका र निर्माण व्यवसायि बीच भएको सम्झौताको जीसीसीको ७१।२ मा निर्माण व्यवसायिले कार्य सम्पन्न गरी अन्तिम भुक्तानी लिदा उक्त कार्यको एजबिल्ट ड्रईङ्ग पालिकामा पेश गर्नुपर्ने तथा पेश नगरेकमा नदिएको अवस्थामा देहायअनुसारको रकम रोक्का गरीने समेत उल्लेख छ । तर निर्माण व्यवासायिले पालिकामा एजबिल्ट ड्रईङ्ग पेश गरेको पाईएन् । तसर्थ निर्माण व्यवसायिबाट एजबिल्ट ड्रईङ्ग पेश नभएवापतको देहायअनुसारको असूल गर्नुपर्ने देखिएको रु.					१०५०००

ठे.नं.	योजनाको नाम	निर्माण व्यवसायि	अन्तिम बिल भुक्तानी मिति	एजबिल्ट ड्रईङ्ग वापतको रकम
४/२०७६/७७	कमलामाई ५ मा स्वास्थ्य भवन निर्माण	दाहाल निर्माण सेवा	२०७७/०२/१६	५०००.००
११/०७६/७७	लुङ्गेलिटार गडौली बासकटेरी सडक	तामाङ्ग मरिण कन्ट्रक्सन	२०७७/०३/२२	२५०००.००
१२/०७६/७७	सालुवेशी खोल्मेडाँडा सडक	सामाजिक विकास निर्माण सेवा	२०७७/०३/१५	२५०००.००
१०/०७५/७६	पानीट्यांकी सडक कालोपत्रे	गोरीशैकर ईन्टर नेशनल निर्माण सेवा	२०७६/१०/२१	२५०००.००
०९/०७५/७६		पाखिन सलाम जे.भी.	२०७७/०२/२०	२५०००.००
		जम्मा		१०५०००

३८.	**अमानतबाट कार्य** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मासार्वजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृति लिनुपर्ने, त्यस्तो रकम रु. १ लाखभन्दा बढी हुन नहुने र अमानतबाट काम गर्नुपर्दा सो कामको लागि आवश्यक पर्ने प्राविधिक सेवा र निर्माण सामग्री सार्वजनिक खरिद ऐन र नियमावलीको प्रक्रिया बमोजिम खरिद गरी ज्यालामा काम लगाउनुपर्ने व्यवस्था छ । यस नगर कार्यपालिकाको कार्यालयले वडा कार्यालयहरु मार्फत् विभिन्न सडक आयोजनाहरुको मर्मत तथा ग्राभेलिङ्गको कार्य अमानतबाट गराई निर्माण सामग्री तथा ज्याला वापतको रकम कर्मचारीलाई भुक्तानी गर्ने गरेको पाइयो । कार्यालयले वडा कार्यालयका कर्मचारी मार्फत् रु.२९ हजार देखि १ लाख १० हजारसम्मको कार्य पटक पटक अमानतबाट गराएको पाइयो । त्यस्तो कार्यको प्रभावकारी अनुगमन तथा गुणस्तर नियन्त्रणको कार्यमूलक संयन्त्र समेत रहेको नपाइएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्ने देखिएको छ । यसरी अमानतबाट कार्य गराएका केही उदाहरण देहाय अनुसार छन्	

दफा	भौ.नं., मिति र ब्यहोरा				बेरुजू रकम
	भौ./नं/	**कार्य**	**भुक्तानी लिने**	**रकम**	
	५३	वडा नं ५ सडक मर्मत तथा ग्राभेलिङ्ग	वडा सचिव श्री उज्जव लविक्रम थापा	९९०००.००	
	५३	वडा नं ५ सडक मर्मत तथा ग्राभेलिङ्ग	वडा सहायक श्री विनोद नेवा	९९०००.००	
	७०	वडा नं ५ पाग्रेखोला देखि बेलटार सडक ग्राभेलिङ्ग	सब ई श्री मिलन गुरुङ्ग	१००००००.००	
	७१	वडा नं ५ रानीखोला कारागार सडक मर्मत	सब ई श्री मिलन गुरुङ्ग	५००००.००	
	६९	वडा नं ५ सिलामे थाक्रे सडक मर्मत तथा ग्राभेलिङ्ग	असई श्री हिमाल विश्वकर्मा	१००००००.००	
	७१	वडा नं १३ रुचानी क्षेत्र सडक ग्राभेलिङ्ग	असई श्री हिमाल विश्वकर्मा	९९७५५.००	
	८०	वडा नं ४ दोभानटार बाटो ग्राभेलिङ्ग	सब ई श्री पुष्प कुमार श्रेष्ठ	९८०००.००	
	८१	वडा नं ४ विभिन्न सढक ग्राभेलिङ्ग	वडा सचिव श्री उद्धव बहादुर थापा	९६०००.००	
	८१	वडा नं १० विभिन्न सढक ग्राभेलिङ्ग	वडा सचिव श्री दान बहादुर राजनमगर	१००००००.००	
	८३	वडा नं १० विभिन्न सडक ग्राभेलिङ्ग	क अ श्री श्रद्धा ढुंगाना	१००००००.००	
	८६	वडा नं १३ विभिन्न सडक मर्मत	क अ श्री सम्विर भुजेल	९९२७०.००	
	८८	वडा नं १३ जाली भर्ने कार्य	वडा सचिव श्री बैकुण्ठ कार्की	७८६५०.००	
	९८	वडा नं ११ विभिन्न सडक मर्मत	वडा सचिव श्री बुद्धिराज श्रेष्ठ	८००००.००	
	९९	वडा नं ७ विभिन्न सडक मर्मत	वडा सचिव श्री मनिषा स्धागवा	९००००.००	
	१०३	वडा नं २ विभिन्न सडक मर्मत	वडा सचिव श्री मुरहरी श्रेष्ठ	३९०००.००	
	१०९	वडा नं १२ विभिन्न सडक मर्मत	क अ श्री सन्तोष घिमिरे	१००००००.००	
	११४	वडा नं १२ रामपुर एकपाखे धमिले सडक	वडा सचिव श्री हरिबहादुर श्रेष्ठ	५६२५०.००	
	११५	वडा नं ४ टारी झोपु देखि फाट सडक	वडा सचिव श्री उद्धव बहादुर थापा	२९०००.००	
	१२९	वडा नं ४ गहते र साङ्गवाले बाटो मर्मत	वडा सचिव श्री उद्धब बहादुर थापा	३५०००.००	
	१३१	वडा नं ५ मधुमटार नयँबस्ती बजार मुनीको बाटो नाला	वडा सहायक श्री विनोद नेवा	९९५००.००	
	१३२	वडा नं ४ देउराली देखि खट्टार बाटो मर्मत	वडा सचिव श्री उद्धब बहादुर थापा	३५०००.००	
	१४२	वडा नं १० दोभानटार काभ्रेटोल सातघर विद्युत पोल	वडा सचिव श्री दान बहादुर राजनमगर	३५०००.००	
	१५५	वडा नं ८ विभिन्न सडक मर्मत	वडा सचिव श्री चक्र बहादुर मगर	१००००००.००	
	१६९	वडा नं १ सबै सडक मर्मत	वडा सचिव श्री बैकुण्ठ कार्की	७४९६१.००	
	१७०	वडा नं १ सबै सडक मर्मत	असई श्री राजकुमार माझी	७४९६१.००	
	१८५	वडा नं ३ विभिन्न सडक मर्मत	का स श्री धवा स्याङ्गवा	१००००००.००	
	२१०	वडा नं ४ विभिन्न सडक मर्मत	समविनी श्री सपना श्रेष्ठ	८२०००.००	
	२१२	वडा नं ४ विभिन्न सडक मर्मत	सब ई श्री राजेश थापा	६२०००.००	
	२३०	वडा नं ५ मधुटार नयाँ वस्ती नाला मर्मत	वडा सहायक श्री विनोद नेवा	९९८३६.००	
	२५७	जस्मानटार तेर्से सडक मर्मत	जेटीए श्री लिलानाथ देवकोटा	९९०००.००	
	२५९	फिटिङ्ग भरगाउँ सिरुडाडा सडक मर्मत	क/सहायक श्री पलमबहादुर सापकोटा	९९०००.००	
	२९३	वडा नं ६ धुरा ढुग्रेवास सडक ग्राभेलिङ्ग	वडा सचिव श्री सिता पौडेल	१००००००.००	
	२९४	वडा नं ६ रिङ्ग रोड ग्राभेलिङ्ग	सकअ श्री सीता कुमारी कार्की	१००००००.००	
	३३२	वडा नं ६ हुस्य मार्ग ग्राभेलिङ्ग	का स श्री हेमबहादुर श्रेष्ठ	१००००००.००	
	५४३	वडा नं १० सडक सरसफाई	का स श्री सुरेन्द्र खडका	१००२७६.००	
	६७२	वडा नं ९ वडा भवन मर्मत	का स श्री पुजा माझी	९१७१४.००	
	६७४	वडा नं ९ वडा भवन मर्मत	क अ श्री रमा देवकोटा	९९७००.००	
	७४७	वडा नं ८ कमला पुल देखि बेसारे सडक	वडा सचिव श्री चक्र बहादुर	१००००००.००	
	९२५	वडा नं ८ शहरी क्लीनिक स्तरउन्नती	अ हे व श्री भरत कुमार राई	१००००००.००	
	जम्मा			**५३०१८७३.००**	
३९.	**जटिलसंरचना निर्माण** –सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका कार्यालय तथा अन्य भवन, पुल, कल्भर्ट, सडक कालोपत्रे डीप बोरिङ्ग निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण				

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

गो भौ	उपभोक्ता समितिको नाम	कामको विवरण	कार्यसम्पन्न रकम	भुक्तानी रकम
२३६	जम्मु टंकसार गौरीगाँउ उस	विद्युत विस्तार (५०/५०)	३६८९३३५	१८४४६६७
८३२	रानीचुरी बेलाहा ज्यामिरे मुजुरा उस	विद्युत विस्तार (५०/५०)	३००१०९२	१५०००००
८९६	तिनतले पाथि परान उस	विद्युत विस्तार (५०/५०)	३२३२२५८	१६०००००
९४३	माईखोला ठूल्डाँडा बाघघरे उस	विद्युत विस्तार (५०/५०)	३२३८५९९	१६०००००
१०२७	मिलघर देखि कृष्ण मन्दीर गतवर्षको अधुरो योजना	सडक कालोपत्रे	२५५१८२	२२५०००

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

४०. **माटो र चट्टान काट्ने कार्यको अनुपात** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै माटो र चट्टान काट्ने कार्यको अनुपात (Soil & Rock cutting Ratio) निर्धारण गर्दा विस्तृत सर्भे, डिजाइन रिपोर्ट (DPR) वा स्वाइल टेष्टको आधार लिएर गर्नुपर्दछ । कार्यालयले उक्त आधारहरु बेगरै क्रस सेक्शन ड्रइङ्गसमेत नराखी स्वाइल र रक कटिङ्गको अनुपात निर्धारण गर्ने गरेको पाइयो । कार्यालयबाट सञ्चालित मोटरबाटो योजनाहरुको भुक्तानीको स्रेस्ता परीक्षण गर्दा नरम तथा कडा माटो र चट्टान ५ देखि ६५ प्रतिशतसम्म राखेको पाइयो । प्राविधिक पुष्ट्याइँ तथा आधार र क्रस सेक्शन ड्रइङ्ग बेगर लागत बढी पर्ने आईटममा बढी अनुपात राखी भुक्तानी गर्दा लागत वृद्धि हुने अवस्था देखिएको छ । यसका केही उदाहरण देहाय अनुसार छन्।

योजना नाम	कुल एक्साभेसन परिमाण	खान्ने कार्यको अनुपात प्रतिशतमा तथा दर प्रति घ.मि.							
		नरम माटो		कडा माटो		नरम चट्टान		मध्यम/कडा चट्टान	
		प्रतिशत	दर	प्रतिशत	दर	प्रतिशत	दर	प्रतिशत	दर
रुचानी मडहा सडक	८५७५	४५	६५।४३	५०	९६।७९	५	१८८।७५	०	०
गहते देउराली टिकाबोहराको घरछेउको बटो	६५७३	४०	६५।४३	६०	९६।७९	०	०	०	०
सिन्धुलीगढी बसेरी हुदै सिस्नेरी सम्म बाटो	१५३१७	२५	६५।४३	४५	९६।७९	०	०	३०	३२५।४३
दमार बेल्टार सुब्वेनी मच्छेनी सडक	१४४८८	२९	६५।४३	६०	९६।७९	११	१८८।७५	०	०
धनमना बोहोरे सिन्धुली माडी सडक	११०८२	३०	६५।४३	६५	९६।७९	०	०	५	३२५।४३
गढी बसेरी सडक	१५४०४	३०	६५।४३	५५	९६।७९	०	०	१५	३२५।४३
तारुफेदी तारी कुडुले	१२७९५	३३	६५।४३	६०	९६।७९	०	०	७	३२५।४३
काउसे जुमली सालु सडक	१३०९०	३३	६५।४३	६०	९६।७९	०	०	७	३२५।४३

४१. **त्रुटीपुर्ण लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । जस अनुसार सडक निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७५।०४।२५ मा स्वीकृत सडक तथा पुल निर्माण नर्म्स २०७५ को प्रयोग गर्नुपर्दछ । तर पालिकाले दरबिश्लेषण गर्दा फरक नर्म्सको प्रयोग गरी दर विश्लेषण गरी लागत अनुमान तयार गरेको तथा सोही बमोजिम ठेक्का व्यवस्थापन गरेको छ । जसका कारण देहायअनुसारको ठेक्कामा न्युन प्रतिस्प्रधा हुदाँ पालिकालाई बढी व्ययभार परेको देखिन्छ । लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा देहायका योजनामा निम्नानुसार थप व्ययभार परेको देखिएको छ ।

४१.१. गैयाटार बोझे संगम चोक तिनदोभानका लागि रु.२९३४६२७।९० का लागत अनुमान तयार गरी (ई बीड गरिएकोमा २ वटामात्र दर्ता भएका जसमध्ये एक मोडीफाई रेस्पोन्स रहेको) ठेक्का व्यवस्थापन गरेकोमा पालिका र समाज कन्ट्रक्सन प्रा.लि.बीच रु.२९०६२९१।०७ मा सम्झौता भएको छ । जुन लागत

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

अनुमानको तुलनामा ०।०९ प्रतिशत मात्र घटी रहेको छ । पालिकाले स्वीकृत सडक निर्माण नर्म्सको आधारमा लागत अनुमान गरेको भए देहायअनुसार फरक नर्म्सको प्रयोग गरि तयार गरेको लागत अनुमान भन्दा रु.३४९३५२ ले घटी हुने देखिन्छ । यस्तो अवश्थामा कवोल दर लागत अनुमान भन्दा वढी भई उक्त ठेक्का नै अस्वीकृत हुने स्थिति देखियो। तसर्थ फरक नर्म्सको प्रयोग गरी दर विश्लेषण गरेकोले पालिकालाई थप व्ययभार परेको देखियो।

कार्य	परिमाण	एकाई	कार्यालयले फरक नर्म्सको प्रयोग गरि तयार गरेको दर	सडकको नर्म्स अनुसार हुने दर	फरक दर	फरक पर्ने रकम	निर्माण व्यवसायि ले कबोल गरेको दर
Roadway Excavation	२८५.५६	M3	५६८.५६	११२.७०	४५६	१३०१७५	१२०
Stone solling	१२१.४७	M3	२९७१.६	२९७१.६०	०	०	२५००
PCC 1:2:4	११०.९८	M3	१३३८०.७०	१२१३९.७	१२४१	१३७७२६	१४००
Stone masonary 1:4	४७.७६	M3	८८७९	८१५१.२०	७२८	३४७६०	१००००
12.5mm Tick plaster	२७८.६०	Sqm	४१९.७३	३९६.४	२३	६५००	३५८
300 dia NP3 Hume pipe	१५	RM	३४८५.९	३४८५.९	०	०	८५००
जम्मा घटने रकम						**३०९१६१**	
मू अ कर						४०१९१	
कुल जम्मा लागत घटने रकम						**३४९३५२**	

४१.२. **<u>ठे.नं.१९।२०७६।७७, डाँडा टोल दोभानटार सडक</u>** कार्यको लागि पालिकाले रु.१९५७२५४६।७२ को लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन (ई बीड गरिएकोमा १ वटा दर्ता भएकोमा २ वटा वटाले विथड्र गरेको) गरीएकोमा पालिका र श्रिजल गौरीशंकर जे भी बीच रु.१९०३८९८९।९३)लागत अनुमान भन्दा २/३६ प्रतिशतल घटी* मा सम्झौता भएको छ । पालिकाले नेपाल सरकारबाट स्वीकृत सडकको नर्म्स अनुसार दर विश्लेषण गर्दा देहायअनुसारका ४ आईटमको लागत निम्नानुसार रु/ १२०४४४३ कमी हुन गई स्वीकृत वोलपत्रदाताको वोल अंक भन्दा घटी हुन गई उक्त ठेक्का नै अस्वीकृत हुने स्थिति देखियो । तसर्थ फरक नर्म्सको प्रयोग गरी दर विश्लेषण गरेकोले पालिकालाई थप व्ययभार परेको देखियो।

कार्य	परिमाण	एकाई	कार्यालयले फरक नर्म्सको प्रयोग गरि तयार गरेको दर	सडकको नर्म्स अनुसार हुने दर	फरक दर	फरक पर्ने रकम
Mannually mixed M15	१३३.२	M3	१३३३७.७	१२६६३.८	६७३.९२	८९७६६.१४
Stone masonry 1:4	७६६.२३	M3	९२६३.०२	८९३७.५१	३२५.५१	२४९४१५.५३
Sub base	२८६०	Sqm	५५४.३४	४०७.८६	१४६.४८	४१८९३२.८०
Base Cruser Run	२८६०	Sqm	५२०.४९	४१२.८८	१०७.६१	३०७७६४.६०
जम्मा घटने रकम						**१०६५८७९.००**
मू अ कर						१३८५६४.२८
कुल जम्मा लागत घटने रकम						**१२०४४४३.००**

४१.३. कुसूमटार खट्टार खाल्माडाँडा सडक स्तरउन्नती कार्यको लागि पालिकाले रु.३९१२१८५।८२ को लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन (ई बीड गरिएकोमा ३ वटा दर्ता भएकोमा १ वटाले मोडिफाई रेस्पोन्स गरेको) गरीएकोमा पालिका र अमर कन्ट्रक्सन बिच रु.३८१९८४७।९४ मा सम्झौता भएको छ । जुन लागत अनुमान भन्दा २।३६ प्रतिशतले घटी रहेको छ । पालिकाले अन्य निर्माण सामाग्रीको दर झै एसाभेटरको दर जिल्ला दररेट (आर्थिक वर्ष २०७७।७८ मा दर घटाई जिल्ला दररेट बराबर नै कायम गरेको) कायम गरेको गरी नेपाल सरकारबाट स्वीकृत सडकको नर्म्सको प्रयोग गर्दा उक्त निर्माण कार्यको

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

लागत निम्नानुसारले कमी हुन गई पालिकाको रकम बचत हुने देखिन्छ ।तसर्थ उक्त ठेक्का नै अस्वीकृत हुने देखिन्छ । देहायअनुसार केही आईटमको दर विश्लेषण सडकको स्वीकृत दररेट तथा जिल्ला दररेट अनुसार गर्दा निम्नानुसार फरक पर्ने देखिन्छ । जिल्लाको सदरमुकाम स्थित पालिकाले जिल्ला दररेट भन्दा बढी दर कायम गरी स्थानीय दररेट स्वीकृत गर्दा पालिकालाई देहायअनुसारको रकम थप व्यभार परेको छ । तसर्थ पालिकालाई थप व्यायभार पर्ने गरी पालिकाले दररेट स्वीकृत गर्ने तथा निर्माण सामाग्रीको पुन प्रयोग गर्न सकिने अवस्थामा समेत सो नगरी खरिद गरेको उपयुक्त देखिएन।

कार्य	परिमाण	एकाई	कार्यालयले फरक नर्म्सको प्रयोग गरि तयार गरेको दर	सडकको नर्म्स अनुसार हुने दर	फरक दर	फरक पर्ने रकम
Roadway Excavation						
Hard Soil	१७३६.४	M3	१११.३१	६५.२१	४६	८००४८
Hard Rock	२६०४.६	M3	३७४.२४	१३८.३८	२३६	३०१९२५
Exv. for Foundation Medium Rock	११.२५	M3	७५८०.८०	३७४.२४	७२०७	८१०७४
Exv. for Drain in Hard soil	१७१.५३	M3	५६८.५६	११२.७२	४५६	७८१९०
Stone solling	३९.१५	M3	२९७१.६०	२९७१.५६	०	२
Stone masonary 1:4	१०४.१७	M3	९२६३.२०	८१५१.२०	१११२	११५८३७
कार्य गर्दा साईटमा निर्माण सामाग्री आउने अवस्था आउदा निर्माण सामाग्रीको अवस्था अनुसार कम्तीमा ४० प्रतिशत प्रयोग गर्ने गरी लागत अनुमान तयार गर्नु पर्नेमा Gabion लागि Stone filling का लागि स्टोन अन्यत्रबाट खरिद गर्ने गरी लागत अनुमान तयार गरेकोले ६० घन मिटर कार्यको लागि आवश्यक ६६ घनमिटर स्टोन साईटमा खन्दा निस्केको Hrad Rock समेत प्रयोग गर्दा लगात अनुमानमा आउने कमी						१०९२९६
जम्मा घटने रकम						**७६६३७२**
मू अ कर						९९६२८
कुल जम्मा लागत घटने रकम						**८६६०००**

४२.	**<u>ठे.नं.१५।३३।२०७६।७७, जस्तापाता खरिद</u>** पालिकाले यस वर्ष खर मुक्त छानो भएको पालिका कार्यक्रम अन्तरगत जस्तापाता खरिद कार्यक्रममा रु.१ करोड विनियोजन गरेको छ । जस अन्तरगत २६ गेज ०।४१ एमएमका १११५ बण्डल रंगिन जस्ता र १०० वण्डल जस्ताको धुरी खरिद गर्ने गरी रु.८८१४१७३।५० को लागत अनुमान तयार गरी ठेक्का व्वस्थापन गरेकोमा निम्नानुसार भएको देखियो–	
४२.१.	पालिका दररेट अनुसार प्रति वण्डल रु.७७१७ का दरले १११५ वण्डल रंगिन जस्ता र प्रति वण्डल रु.२०८९।३८ दरले १०० वण्डल धुरी खरिद गर्ने गरि रु.८८१४१७३।५० को लागत अनुमान तयार गरेको छ । प्रथम पटक २०७६।११।०२ मा सुचना प्रकाशन गरी ई-बिड मार्फत ठेक्का आव्हान गरिएकोमा एक मात्र हुलास स्टीलले रु.१००००४९।५६ कबोल गरेकोले उक्त ठेक्का लागत अनुमान भन्दा बढी कबोल भएको कारण अस्वीकृत गरि पुन ठेक्का आव्हान गर्ने निर्णय भएको छ ।	
४२.२.	कायर्पालिकाको २०७६।११।२९ को निर्णयबाट पालिकाले स्थानीय बजारमा पालिकाले तोकेको दररेट अनुसार उपलब्ध नहुने देखिएकोले दर बढाउने निर्णय गरी २६ गेजको ०।४१ एमएमको रंगिन जस्ताको दर रु.८८७५ र धुरीको दर प्रति वण्डल रु.८८७५ कायम गरेको छ । जसअनुसार जस्ता तर्फप्रति वण्डल रु.११५८(१५%) बढाएको छ भने धुरीमा रु.६७८५।२० (३२४।६८%) बढाएको छ । सिन्धुली जिल्ला दररेट निर्धारण समितिले भने २०७६।७७ को लागि ०।४१ एमएम धुरीको दर रु.२०८९।३८ नै कायम	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	गरी गरेको अवस्थामा जिल्लाको सदरमुकाय स्थित पालिकाले निर्धारण गरेको सुरु दररेटमा ३२४।६८ प्रतिशत बढाई नयाँ पालिका दररेट कायम गर्नुका कारण स्पष्ट हुन सकेन । आर्थिक वर्ष २०७७।७८ मा भने सोही प्रकारको धुरीको दर रु.२४०२ कायम गरेको छ । यसरी कुनै कार्य विशेषका लागि सामानको दर थपघट गर्नाले पालिकाले निर्धारण गर्ने दर विश्वसिनीय रहेको तथा स्थानीय बजार दर तथा अन्य फ्याक्टरहरुको बिश्लेषण गरी निर्धारण गरिएको हो भन्न् सकिने अवस्थासमेत रहेन ।	
४२.३.	शंसोधित दररेट अनुसार ९२२ वण्डल रंगिन जस्ता तथा ७५ वण्डल धुरी सहितको रु.८८४८३७५ को लागत अनुमान तयार गरी पुन ई-बिड मार्फत ठेक्का आव्हान गरेकोमा दुईवटाले बोलपत्र (२ वटै मोडीफई रेस्पोन्स) पेश गरेकोमा हिमान्जय आकार जे.भी.ले रु.८८२८६०० (लागत अनुमानको तुलनामा रु.१९७७५ ले घटी) र हुलास स्टिलले रु.८८२९९९० (लागत अनुमानको तुलनामा रु.१८३८५ ले घटी) मा आपुर्ति गर्ने गरी कबोल गरेको छ। पालिकाले सबैभन्दा घटी कबोल गर्ने हिमान्जय आकार जे.भी.सँग मिति २०७७।०३।२२ भित्र आपुर्ति गर्ने गरी मिति २०७७।०३।०२ मा रु.८८२८६०० मा सम्झौता गरेको छ । सो बमोजिम उक्त जे.भी.ले ९०० वण्डल जस्ता र ७५ वण्डल धुरी पालिकालाई उपलब्ध गराएकोले रु.९७३०८६० भुक्तानी दिएको छ ।	
४२.४.	पालिकाले दररेट संशोधन गरि ठेक्का व्यवस्थापन गर्दा जे.भी.ले प्रति वण्डल रु.३६०० मा उलपब्ध गराएको छ । आर्थिक वर्ष २०७७।७८ कै दररेट लाई आधार मान्दासमेत धुरीको प्रति वण्डल रु.२४०२ रहेको छ भने २०७६।७७ को सूरु दरमा जस्तामा झै १५ प्रतिशतले दर बढाउँदा समेत रु.२४०३ मात्र हुने देखिन्छ । पालिकाले २४०२ कै दरमा ठेक्का व्यवस्थापन गरेको भएमा धुरीमा प्रतिवण्डल रु.६४७३ ले लागत अनुमान घटी कुलमा रु.४८५४७५ ले लागत अनुमान घटने र उक्त ठेक्का समेत स्वीकृत नहुने अवस्था देखिन्छ । त्यसैगरि रु.२ करोड भन्दा घटी लागत अनुमान भएका ठेक्कामा लागत अनुमान सहित सुचना प्रकासन हुने भएकोले रु.४८५४७५ घटी लागत अनुमान सहितको सुचना प्रकाशन गर्दा आपुर्तकले घटीमै ठेक्का कबोल गर्ने सक्ने समेत अवस्था रहन्छ । तसर्थ ३२४।६८ प्रतिशत लागत अनुमान बढाई ठेक्का व्वस्थापन गर्दा सप्लायर्सले बढी रकम कबोल गरेको छ । सप्लायर्सले बजार दर भन्दा (आ.व.२०७७।७८ को पालिका दररेटलाई आधारमान्दा) रु.११९८ का दरले ७५ बण्डलमा रु.८९८५० बढी दर कबोल गरी मु.अ.कर समेत रु.१०१५३०।५० बढी भुक्तानि लिएको छ । बजार दर विश्लेषण नगरी पालिका दररेट कायम गरी बढी भुक्तानी दिएको रकम असूल हुनुपर्ने देखिएको रु.	१०१५३१
४३.	**मू.अ.कर समायोजन** – मूल्य अधिवृद्धि कर नियमावली, २०५३ (एकाइसौ संशोधन) को नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको स्वामित्व भएको संघसस्थाले ठेक्का वा करार सम्झौता अन्तर्गत वस्तु तथा सेवाको आपूर्ती गर्दा सम्बन्धित ठेकदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशतले हुन आउने रकम कट्टा गरी निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी ५० प्रतिशत मात्र भूक्तानी दिने उल्लेख छ । तर पालिकाले तपसिल बमोजिमका कार्यमा नियमानुसार ५० प्रतिशत मू.अ.कर रकम कट्टी गरेको पाईएन । त्यसैले सम्बन्धित निर्माण व्यवसायि वा आपुर्तिकर्तालाई पालिकाबाट भूक्तानी भएको मु.अ. कर रकम समायोजन गरेको प्रमाण पेश हुने पर्ने रु.	१६०८११६

गो.भौ.	सामान/योजना/कार्य	व्यवसायि/सप्लायर्स	भुक्तानी रकम मु.अ.कर	५०% मु.अ.कर रु
११- २०७६/०५/१५	मेशिनरी औजार खरिद	ल्यावटक एण्ड पिसि केयर प्रालि	५७३३०	२८६६५
१४-२०७६/०५/१५	खानेपानी पाईप खरिद	अरनिको ईन्टरप्रईजेज प्रालि	३४३९५	१७१९८
३३-२०७६/०६/४	प्रन्टर खरिद	एचपी कम्प्युटर प्रालि	३५०३५	१७५१८

दफा	भौ.नं., मिति र ब्यहोरा					बेरुजू रकम
	१३४-२०७६/०९/०८	ईन्भटर सहितका समान	टेको नेपाल ईन्जिनियरिङ्ग सोलुसन प्रालि	५७२७६	२८६३८	
	१४४-२०७६/०९/११	ढाका बुनाई कार्यक्रमका लागि मिसन औजार खरिद	अनोमोल ईन्टरनेशनल प्रालि बिरगंज	३०८४९	१५४२५	
	१४३-२०७६/०९/११	ढाका बुनाई कार्यक्रमका लागि मिसन औजार खरिद	अनोमोल ईन्टरनेशनल प्रालि बिरगंज	४९४६९	२४७३५	
	१७२-२०७६/०९/१७	फर्निचर खरिद	हरिठाकुर काष्ठ फर्निचर उद्योग	५७३४३	२८६७२	
	१९४-२०७६/०९/२३	स्वास्थ्य सैस्थाका लागि फर्निचर खरिद	हुमागाई जेनेलर सप्लायर्स	५७४९२	२८७४६	
	२३३-२०७६/१०/०८	फोटोकपी तथा प्रिन्टर	एसए कम्प्युटर ट्रेडर्स	५६८६२	२८४३१	
	२४७-२०७६/१०/१५	फनिचर तथा फिक्चर्स	श्रेष्ठ फर्निचर उद्योग	५२२६०	२६१३०	
	२६२-२०७६/१०/१४	मेसिनरी औजार	सोनाथ पावर सप्लायर्स प्रालि	३९७८०	१९८९०	
	२९२-२०७६/१०/२३	डी फ्रिज लागयत सामान खरिद	पूर्णागिरि कुलेक्टीक एण्ड ईलेक्टोनिक्स	५७३९५	२८६९८	
	२९१-२०७६/१०/२३	मेसिन उपकरण खरिद	बर्दिबास सर्जिकल हाउस	५६८३६	२८४१८	
	४२१-२०७६/११/३०	कम्प्युटर तथा प्रिन्टर	डीजिपल्स ईन्टरप्राईजेज	५७१३५	२८५६८	
	८८४-२०७७/०३/२३	फोटोकपी तथा प्रिन्टर	शुभम ईलेक्टोनिक्स	५५१०३	२७५५२	
	१३-२०७६/०५/१५	तार जालि खरिद	मेनुका सम्लायर्स प्रालि	५७४३६	२८७१८	
	१०४३-२०७७/०३/२७	तारजाली खरिद	नमोबुद्ध निर्माण सेवा	५७२६२	२८६३१	
	१०९४-२०७७/०३/३०	स्मार्टबोर्ड खरिद	पवित्रम ट्रान्सईको नोमिक प्रालि	५१७६९	२५८८५	
	४०२-२०७६/१२/०२	योजना व्यवस्थापन सफ्टवेयर खरिद	टेक्नोलोजी शोलुसन नेपाल प्रालि	५२०००	२६०००	
	१९-२०७६/०६/१२	आय लेखा सम्बन्धी सफ्टवेयर खरिद	प्रोटोकल ईन्टरनेशनल कन्सल्टेन्स प्रालि	४१७६१	२०८८१	
	२०-२०७६/०६/१२	सम्पीतकर सम्बन्धी सफ्टवेयर खरिद	सांग्रिला ईन्फरमेसन प्रालि	५७३३०	२८६६५	
	२१-२०७६/०६/१२	१४ वडा कार्यलयमा सफ्टवयर खरिद	ईको पलस प्रालि	५७३३०	२८६६५	
	७९८-२०७६/०३/१६	घर नक्सा सम्बन्धी सफ्टवेयर खरिद	फिनिक्स सोलुसन प्रालि	५६९४०	२८४७०	
	४७-२०७६/०६/१६	वडा नं ३ र ११ मा ईन्टरनेट जडान	युनाईटेड नेटवर्क प्रालि	५२०००	२६०००	
	४९-२०७६/०६/१६	वडा नं १ र २ मा ईन्टरनेट जडान	युनाईटेड नेटवर्क प्रालि	५२०००	२६०००	
	१२-२०७६/०५/१५	सबै वडाका लागि ई हाजिर खरिद	*१४५ नं को फोटोकपी बिल समावेश भएको*	४९९२०	२४९६०	
	४५३-२०७६/१२/९	सबै वडाका लागि ई हाजिर खरिद	ईनोभेटिभ मेडिया एण्ड मल्टिपल बिजनेश प्रालि	४७९५७	२३९७९	
	१५७-२०७६/०९/१५	कृषि प्रवर्द्धन सम्बन्धी सफ्टवेयर		१७९९५२	८९९७६	
	२११-२०७६/१०/०६	सभाहल डीपीआर तयार	पिक प्वाईन्ट ईन्जिनियरिङ्ग	९७७४०	४८८७०	
	२१३-२०७६/१०/०६	रातामाटा पलानिङ्ग सडक डीपीआर	कमालामाई ईन्जिनियरिङ्ग कन्सल्टेन्सी	५३३००	२६६५०	
	२८७-२०७६/१०/२९	सेफहाउसको डीपीआर निर्माण	टेक्नोक्रेट कन्सल्टेन्सी	११८९५०	५९४७५	
	४२९-२०७६/१३/०२	सातधारा गुरासे सडक र गढी रिङ्गरोड डीपीआर	आरएसएस ईन्जिनियरिङ्ग कन्सल्टेन्सी	१०१६५०	५०८२५	

दफा	भौ.नं., मिति र ब्यहोरा					बेरुजू रकम
	६२०-२०७७/०२/२६	स्वास्थ्य चौकीलागि उपकरण ताथा फर्नचर	पैरवी कन्ट्रक्सन प्राल बिजक नं हालले लेखेको	५७४४९.६	२८७२५	
	१०२४-२०७७/०३/२७	डस्टविन खरिद	लक्ष्मी सप्लायर्स	५७२००	२८६००	
	१०३५-२०७७/०३/२७	जस्ता खरिद **(1st and 2nd bill)**	हिमान्जय आकार जेभी	११६१७१४	५८०८५७	
			जम्मा	**३२१६२२०.६**	**१६०८११६**	

४४. **एक्साभेटरमा बढी दर कायम** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाको स्वीकृत स्थानीय दररेटमा मेसिन लागाई माटो खन्ने कार्यको दर विश्लेषण गर्दा सडक विभागबाट प्रकाशित नर्म्सको प्रयोग गर्ने उल्लेख छ । जिल्ला दररेट अनुसार एक्साभेटरको दर प्रति घण्टा रु.२५०० कायम गरेकोमा पालिकाले प्रति घण्टा रु.४१८० कायम गरी जिल्ला दररेट भन्दा प्रति घण्टा रु.१६८० बढी कायम गरेको छ । *(आर्थिक वर्ष २०७७।७८ को पालिका दररेट रु.२५०० नै कायम गरेको* छ ।* जसबाट देहायअनुसारका योजनामा नरममाटो खन्नेतर्फ प्रति घ.मि.रु.२१।३४, कडा माटोतर्फ प्रति घ.मि. रु.३१।५८, नरम चट्टानतर्फ प्रति घ.मि.रु.६१।४९ र मध्यम तथा कडा चट्टानतर्फ प्रति घ.मि.१०२।१६ बढी दर कायम हुन गएको छ । जिल्ला भित्रका अन्य पालिकाले मेसिन प्रयोग गर्ने गरी माटो तथा अन्य निर्माण कार्य गर्दा जिल्ला दररेटलाई नै अधिकतम मानी दरविश्लेषण गरेकोमा सदरमुकाम स्थित पालिकाले उपरोक्त अनुसार बढी दर कायम गरी कार्य गर्दा पालिकालाई थप व्ययभार परेको छ । पालिकाले अन्य निर्माण सामाग्रीहरुको दर जिल्ला दररेटमा बढी नहुने तथा बराबर हुने गरी कायम गरेकोमा एक्साभेटरमा दररेट बढी कायम गरी कार्य गराउँदा नमुना छनौटमा परेको निम्नअनुसार योजनामा रु/३३३४२४७ थप व्ययभार पारेको पाईयो ।

गो.भौ.	योजना	माटोको प्रकार	परिमाण घ.मि.मा	थप दर रु.	थप व्ययभार रु
६	रुचाउने मडाहा सडक निर्माण	नरम	३८५८.७५	२१.३४	८२३४६
		कडा	४२८७.५०	३१.५८	१३५३९९
		नरम चट्टान	४२८.७५	६१.४९	२६३६४
४	गहते देउरवलि टिकाबोराको घर छेउको बाटो विस्तार	नरम	२६२९.०१	२१.३४	५६१०३
		कडा	३९४३.५०	३१.५८	१२४५३६
२७०	सिन्धुलीमाढी बसेरी सडक	कडा	६७९३.६३	३१.५८	२१४५४३
		नरम	३७०५.६२	२१.३४	७९०७८
		हार्ड रक	१८५२.४३	१०६.१८	१९६६९१
२९८	दमार बेल्टार सुब्बेनी मच्छेनी सडक	कडा	६८९२.९४	३१.५८	२१७६७९
		नरम	३३३७.१६	२१.३४	७१२१५
		हार्ड रक	१२५८.२७	१०६.१८	१३३६०३
३४८	धनमाना बोहोरे सिन्धुलीमाडी	कडा	७२०३.३०	३१.५८	२२७४८०
		नरम	३३२४.६०	२१.३४	७०९४७
		मेडीयम रक	५५४.१०	१०६.१८	५८८३४
३९०	कोलपाखा दमार साङ्गलो बाटो	कडा	५१५२.६०	३१.५८	१६२७१९
४४५	गाडी बसेरी सडक	कडा	८४७२.४५	३१.५८	२६७५६०
		नरम	४६२१.३४	२१.३४	९८६१९
		मेडीयम रक	२३१०.६७	१०६.१८	२४५३४७
५३८	तारुफेदी तारी कुडूले सडक	कडा	७६७७.२३	३१.५८	२४२४४७
		नरम	४२२२.४७	२१.३४	९०१०८
		मेडीयम रक	८९५.६८	१०६.१८	९५१०३
७४५	काउसे जुम्ली सालू सडक	कडा	७८५४.३८	३१.५८	२४८०४१
		नरम	४३१९.९५	२१.३४	९२१८८
		हार्ड रक	९१६.३४	१०६.१८	९७२९७
	जम्मा				**३३३४२४७**

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

४५. **मटोमा बढी दर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । जस अनुसार पालिकाको स्वीकृत स्थानीय दररेट अनुसार मानिसबाट माटो खन्ने कार्यको दर सडक तर्फ प्रति घ.मि.रु.४१२ र ५७६।८० तथा भवन तथा अन्य निर्माणतर्फ ४९४।४० र ६५९।२० हुने देखिन्छ । पालिकाबाट संचालन भएका अन्य योजनाहरुमासमेत उपरोक्त अनुसारकै दर प्रयोग तथा साईट कन्डीसन अनुसार केहीमा अझ कमदर समेत प्रयोग गरेको देखिन्छ । तर पालिकाले देहायअनुसारका केही योजनामा फरक दरको प्रयोग गरि लागत अनुमान तयार तथा सोही दरमा उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । जसबाट निम्नानुसारको रकम बढी भुक्तानी भएको देखिन्छ । तसर्थ स्वीकृत नर्म्स भन्दा बढी दरमा भुक्तानी भएको असूल हुनुपर्ने देखिएको रकम रु.. — १९८९६८

गो.भौ.	उपभोक्ता समिति	माटोको प्रकार	परिमाण घ.मि.मा	भुक्तानी भएको दर रु.	बढी दर रु.	बढी भुक्तानी रु
५	चियावरी याक्लेडाँडा कल्भर्ट निर्माण	कडा	४२.९८	१६४८	१०७१.२	४६०४०
५३०	गौमतटी खोला मन्दीर निर ट्वाईलेट निर्माण	कडा	२७	१६४८	९८८.८	२६६९८
१२८	वडा नं ३ पूरानो चौकी आगे सडक निर्मा	कडा	२७	१६४८	१०७१.२	२८९२२
६५२	कुसुमटा खानेपानी योजना	कडा	३२.१३	१६४८	९८८.८	३१७७०
९००	जेष्ठ नागरिक प्रतिक्षालय निर्माण	कडा	२४.६४	१६४८	९८८.८	२४३६४
९३१	कुडुले अधुरो स्वास्थ्य भवन निर्माण	कडा	२४.८१	१६४८	९८८.८	२४५३२
१०७१	ढकालगाँउ खानेपानी	कडा	१६.८३	१६४८	९८८.८	१६६४२
जम्मा						१९८९६८

४६. **वालमा बढी परिमाण —** पालिकाले उपभोक्ता समितिमार्फत संचालन गरेका देहायका योजनाहरुमा स्टोन तथा ब्रिक म्यासनरीमा लेन्टिल ब्यान्ड, ह्युमपाईप तथा अन्य ओपनिङ्गहरु को परीमाण नघटाई वालको परिमाण गणना गरेको पाईयो। जसका कारण देहायका कार्यमा निम्नानुसार घटानु पर्ने परिमाण नघटेकाले बढी भुक्तानी भएको देखिन्छ । तसर्थ यसरी बढी भुतानी भएको रकम असूल गरि संचित कोष दाखिला हुनुपर्ने रु — ६१२७९

गो भौ	उपभोक्ता समिति	कार्य	ह्युमपाईप		दर रु.	बढि भुक्तानी दर रु.
			साईज एमएम	ओगेटेको वालको परीमाण		
६७	रानीखेत बोझे सडक स्तरउन्नती	स्टोन १:६	९००	०.७०	७९२२.५२	५५४६
३००	कोलचौर अधुरो सामुदायिक भवन (लेन्टील व्याण्डको भाग)	ब्रिक १:६	-	३.१८	१३६६०.४०	४३४४०
९७८	ट्रस भवन निर्माण (लेन्टील व्याण्डको भाग)	ब्रिक १:५	-	०.९४	१३०७६.९६	१२२९३
जम्मा						**६१२७९**

४७. **ढुंगामा बढी दर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । जस अनुसार पालिकाको

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	स्थानीय दररेट अनुसार स्थानीय ढुंगाको ५०० मिटर सम्म ढुवानी समेतको दर प्रति घ.मि.रु.१२०० रहेको छने रिभर बेड गोलो ढुंगाको दर प्रति घ.मि.रु.१००० रहेको छ । तर पालिकाले तयार गरेको दरविश्लेषणमा रु.१२०० र १४४० प्रयोग गरेको देखयो । उपभोक्ता समितिले पेश गरेको फोटो अनुसार रिभर वेड मटिरियल अर्थात गोलो ढुंगा प्रयोग गरेको देखिन्छ । जसबाट स्टोन सोलीङ्गतर्फ प्रति घ.मि.रु.२२० र स्टोन म्यासनरी वाल तर्फ प्रति घ.मि. रु.४८४ का दरले बढी दर कायम गरी लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिसँग सम्झौता गरेको पाईयो । उपभोक्ता समितिलाई लागत अनुमानकै दरमा भुक्तानी भएकोले देहायका योजनामा निम्नानुसार रु/ ८९६५३४ बढी भुक्तानी भएको देखिन्छ । तसर्थ स्वीकृत दरभन्दा बढी दरमा भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु..	८९६५३४

गो.भौ.	उपभोक्ता समिति	कार्य	परिमाण घ.मि.मा	बढी दर रु.	बढी भुक्तानी रु
१	बल्लोरामपुर रिङ्गरोड	सोलीङ्ग	२८.८६	२२०	६३४९
		वाल	२५.७२	४८४	१२४४८
९	राजपति गाई फर्म देखि थापाटोल हुदै आहाले सडक	वाल	२५.७२	४८४	१२४४८
१७	राममाडी गर्दुवाखोला पुल देखि बुढाथोकी टार मोबा	वाल	८९.७६	४८४	४३४४४
२१	जनजाग्रिती मावि कम्पाउण्ड वाल निर्माण	वाल	१२५.९१	४८४	६०९४०
२४	आशेखोल्सि देखि सिन्धुली बाग्मय प्रतिस्ठान हुदै जर्वुटाकला सडक	वाल	६५.१०	४८४	३१५०८
		सोलिङ्ग	३२.५५	२२०	७१६१
११	एकपाखेबाट छतिवन तीनपाटन कोटगाँउ जोडने	वाल	१५०.७६	४८४	७२९६८
१२८	वडा नं ३ पूरानो चौकी आगे सडक निर्मा	वाल	७०.८८	४८४	३४३०६
७७०	नर्सरी दुनुवार गाउँ हुदै कृष्ण मन्दीर जाने कच्ची सडक	वाल	३०७.८६	४८४	१४९००४
१४८	योन्जन डाँडा गुरुङ्गटोल हुदै खरखेत सडक	वाल	२३.०४	४८४	१११५१
१७५	ढकालगाँउ दमार उकालो बाटो ढलान	वाल	५७.८७	४८४	२८००९
२२८	मिलडाँडा बाटो माथिल्लो सिलामे सडक	वाल	६४.८२	४८४	३१३७३
२७५	रुचानी कृषि सडक	सोलिङ्ग	७६	२२०	१६७२०
९७१	कुलोखोला देखि चदाहासम्मको मुल सडक	वाल	३५३.०३	४८४	१७०८६७
		सोलिङ्ग	५२.७२	२२०	११५९८
५४५	ढुंग्रवास चोक कमलाहाई स्कुल जाने बाटो	सोलिङ्ग	७८.०८	२२०	१७१७८
५४४	नेपालटोलबाट भडारे दह जाने बाटो	वाल	१२१.५६	४८४	५८८३५
७०५	हात्तिबन्दा खहरे दायाबाँया नदी नियन्त्रण	सोलिङ्ग	१२८	२२०	२८१६०
९००	कमला पुल देखि सर्लाही जाने सडक	वाल	१७६.४३	४८४	८५३९२

दफा	भौ.नं., मिति र ब्यहोरा						बेरुजू रकम
			सोलिङ्ग	३०.३४	२२०	६६७५	
			जम्मा			**८९६५३४**	

४८. **पिसीसीमा बढी दर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वीकृत गरेको स्थानीय दररेटमा मेसिन उपकरण लगाई कार्य गर्नेको हकमा नेपाल सरकारबाट स्वीकृत दर तथा नर्म्सको प्रयोग गर्ने उल्लेख गरेको छ । तर पालिकाले सडक तर्फको संचरचना निर्माण गर्दा नेपाल सरकारबाट २०७५।०४।२५ मा स्वीकृत दर विश्लेषण नर्म्स प्रयोग नगरी फरक नर्म्सको प्रयोग गरेको छ । पालिकाले सडकतर्फको पिसीसी तथा आरसीसी अर्थात ढलान सडक निर्माण गर्ने कार्यको म्यानुअल हुने भनी दर विश्लेषण गरेकोमा श्रेस्तामा संलग्न फोटोलगायतका कागजात अनुसार उपभोक्ता समितिले उक्त कार्य मेसिनको प्रयोग गरि गरेको देखिन्छ । सडक तथा ब्रिजको लागि स्वीकृत नर्म्स २०७५ को २६ अनुसार दरविश्लेक्षण गर्दा १:३:६ तर्फ प्रति घ.मि.रु.१०३६६।३२ र १:२:४ तर्फ प्रति घ.मि.रु.१११५७।५९ हुने देखिन्छ । तर पालिकाले तयार गरेको दरविश्लेषण १:२:४ तर्फ प्रति घ.मि.रु.१२२५२।३८ को कायम गरेको छ । जसअनुसार १:२:४ मा प्रति घ.मि.रु.१०९४।७९ का दरले बढी दर कायम गरी लागत अनुमान स्वीकृत उपभोक्ता समितिसँग सम्झौता गरेको पाईयो । उपभोक्ता समितिलाई लागत अनुमानकै दरमा भुक्तानी भएकोले देहायका योजनामा निम्नानुसारको रकम बढी भुक्तानी भएको देखिन्छ । तसर्थ स्वीकृत नर्म्स भन्दा बढी दरमा भुक्तानी भएको असूल हुनुपर्ने देखिएको रकम रु.

गो.भौ.	उपभोक्ता समिति	पीसीसी	परिमाण घ.मि.मा	बढी दर रु.	बढी भुक्तानी रु
९	राजपति गाई फर्म देखि थापाटोल हुदै आहाले सडक	१:२:४	७७.६०	१०९४.७९	८४९५६
२४	आशेखोल्सि देखि सिन्धुली बाग्मय प्रतिस्ठान हुदै जर्वुटाकला सडक	१:२:४	२१.७०	१०९४.७९	२३७५७
४	गहते देउराली टिकाबोहोराको घर छेउको घर छेउको बाटो	१:२:४	२७.८९	१०९४.७९	३०५३४
१७४	फूलबारी दमार जाने सडक ढलान	१:२:४	५९.४४	१०९४.७९	६५०७४
१७५	ढकालगाँउ दमार उकालो बाटो ढलान	१:२:४	६९.०६	१०९४.७९	७५६०६
१९८	वासघारी बाटो निगाले सडक	१:२:४	३५.१८	१०९४.७९	३८५१५
२२८	मिलडाँडा बाटो माथिल्लो सिलामे सडक	१:२:४	६०.५०	१०९४.७९	६६२३५
२६६	योन्जनडाँट आचार्यटोल ज्ञानमाला सडक	१:२:४	३८.२२	१०९४.७९	४१८४३
३९३	जलकन्या मावि लामी मोटर बाटो	१:२:४	७८.४७	१०९४.७९	८५९०८
९७१	कुलोखोला देखि चदाहासम्मको मुल सडक *(१:२:४को दर प्रयोग गरेको)*	१:३:६	३२.५४	१८८६.०६	६१३७२
५४५	ढुंग्रेवास चोक कमलाहाई स्कुल जाने बाटो	१:२:४	७८.०८	१०९४.७९	८५४८१
६५२	कुसुमटा खानेपानी योजना *(१:२:४को दर रु.१२२५२।३८ प्रयोग गर्नेपर्नुमा १४४४६।६० प्रयोग गरेको)*	१:२:४	१६.१६	२१९५.२०	३५४७४
	जम्मा				**६९४७५५**

६९४७५५

४९. **ग्याविनको कार्यामा बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको स्थानीय दररेट अनुसार मेसिन मेड ग्याविन बक्स ३*१*१ को दर रु.४३४१।४६, २*१*१ को दर रु.३०४६।४८ र १.५*१*१ को

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

दर रु.२२३७।४० *(जिल्ला दररेट पनि समेत एउटै यही नै)* रहेको छ । तर पालिकाले देहायका योजनामा मेसिन मेड ग्याविन बक्स ३*१*१ को दर रु.४८६२।३९, २*१*१ को दर रु.३४११।४७ र १.५*१*१ को दर रु.२५०५।२१ दरको प्रयोग गरेको देखिन्छ । साथै पालिकाले ग्याविनमा ढुंगा भर्ने कार्यको लागि ५०० मिटर लिड समेत प्रति घ.मि.रु.१२०० पर्ने स्थानीय ढुंगाको प्रयोग गर्ने गरि दरविश्लेक्षण गरी लागत अनुमान तयार गरेको छ । तर उपभोक्ता समितिले रु.१००० पर्ने रिभर बेड स्टोन *(नदीको गोलो ढुंगा)* प्रयोग गरेको देखिने फोटो श्रेस्तामा संलग्न रहेको छ । उपभोक्ता समितिलाई लागत अनुमानकै दरमा भुक्तानी गएको छ । जसबाट मेसिन मेड ग्याविन बक्स ३*१*१ मा रु.५२०।३३, २*१*१ मा रु.३६४।९९ र १.५*१*१ मा रु.२६७।८१ तथा ग्याविन फिलिङतर्फ प्रति घ.मि. रु.२२० वढीका दरले निम्नानुसार रु/ ३९९८५७ बढी भुक्तानी भएको देखिन्छ । तसर्थ उक्त रकम असूल गरि संचित कोष दाखिला हुनुपर्ने देखिएको रु. ३९९८५७

गो.भौ	योजनाको नाम	ग्याविन कार्य	कार्य भएको परिमाण	बढी दर	बढी भुक्तानी
१७	राममाडी गर्दुवा खोला पुल देखि बुढाथोकी मोटर बाटो	३*१*१	१९	५२०.९३	९८९८
		२*१*१	१६	३६४.९९	५८४०
		१.५*१*१	२०	२६७.८१	५३५६
		फिलीङ्ग घ.मि.	११४	२२०	२५०८०
२५	आयुर्वेद अस्पताल शिद्धबाबा बोडीङ्ग स्कुल सडक स्तरउन्नती	२*१*१	३३	३६४.९९	१२०४५
		१.५*१*१	२	२६७.८१	५३६
		फिलीङ्ग घ.मि.	६९	२२०	१५१८०
३	फरलवारी टोल देखि हायुटार हुदै विद्युत विस्तार	३*१*१	३७	५२०.९३	१९२७४
		२*१*१	५९	३६४.९९	२१५३४
		१.५*१*१	३७	२६७.८१	९९०९
		फिलीङ्ग घ.मि.	२८४.५०	२२०	६२५९०
४१६	हात्तिसार जसपनटार सिरुडाडा सडक	फिलीङ्ग घ.मि.	१५४	२२०	३३८८०
२७५	रुचानी कृषि सडक	२*१*१	३८	३६४.९९	१३८७०
३९२	हर्दिया सिरान तटबन्ध	फिलीङ्ग घ.मि.	१२८	२२०	२८१६०
६३८	सिस्नेरी थापा खहरे तटबन्ध	२*१*१	४८	३६४.९९	१७५२०
		फिलीङ्ग घ.मि.	९६	२२०	२११२०
७८०	कमला मडाहा तल्लो तटबन्ध	फिलीङ्ग घ.मि.	१६४	२२०	३६०८०
७८१	साविकको वडा नं ७ गौरीटोल जालि भर्ने	२*१*१	४५	३६४.९९	१६४२५
		फिलीङ्ग घ.मि.	९०	२२०	१९८००
७८७	बाङ्गे चिलाउने माझीटोल तटबन्ध	२*१*१	३२	३६४.९९	११६८०
		फिलीङ्ग घ.मि.	६४	२२०	१४०८०
	जम्मा				३९९८५७

५०.	**बिल पेश नभएको** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (१०) मा उपभोक्ता समितिले हरेक किस्ताको रकम कामको प्राविधिक मुल्यांकन, खर्चका विल भरपाई, तथा खर्च प्रमाणीत गर्ने अन्य कागजातहरु त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्न व्यवस्था छ । गो.भौ.९६९ मिति २०७७।०३।२६ बाट श्री बेलघारी खरहे नियन्त्रण उपभोक्ता समितिलाई ग्याविन वर्कको रु.११२५०० भुक्तानी दिएकोमा उपभोक्ता समितिले पेश गरेको बिल अनुसार निलकमल ईन्टरप्राईजेजबाट ३४२ के.जि. अर्थात २*१*१ को १३ थान मात्र जाली खरिद गरेको देखिन्छ । प्राविधिक मूल्यांकनमा १६ थान जालि प्रयोग भएको देखाई भुक्तानी भएको छ। तसर्थ खरिद गरिएको भन्दा बढी परिमाण प्रविधिक	२३३३८

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	मूल्यांकन गरी ३ थान जालिको प्रति थान रु.३२७९।३२ र ६ घ.मि. स्टोन फिलिङ्गको प्रति घ.मि. रु.२२५० का दरले रु.२३३३७।९६ बढि भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु.	
५१.	**व्याकफिलीङ्गमा बढी दर** – सडकको स्वीकृत नर्म्स तथा पालिकाले गरेको दर विश्लेषणको आधारमा व्यकफिलिङ्ग गर्ने कार्य प्रति घ.मि.२०० को दर कायम गरेको छ । तर भौ.नं.२२४ मिति २०७६।१०।०७ बाट ढाक्रेबास लप्काबाट जरायोटार खोल्सामा कल्भर्ट निर्माण गर्ने कार्यमा व्याक फिलिङ्गको दर प्रति घ.मि.रु.५०४।९८ का दरले भुक्तानी दिएको छ । जसका कारण प्रति घ.मि.रु.२०४।९८ का दरले ९० घ.मि.मा रु.१८४४४।६० बढी भुक्तानी भएको देखिन्छ । बढी भुक्तानी भएको असूल हुनुपर्ने रु.	१८४४५
५२.	**मेसिन लागएकोमा म्यानुअल दर** – स्वीकृत सडक तथा भवन नर्म्स अनुसार सडक तथा जग खन्ने कार्य मान्छेबाट हुने गरी सडक तर्फ प्रति घ.मि.रु.४१२ र ५७६।८० तथा भवन तथा अन्य निर्माणतर्फ ४९४।४० र ६५९।२० कायम गरेको छ । मेसिन लगाई कार्य गरेकोमा नरम माटोको प्रति घ.मि.दर रु.६५।४३ र कडा माटोको दर रु.९६।७९ कायम गरेको छ । त्यसैगरी सडक सरसफाई तर्फ मान्छेको दर प्रति ब.मि. रु.१२८ र मेसिनको दर प्रति ब.मि. रु.२३।५३ हुने देखिन्छ । पालिकाबाट म्यानुअल हुने गरी लागत अनुमान तयार भएकोमा देहायका योजनामा मेशिन लगाई कार्य गरेकोमासमेत लागत अनुमानकै दरमा भुक्तानी भएको छ । जसबाट देहाय अनुसार रु/ ११८३८३३ बढी भुक्तानी हुन गएको देखिएकोले उक्त रकम असूल हुनुपर्ने रु.	११८३८३३

भौ.नं.	व्यहोरा	रकम
४१६	हात्तिसार जसपनटार मोटर बाटो निर्माण कार्यको लागि सर्फेस ड्रेसिङ्गको कार्य मान्छेबाट गर्ने भनी प्रति व.मि.रु.१२८ को दरमा लागत अनुमान तयार भएकोमा उपभोक्ता समितिले मेसिन लगाई कार्य गरेकोले मन्छेकै दरमा उपभोक्ता समितिलाई भुक्तानी भएको छ । मेसिन लगाई कार्य गराउदा *(उ/स/को माईनुटमा समेत उल्लेख भएको)* प्रति व.मि.रु.२२।५३ का दरले मात्र भुक्तानी हुनुपर्नेमा प्रति व.मि.रु.१२८ का दरले भुक्तानी भएकोले रु.१०५।४७ का दरले ३९६० व.मि.मा रु.४१७६६१।२० बढी भुक्तानी भएको रकम रु.	४१७६६१
२३८	रिठ्ठे भन्ज्याङ्ग गहते सिस्नेरी सडक निर्माण कार्यको लागि सर्फेस ड्रेसिङ्गको कार्य मान्छेबाट गर्ने भनी प्रति व.मि.रु.१२८ को दरमा लागत अनुमान तयार भएकोमा उपभोक्ता समितिले मेसिन लगाई कार्य गरेकोले मन्छेकै दरमा उपभोक्ता समितिलाई भुक्तानी भएको छ । मेसिन लगाई कार्य गराउदा *(उसको माईनुटमा समेत उल्लेख भएको)* प्रति व.मि.रु.२२।५३ का दरले मात्र भुक्तानी हुनुपर्नेमा प्रति व.मि.रु.१२८ का दरले भुक्तानी भएकोले रु.१०५।४७ का दरले १९६३ व.मि.मा रु.२०७०३७।६१ बढी भुक्तानी भएको रकम रु.	२०७०३८
२५७	वडा नं ११ जस्मनटार तेर्से सडक सफाई कार्यको लागि श्री लिलानाथ देवकोटाले भुक्तानी लिएकोमा मेसिन लगाई कार्य गरेको *(सप्तरंगीको जेसीबी प्रयोग भएको)* प्रति व.मि.रु.२२।५३ का दरले मात्र भुक्तानी हुनुपर्नेमा प्रति व.मि.रु.१२८ का दरले भुक्तानी भएकोले रु.१०५।४७ का दरले ७९१ व.मि.मा रु.८३४७४।२३ बढी भुक्तानी भएको रकम रु.	८३४७५
२५९	भिरगाँउ सिरुडाडाँ सडक सफाई कार्यको लागि श्री पदम प्रसादले भुक्तानी लिएकोमा मेसिन लगाई कार्य गरेको *(सप्तरंगीको जेसीबी प्रयोग भएको)* प्रति व.मि.रु.२२।५३ का दरले मात्र भुक्तानी हुनुपर्नेमा प्रति व.मि.रु.१२८ का दरले भुक्तानी भएकोले रु.१०५।४७ का दरले ८१० व.मि.मा रु.८५४३०।७० बढी भुक्तानी भएको रकम रु.	८५४३१

दफा	भौ.नं., मिति र ब्यहोरा			बेरुजू रकम
	२८१	हात्तीगौडा शिखरापुर सडक उसभोक्ता समितिले सर्फेस ड्रेसिङ्गको कार्य मान्छेबाट गर्ने भनी प्रति व.मि.रु.१२८ को दरमा लागत अनुमान तयार भएकोमा उपभोक्ता समितिले मेसिन लगाई कार्य गरेकोमा मान्छेकै दरमा उपभोक्ता समितिलाई भुक्तानी भएको छ । मेसिन लगाई कार्य गराउदा *(उसको माईनुटमा समेत उल्लेख भएको तथा नेवा निर्माण सेवाको जेसीवि प्रयोग भएको)* प्रति व.मि.रु.२२।५३ का दरले मात्र भुक्तानी हुनुपर्नेमा प्रति व.मि.रु.१२८ का दरले भुक्तानी भएकोले रु.१०५।४७ का दरले ९९५ व.मि.मा रु.१०४९४२।७० बढी भुक्तानी भएको रकम रु.	१०४९४३	
	२८३	माटे फिर्रे सडक उसभोक्ता समितिले सर्फेस ड्रेसिङ्गको कार्य मान्छेबाट गर्ने भनी प्रति व.मि.रु.१२८ को दरमा लागत अनुमान तयार भएकोमा उपभोक्ता समितिले मेसिन लगाई कार्य गरेकोले मन्छेकै दरमा उपभोक्ता समितिलाई भुक्तानी भएको छ । मेसिन लगाई कार्य गराउदा *(उसको माईनुटमा समेत उल्लेख भएको तथा मधुगंगा कन्ट्रकसनको जेसीवि प्रयोग भएको)* प्रति व.मि.रु.२२।५३ का दरले मात्र भुक्तानी हुनुपर्नेमा प्रति व.मि.रु.१२८ का दरले भुक्तानी भएकोले रु.१०५।४७ का दरले ९८० व.मि.मा रु.१०३३०६।६० बढी भुक्तानी भएको रकम रु.	१०३३०७	
	१०९	वटा नं १२ सडक मर्मत कार्यको लागि श्री सनतोष घिमिरेले भुक्तानी लिएकोमा मेसिन लगाई कार्य गरेको *(जनसेवाको कन्ट्रक्सको जेसीबी प्रयोग भएको)* प्रति व.मि.रु.२२।५३ का दरले मात्र भुक्तानी हुनुपर्नेमा प्रति व.मि.रु.१२८ का दरले भुक्तानी भएकोले रु.१०५।४७ का दरले ७८४ व.मि.मा रु.८२६८८।४८ बढी भुक्तानी भएको रकम रु.	८२६८८	
	१५५	वडा नं ८ का विभन्न बाटोहरु सफाई कार्यको लागि श्री पदम प्रसादले भुक्तानी लिएकोमा मेसिन लगाई कार्य गरेको *(गौरीमाई कन्ट्रक्सको जेसीबी प्रयोग भएको)* प्रति व.मि.रु.२२।५३ का दरले मात्र भुक्तानी हुनुपर्नेमा प्रति व.मि.रु.१२८ का दरले भुक्तानी भएकोले रु.१०५।४७ का दरले ७७९।७० व.मि.मा रु.८२२६६।६० बढी भुक्तानी भएको रकम रु.	८२२६७	
	७८१	साविकको वडा नं ७ गोरीटोल जालि भर्नेको लागि फाउन्डेसन खन्ने कार्य मान्छेबाट गर्ने भनी प्रति घ.मि.रु.४१२ को दरमा लागत अनुमान तयार भएकोमा उपभोक्ता समितिले मेसिन लगाई कार्य गरेकोले मन्छेकै दरमा उपभोक्ता समितिलाई भुक्तानी भएको छ । मेसिन लगाई कार्य गराउदा *(श्रेस्तामा पेश फोटोमा समेत जेसीबीले खन्ने कार्य गरिरेहेको)* प्रति घ.मि.रु.९६।७९ का दरले मात्र भुक्तानी हुनुपर्नेमा प्रति घ.मि.रु.४१२ का दरले भुक्तानी भएकोले रु.३१५।२१ का दरले ५४ घ.मि.मा रु.१७०२१।३४ बढी भुक्तानी भएको रकम रु.	१७०२२	
		जम्मा	**११८३८३३**	
५३.	**बिल पेश हुनुपर्ने** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (१०) मा उपभोक्ता समितिले हरेक किस्ताको रकम कामको प्राविधिक मुल्यांकन, खर्चका विल भरपाई, तथा खर्च प्रमाणीत गर्ने अन्य कागजातहरु त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धीत सार्वजनिक निकायमा पेश गर्नुपर्न व्यवस्था छ । पालिका र उपभोक्ता समितिबीच भएको सम्झौतामासमेत उपभोक्ता समितिले निर्माण कार्यमा खर्च भएको देखिने बिल भरपाईहरु पालिकामा पेश गर्नुपर्ने उल्लेख गरेको देखिन्छ । तर उपभोक्ता समितिले देहायको योजनाहरुमा नन लोकल मटेरियल खरिद गरेको बिल कार्यालयमा पेश गरेकोमा उक्त निर्माण कार्यको लागि आवश्यक पर्ने परिमाण नपुग्ने देखिन्छ । जसबाट स्थानीय स्तरमा उपभोक्ताबाट उत्पादन नहुने तथा खरिद गरेरमात्र प्रयोग गर्न सकिने सामाग्रीहरुको हकमा उपभोक्ता समितिले खरिद गरेको भन्दा बढी परीमाण प्रयोग भएको भन्न सकिने अवस्था रहेन । तसर्थ देहायअनुसारका योजनामा निम्नानुसार उपभोक्ता समितिले खरिद गरेको भन्दा बढी प्रयोग गरेको देखिएकोले नपुग भएको परिमाणको बिल पेश हुनुपर्ने अन्यथा उक्त रकम असूल हुनुपर्ने देखिएको रु.////				१४८२७८

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

लागत अनुमान अनुसार ईटाको दर प्रति गोटा रु.१४।१२ प्रयोग गरीएको छ ।

गो.भौ	उपभोक्ता समिति	सामान	कार्य परिमाण	आवश्यक पर्ने परीमाण	उसबाट खरिद परिमाण	नपुग परीमाण	बिल पेश अन्यथा असुल हुनुपर्ने रु.
९	राजपति गाई फर्म देखि थापाटोल हुदै आहाले सडक	ईटा गोटा	५३.३	३००००	२६०००	४०००	५६४८०
३००	कोलचौर अधुरो सामुदायिक भवन	ईटा गोटा	३२.१५	१८०००	१५०००	३०००	४२३६०
३८४	धामि डुमरियामा मावि ८ कोठे भवन, शौचालय	ईटा गोटा	६.१२	३५००	०	३५००	४९४३८
	जम्मा						**१४८२७८**

५४.	**वढी भुक्तानीः** गो.भौ. २४ मिति २०७७।०३।२७, आशेखोल्सी देखि सिन्धुली बांग्मय प्रतिस्ठान हुदै जर्वुटेकला सडक निर्माण अन्तरगत १:४ को स्टोन म्यासनरी प्रति घ.मि. रु.८३०८।१४ का दरले ६६ घ.मि. वाल लगाउने गरी लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता भएको छ । पालिका प्राविधिकले तयार गरेको उपभोक्ता समितिकोकाम को ठेक्का बिल तथा कार्यसम्पन्न प्रतिवेदनमा उपभोक्ता समितिले १:६ को स्टोन म्यासनरी वाल लगाएको देखिन्छ। उपभोक्ता समितिले सम्झौता विपरित १:६ को स्टोन म्यासनरी वाल लागाएकोमा १:६ को स्टोन म्यासनरीको दरवबाट भुक्तानी दिनु पर्नेमा लागत अनुमान अनुसार १:४ कै दर प्रति घ.मि.रु.८३०८।१४ कायम गरी भुक्तानी दिएको देखियो । पालिकाले तयार गरेको दर विश्लेषण अनुसार १:६ स्टोन म्यानरिको दर प्रति घ.मि.रु.७९९२।५२ प्रयोग गर्नुपर्नेमा रु.८३०८।१४ को प्रयोग गरेकोले प्रति घ.मि.रु.३१२।६२ का दरले ६५।१० घ.मि.मा रु.२०३५१।५६ बढि भुक्तानी भएको देखिन्छ । तसर्थ उक्त रकम असूल गरी संचितकोष दाखिला हुनुपर्ने देखिएको रु.	२०३५२
५५.	**फरक सामग्री प्रयोगः** गो.भौ. ४१६ मिति २०७६।११।२९, योन्जन डाँडा गुरुङ्गटोल हुदै खरखेत सडक ढलान कार्यमा उपभोक्ता समितिले १:६ को स्टोन म्यासनरी वाल लागाउने कार्य गरेकोमा प्रति घ.मि.रु.७५०८।५२ को दर (रिभर बेड स्टोन प्रयोग भएकोले) प्रयोग गर्नुपर्नेमा रु.८३०८।१४ को प्रयोग गरेकोले प्रति घ.मि.रु.७९९।६२ का दरले २३।०४ घ.मि.मा रु. १८४२३/२४ बढि भुक्तानी भएको देखिन्छ । तसर्थ उक्त रकम असूल गरी संचितकोष दाखिला हुनुपर्ने देखिएको रु.	१८४२३
५६.	**फरक दर प्रयोगः** गो.भौ. ९०० मिति २०७७।३।२४, जेष्ठ नागरीक प्रतिक्षालय निर्माण कार्यमा १:६ को स्टोन म्यानरी वाल लागाउन कार्य गरेकोमा प्रति घ.मि.रु.७५०८।५२(रिभर बेड स्टोन प्रयोग भएकोले) प्रयोग गर्नुपर्नेमा रु.८३०८।१४ को प्रयोग गरेकोले प्रति घ.मि.रु.७९९।६२ का दरले १६।५८ घ.मि.मा रु.१३२५७।७० बढि भुक्तानी भएको देखिन्छ । तसर्थ उक्त रकम असूल गरी संचितकोष दाखिला हुनुपर्ने देखिएको रु.	१३२५८
५७.	**पि.पि.सि. सिमेन्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै उपभोक्ता समितिसँग भएको सम्झौतामा समेत कार्यालयले तोके भन्दा फरक गुणस्तरमा कार्य गरेमा कार्यालयबाट भुक्तानी नहुने उल्लेख छ । कार्यालयले देहायका योजनामा ओ.पि.सि.सिमेन्टको प्रयोग गर्ने गरी लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिसँग सम्झौता गरेकोमा उपभोक्ता समितिले पि.पि.सि. सिमेन्ट खरिद गरी प्रयोग गरेको मू.अ.कर बिजक समावेश गरेकोमा समेत कार्यालयले लागत अनुमान अनुसार ओ.पि.सि.सिमेन्टकै दरमा भुक्तानी गरेको छ । जिल्ला दररेट अनुसार ओ.पि.सि. सिमेन्टको दर प्रति बोरा रु.८४०।०० (मू.अ.कर बाहेक) र पि.पि.सि. सिमेन्टको दर प्रति बोरा रु.६४०।०० (मू.अ.कर बाहेक) रहेको छ । जसबाट एकातर्फ तोकीएको गुणस्तर बमोजिमको कार्य भएको छैन भने आर्कोतर्फ प्रति बोरा रु.२२६ (मू.अ.कर समेत) का दरले बढी भुक्तानी भएको छ ।	७९८०६

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>त्यसरी तोकीएको गुणस्तरमा कार्य नभएको अवस्थामा यसले निर्माण कार्यको दिगोपनामा असर गर्ने देखिन्छ । नमुना छनौट गरिएका तपसिल बमोजिमको योजनामा तोकिए भन्दा फरक गुणस्तरको निर्माण सामाग्रीको प्रयोग भएको अवस्थामासमेत लागत अनुमान कै दरमा भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु.
<table>
<tr><th>गो.भौ.</th><th>योजनाको नाम</th><th>उ.स.बाट खरिद गरिएको विलका सिमेन्टको सप्लायर्स</th><th>उ.स.बाट खरिद गरिए को विलका आधारमा सिमेन्ट बोरा संख्या</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१६</td><td>बाराही मन्दीर नर्माण</td><td>सातधारा सप्लायर्स र जयमाँ चण्डेश्वरी हार्डवयर</td><td>२०५</td><td>४६३३०</td></tr>
<tr><td>१७</td><td>राममाडी गर्दुवा खोला बुढाथोकी टार मोटर बाटो</td><td>राजेश हार्डवियर प्रालि</td><td>१०१</td><td>२२८२६</td></tr>
<tr><td>८९३</td><td>बर्द बहादुर गण सैनीक ईलाकाभित्रका सडक ढलान</td><td>मनकामना हार्डव्यर एण्ड सप्लायर्स</td><td>५०</td><td>११३००</td></tr>
<tr><td>९५६</td><td>ज्यामिरे अधुरो सामुदायिक भवन मर्मत</td><td>मनकामना हार्डव्यर एण्ड सप्लायर्स</td><td>३५</td><td>७९१०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td>७९८०६</td></tr>
</table></td><td></td></tr>
<tr><td>५८.</td><td>फरक मुल्यांकन — गो.भौ.७०० मिति २०७७।०३।०८ बाट चौराही खानेपानी निर्माण उपभोक्ता समितिलाई रु.४५००००० भुक्तानी दिएको छ ।उक्त खानेपानी निर्माणका लागि ६३ एमएमको ६ के.जि.प्रेसरको एचडीपीई पाईप खरिद गर्ने गरी प्रति र.मि. रु.२६४।१४ का दरले १४४० मिटर पाईप खरिद गर्ने लागत अनुमान तयार गरि उपभोक्ता समितिसँग सम्झौता गरेकोमा उपभोक्ता समितिले जगदम्बा डिपो एण्ड सेल्सबाट ५५० र निलकमल ईन्टरप्राईजेजबाट ९०० मिटर ४ के.जि.प्रेसरको पाईप खरिद गरी प्रयोग गरेको देखिन्छ । पालिकाको दररेट अनुसार ६३ एमएम ४ के.जि. प्रेसरको पाईपको मुल्य प्रति र.मि.रु.१८१।७९ मात्र रहेको छ । उपभोक्ता समितिले कम दरको फरक सामग्री गरिद गरेकोमा पालिकाले लागत अनुमानकै दरमा भुक्तानी दिएकोले प्रति र.मि. रु.८२।५३ का दरले १४४० मिटरमा रु.११८५८४ बढी भुक्तानी भएको देखिन्छ । बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु.</td><td>११८५८४</td></tr>
<tr><td>५९.</td><td>दोहोरो भुक्तानी - गो.भौ.१०९ मिति २०७६।०८।१८ बाट वडा सचिव श्री सन्तोष घिमिरेले वडा नं १२ स्थित वर्षाका कारण क्षतिग्रस्त भएको रिठ्ठे गहते हुदै सिस्नेरी सडक सफाई कार्य अमानतबाट गराएको भनी रु.१००००० भुक्तानी लिएकोमा गो.भौ.२३८ मिति २०७६।१०।०९ बाट पुन वर्षाका कारण क्षतिग्रस्त भएको भनी रिठ्ठे भङ्याङ्ग गहते सिस्नेरी सडक मर्मत उपभोक्ता समिति लाई रु.२२५००० भुक्तानी दिएको छ । पालिकाका रु.२५०००० भन्दा कमको लागत अनुमान वडा कार्यालयबाट स्वीकृत हुने र भुक्तानीका लागि मात्र पालिकामा पेश हुने अवस्थामा समेत यसरी वडामा एउटै योजनामा दोहोरो भुक्तानी भएकोले वडाबाट संचालन भएका अन्य योजनाहरुमासमेत दोहोरो भुक्तानी भएको छैन भन्न सकिने अवस्था रहेन । तसर्थ एकै योजनामा दोहोरो भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु.</td><td>२२५०००</td></tr>
<tr><td>६०.</td><td>जनश्रमदान - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहोर्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.</td><td>५४३७४</td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

गो.भौ.	उपभोक्ता समिति र काम	सम्झौता रकम	कार्य सम्पन्न रकम	उपभोक्ताले व्यहोर्ने %	घटी अनुपातिक कट्टी रकम
८९९	रामेश्वर मन्दीर वृद्ध प्रतिक्षालय निर्माण	१००९८०५.७३	९५७६०५.५४	१०	४६५२३
९९५	धनमाना हुदै ऐतिहासिक सिन्धुली	१२५१०१७८.४६	११७३००१	१०	७८५१
जम्मा					५४३७४

६१. **मौज्दात रहने गरि खरिद** - गो.भौ.१०२४ मिति २०७७।०३।२७ बाट पालिकाले रु.४९७१९५ का डस्टबिन खरिद गरिएको छ । तर लेखापरीक्षण अविधसम्म २०७७।११।०३ सम्म पनि उक्त डस्टविनहरु वितरण भएको देखिएन। यसरी पालिकाले आर्थिक वर्षको अन्तमा मौज्दात रहने गरि खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

६२. **पाईप तथा जालि वितरण** — पालिकाबाट प्राप्त विवरण अनुसार गत आर्थिक वर्षमा खरिद गरेको विभिन्न एचडीपीई पाईहरुमध्ये १५ जना व्यक्तिले ३० देखि १५०० मिटर र डीमेगा सिन्धुलिलाई ३५२० मिटर पाईप वितरण गरेको छ । त्यसैगरी १७ जना व्यक्तिलाई प्रति व्यक्ति ५ देखि २० थानसम्म २*१*१ साईजका १६४ थान ग्यावियन बक्स वितरण गरेको छ । उक्त पाईप तथा जालिहरुहरु स्थानीयको मागका आधारमा पालिका प्रमुखको तोकआदेशमा वितरण गरिदै आएको जानकारी लेखापरीक्षणको क्रममा प्राप्त भएको छ । उक्त वितरित पाईपहरु के कति जडान भएका छन सो देखिने प्राविधिक मुल्यांकनसमेत संलग्न रहेको देखिएन। तसर्थ प्राविधिक मुल्यांकनका आधारमा उक्त पाईप तथा जालीहरुको वितरण गर्ने तथा वितरित पाईप तथा जालीहरु जडान भएको देखिने गरी कार्य सम्पन्न प्रतिवेदनसमेत राख्ने गर्नुपर्ने देखिन्छ ।

६३. **सहज कार्यको परिमाण बढाएको** — पालिकाले उपभोक्ता समितिबाट संचालन गरेको देहायको योजनामा उपभोक्ता समितिले पीसीसी लगायतका कार्यको परीमाण नगरि सहजै रुपमा गर्न सकिने स्टोन म्यासनरी, ग्राभेलीङ्ग लगायतका कार्यको चौडाई तथा मोटाई बढाई बढी कार्य गरेको देखाई सम्झौता अनुसारको रकम भुक्तानी लिएको देखिन्छ । यसरी लागत अनुमान भन्दा फरक कार्य गर्दा उपभोक्ता समितिले प्राविधिक पुष्टाई सहित पालिकाको सहमतिसमेत लिएको पाईएन। जसबाट देहायको योजनामा स्टक्चरतर्फ पीसीसी लागयतका कार्य नगरी चौडाई तथा मोटाई/उचाई बढाई बढी कार्य गरेको देखाई कार्यालयलाई देहायअनुसारको रकम थप व्यभार परेको छ । यसरी चौडाई तथा मोटाई बढाई कार्य गर्नु गराउनुको प्राविधिक पुष्टाई पेश हुनुपर्ने अन्यथा आवश्यकता भन्दा मोटाई तथा चौडाई बढाई बढी कार्य गरी भुक्तानी लिएको रकम असूल हुनुपर्ने देखिएको रु. ७०३६३४

गो.भौ.	योजनाको नाम	विवरण	रकम
१७	रामाडी गर्दुवा खोला पुल देखि बुढाथोकी टार मोबा	स्टोन म्यानरी तर्फ ४६।६६ घ.मि.मात्र कार्य गर्ने गरि सम्झौता भएकोमा उपभोक्ता समितिले पीसीसीलगायतका कार्य नगरी वालको लम्बाई, चौडाई तथा उचाई बढाई ८९।७६ घ.मि. अर्थात सम्झौता भन्दा ४३।१० घ/मि/ स्टोन म्यासनरीको कार्य वढाएको छ । जुन लागत अनुमान भन्दा प्रति घ.मि. रु.८३०८।१४ का दरले रु.३९९६२१ वढी भुक्तानी भई स्वीकृत परिमाण भन्दा वढी भुक्तानी भएको रु/	३९९६२१.००
२१	जनजाग्रिति मावि कम्पाउण्ड वाल निर्माण	लागत अनुमामा २।३८ मिटर उचाई भएको वाल लगाउने भनीएकोमा उपभोक्ता समितिले २।५५ मिटर उचाई भएको वाल लागाई ८।३८ घ.मि. थप कार्यको प्रति घ.मि.रु.७९९२।५२ का दरले भुक्तानी भई स्वीकृत परिमाण भन्दा वढी भुक्तानी भएको रु/	६७०९३.८४
२४	आशेखोल्सि देखि सिन्धुली बाग्मय प्रतिस्ठान हुदै जर्बुटाकला सडक	लागत अनुमामा २२० मिटर लम्बाई ३।८५ मिटर चौडाई तथा ०।१५ मिटर मोटाईको ग्राभेलीङ्ग गर्ने कार्य गर्ने भनीएकोमा उपभोक्ता समितिले २४२ मिटर लम्बाई ५ मिटर चौडाई तथा ०।१५ मिटर मोटाईको कार्य गरेको भनी ४१।७५ घ.मि. थप कार्य प्रति घ.मि.रु.१००० का दरले स्वीकृत परिमाण भन्दा वढी परिमाणको भुक्तानी भएको रु/	४१७५०.००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	११ | एकपाखेबाट छतिवन तीनपाटन कोटगाँउ जोडने | लागत अनुमामा स्टोन वाल लगाउने कार्य १२७।२७ घ.मि. रहेकोमा उपभोक्ता समितिले १५०।७६ घ.मि. कार्य गरी लगात अनुमान भन्दा २३।४९ प्रति घ.मि.रु.८३०८।१४ का दरले वढी परीमाणको रकम भुक्तानी भएको रु/ | १९५१५८.२८ **जम्मा** | **७०३६२३.१२**	
६४.	**रेडक्रबाट भवन निर्माणको कार्य** — नेपाल रेडक्रस सोसाईटी स्वास्थ्य तथा सामाजिक सेवा सम्बन्धी कार्य गर्न दर्ता भएको संस्था हो । सामाजिक तथा स्वास्थ्यसँग सम्बन्धित कार्य गर्ने संस्था लाभग्राही समुदाय नभएकोले उक्त संस्थाले भवन निर्माण गर्न पाउने कानुनी व्यवस्था सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा देखिदैन।यसरी खरिद नियमावली अनुकुल नहुने गरी विपद व्यवस्थापन घर निर्माण कार्यको लागि रु.३२८५०२०।३० को लागत अनुमान तयार गरि रु.२५ लाख नगरपालिकाले बेहोर्ने गरी पालिका र नेपाल रेडक्रस सोसाईटी- सिन्धुली बीच सम्झौता गरी यो वर्ष रु.१७६३१४३।४६ को कार्य सम्पन्न गरि पालिकाले नगद सहभागीताको रकम रु.१४१०५१४ भुक्तानी दिएको देखियो।विसुद्ध समाज सामाजिक सेवा गर्ने पवित्र उद्धेश्य रहेको सस्था ठेक्कापट्टामा सम्लग्न हुनु उपयुक्त समेत नहुने भएकोले यसप्रकारको कार्यमा नियन्त्रण गर्नुपर्ने देखियो।	
६५.	**सामग्री खरिदमा कर्मचारीले पेश्की** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ ।सोही नियमावलीको नियम १२३)८* मा सेवा प्रदायक तथा आपूर्तिकर्तालाई पच्चीस हजार रुपयाँ भन्दा वढी रकम भुक्तानी गर्दा एकाउण्टपेयी चेक मार्फत गर्नु पर्ने उल्लेख भएकोमा पालिकाका कर्मचारीले पेश्की लिई सामान खरिद गर्ने गरेको देखियो । लेखापरीक्षणको क्रममा नमुना छनौट गरिएकोमध्ये देहायका सामान खरिदका लागि कर्मचारीले पेश्की लिई सोझै खरिद गरी पेश्की फछ्र्यौट गरेको देखियो। प्रदायकलाई एकाउण्टपेयी चेक मार्फत भुक्तानी गर्नु पर्ने कारोवार पेश्की लिई नगद भुक्तानी दिने प्रकृया नियन्त्रण गर्नु पर्दछ। **गो.भौ.** | **पेश्की लिने कर्मचारीको नाम** | **खरिद गरिएका सामाग्री** | **बिल रकम रु.** १०५७ | श्री टंक बिक्रम थापा | पुरस्तक खरिद | २७५०००.०० १०५५ | श्री हिरा बहादुर बस्नेत | पोष्टमार्टम औजार | १००००००.०० ७६ | श्री प्रकास चन्द्र | डष्टविन खरिद | २००००००.०० ९०५ | श्री रुपा कार्की | फलफुल तथा तरकारी बेर्ना | १००००००.०० जम्मा | **६७५०००.००**	
६६.	**घटीको बिल —** पालिकाले गो.भौ.९०९ मिति २०७६।०३।२७ बाट जनजागृती मावि शैक्षिक विकास अनुदान रु.८५००००० उपलब्ध गराएकोमा विद्यालयले देहायअनुसारका कार्यमा खर्च गरेको छ । १. शैक्षिक विकास अनुदानबाट विद्यालयले कक्षा ११ र १२ का रु.२८१३२५ का र शब्दकोष लगायत अन्य विभिन्न प्रकारका रु.५३८२५ का पुस्तक खरिद गरेको छ । २. सीसी क्यामेराखरिद तथा जडान, एलईडी ३२ ईन्च टेलिभिजन तथा ल्यापटव तथा प्रोजेक्टर खरिमा रु.२८५३२५ खर्च गरेको छ । ३. तारजाली खरिद तथा वाल निर्माणमा रु.१६५५६२ र अन्य विविध रु.२४७६२ खर्च गरेको छ । उपरोक्त विवरण अनुसार पालिकाले शैक्षिक विकास अनुदान उपलब्ध गराएकोमा कक्षा ११ र १२ का किताब खरिद, वाल निर्माण, सिसी क्यामेरा जडान लगाएका कार्यमा खर्च गरी उक्त रकम फर्छ्यौट गरेको देखियो । विद्यालयले पेश गरेको विल भरपाई अनुसार रु.३९२०१ को बिल नपुग भएकोले उक्त रकम असूल गरी शैक्षिक विकास अनुदानलाई तोकीएको शिर्षकमा मात्र खर्च गर्नुपर्ने देखिएको रु.	८५००००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
६७.	**निजी विद्यालयलाई अनुदान —** पालिकाले आफ्नो क्षेत्र भित्र रहेको सरकारी तथा सामुदायिक विद्यालयलाई प्रोत्साहित गर्ने कार्य गर्नुपर्नेमा निजि विद्यालयलाई अनुदान दिएको देखियो । गो.भौ.९०३ मिति २०७७।०३।२४ बाट फुटकर तथा विविध शिर्षकबाट न्यु ईङलिस बोर्डीङ्ग स्कुललाई विज्ञान प्रदर्शनीको लागि रु.१ लाख उपलब्ध गराएको छ । विद्यालयले सहभागी विद्याथिर्को होटलबासमा खर्च भएको बिल पालिकामा पेश गरेको छ । पालिकाले फुटकर तथा विविध शिर्षकमा आफ्नो क्षेत्राधिकार बाहिर खर्च गर्ने गरी रकम विनियोजन गर्ने कार्यमा नियन्त्रण गर्दै निजि विद्यालयलाई अनुदान दिने नेपाल सरकारको नीति रहेको नदेखिएकोले उक्त रकम फिर्ता असूल गर्नुपर्ने देखिएको रु.	१०००००
६८.	**जग्गा खरिद —** नेपाल सरकार तथा मातहतका निकायले जग्गा खरिद गर्दा जग्गा प्राप्ती ऐन २०३४ मा उल्लेख भए बमोजिमको प्रकृया पूरा गर्नुपर्दछ । तर पालिकाले गो.भौ.२७४ मिति २०७६।१०।१४ मा जनजागृती माध्यामिक विद्यालयको पूर्वाधार विकास अनुदानमा विनियोजन गरेको रकम विद्यालयले पालिकासँग मिति २०८६।१०।१४ मा सम्झौता गरि रु.१५ लाख जग्गा खरिद गर्नमा प्रयोग गर्ने र बाँकी रकम पूर्वाधार निर्माण गर्ने गरी रु.२७ लाख भुक्तानी दिएको छ । सार्वजनिक निकायले जग्गा खरिद गर्दा नेपाल सरकारको स्वीकृति लिनुपर्नेमा सो समेत लिएको पाईएन ।अतः विद्यालयले भुक्तानी लिएको रकमबाट नेपाल सरकारको स्वीकृति लिई निर्धारित प्रकृया अनुसार जग्गा खरिद गरेको तथा पूर्वाधार निर्माण भएको कार्य सम्पन्न प्रतिवेदनपेश गर्नु पर्ने रु.	२७०००००
६९.	**अनुदानको प्रयोग —** पालिकाले गो.भौ.२३९ मिति २०७६।११।०२ बाट पालिका क्षेत्रभित्र उच्च शिक्षाको विकास र विस्तारका लागि सिन्धुली बहुमुखि क्यामपसलाई रु.१५००००० अनुदान दिएको छ । क्याम्सपले बीबीए प्रोग्रम संचलानको लागि त्रिभुवन विश्विद्यालयमा धरौटी राख्ने प्रयोजनका लागि उक्त रकम माग गरे अनुसार पालिकाले अनुदान दिएको देखिन्छ । क्याम्पसले मिति २०७६।११।०२ मा धरौटी राख्ने प्रयोजनका लागि रकम भुक्तानी लिएकोमा उक्त रकम त्रिभुवन विश्विविद्यालयमा धरौटी राखेको प्रमाण पालिकामा पेश गरेको छैन् । लेखापरीक्षणको क्रममा क्याम्पसले रकम दाखिला गरेको प्रमाण माग गरिएकोमा त्रिभुवन विश्वविद्यालय व्वस्थापन संकाय डिनको कार्यलयमा मिति २०७७।१०।२८ मा बिबिएस सम्बन्धनका लागि विद्यार्थिबाट संकलित रकम भनी श्री सारदमणी खड्काको नामबाट दाखिला भएको भौचर पेश गरेको छ । क्याम्पसले पालिकाबाट बिबिए संम्बन्धनको धरौटी राख्ने प्रयोजनको लागि लिएको रकम फरक प्रयोजनमा प्रयोग भएको पाईएको छ भने १ वर्ष अघी उक्त कार्य गर्ने भनी लिएको रकमबाट लेखापरीक्षणबाट औल्याएश्चात दाखिला गरेको भौचर पेश गरेको छ । रकम दाखिला गर्दा विद्यार्थिबाट संकलित रकम बिबिएस सम्बन्धनका लागि धरौटी खातमा दाखिला गरिएको तर बिबिए संम्बन्धनको कार्य नै नभएकोले उक्त रकम फिर्ता लिनुपर्ने देखिएको रु.	१५०००००
७०.	**प्राविधिक शिक्षालय पूर्वाधार व्यवस्थापन —** पालिकाले वार्षिक बजेट मार्फत सिन्धुली सामुदायिक टेक्निकल ईन्स्टिच्युटको लागि प्राविधिक शिक्षालय पूर्वाधार व्वस्थापन अनुदानका लागि रु.१ करोड बजेट व्यवस्थापन गरेको छ । पालिका र शिक्षालयबीच मिति २०७७।०२।०८ मा भएको सम्झौताको बुदा नं.२ मा पालिकाबाट उपलब्ध गराईएको अनुदान तोकिएको शीर्षक बाहेकका शिर्षकमा खर्च गर्न नहुने र बुदा नं.६ मा सम्झौतामा तोकिए भन्दा फरक शीर्षकमा खर्च गरेकमा सम्झौता रद्द गर्ने उल्लेख छ । शिक्षालयले प्रथम किस्ता वापत रु.७५ लाख भुक्तानी लिएकोमा उक्त रकमबाट शिक्षालयको लागि आवश्यक जग्गा खरिद गरेको भनी जग्गा प्राप्त गरेको पुर्जाको फोटोकपी सहितका बिल भरपाई पेश गरेको छ । सोही आधारमा पालिकाले थप रु.२५ लाख भुक्तानी दिएको छ । नेपाल सरकार तथा मातहतका निकायले जग्गा खरिद गर्दा जग्गा प्राप्ति ऐन- २०३४ मा उल्लेख भए बमोजिमको प्रकृया पूरा गर्नुपर्दछ । शिक्षालय आफैले मुल्य निर्धारण समिति गठन गरि प्रति कठ्ठा रु.२ लाख का दरले रु.९८३५५०० को ३-१-१३-१ जग्गा गरिद गरेको छ । सार्वजनिक निकायले जग्गा खरिद गर्दा नेपाल सरकारको स्वीकृति लिनुपर्नेमा सोसमेत लिएको पाईएन भनी लेखापरीक्षणबाट औल्यापश्चात प्रदेश सभाकालागि निर्वाचित सांसद तथा प्रमुख जिल्ला अधिकारी सहितको मिति	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	२०७७।१०।१७ गते बसेको बैठकबाट निर्णयभए अनुसार दररेट निर्धारण गरी जग्गा खरिद गरेको तथा जग्गा प्राविक शिक्षालयको नामामा रहेको जग्गाधनी पुर्जा सहितको प्रमाण पेश गरेको छ । तसर्थ पालिकाले जग्गा खरिद कार्यका लागि अनुदान दिन कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
७.	**पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** - पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गरी सीमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। लेखापरीक्षणको क्रममा पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका देहायअनुसारका कार्यमा पालिकाले पूँजीगत तथा विपद व्यवस्थापन र विविध शीर्षकबाट रु.१८१४६१६ खर्च लेखेको पाईयो ।	

गो.भौ.	विवरण	रकम
१०२२-२०७७/०३/२६	वडा नं.१३ का वडा अध्यक्षको सिफारिसमा वडा कार्यालयमा विवाहका लागि मण्डप लगायतका सजावटका सामान खरिद	२९८५४६
१०६०-२०७७/०३/२९	वडा नं.१३ का वडा अध्यक्षको सिफारिसमा वडा कार्यालयका लागि डम्बेल, पुसअप बार लगायतका सामान खरिद	२३१७८०
१०८६-२०७७/०३/३०	वडा नं.१३ का वडा अध्यक्षको सिफारिसमा वडा कार्यालयका लागि डम्बेल बेन्च, बारखेल बेन्च, फिक्स डम्बेल लगायतका सामान खरिद	२६८२२०
३४-२०७६/०६/१४	वडा नं. ५, श्री तिल कुमारी कार्कीलाई तीज कार्यक्रमको लागि	१००००.००
५१-२०७६/०६/१६	वडा नं. ६, श्री सिता पौडेललाई तीज कार्यक्रमको लागि	३२०००.००
६३-२०७६/०६/३०	माझी उत्थान संघ पुटबल प्रतियोगिता	५००००.००
६६-२०७६/०७/०३	वडा नं. १२, श्री सन्तोष घिमिरेलाई तीज कार्यक्रमको लागि	४५०००.००
७५-२०७६/०७/१७	वडा नं. ९, श्री मुकेश तामाङ्गलाई तीज कार्यक्रमको लागि	९२६७०.००
१४९-२०७६/०९/२४	लियो क्लब अफ सिन्धुलीलाई खेलकुद कार्यक्रमका लागि	१००००००.००
१७७-२०७६/०९/१७	तीज कार्यक्रमका लागि महिला समुहलाई साउण्ड सिस्टम खरिद	६२४००.००
१८०-२०७६/०९/१८	वडा नं. १० का लागि बुफर खरिद वापत श्री राजन मगरलाई भुक्तानी	१४०००.००
३७०-२०७६/११/१२	सोनाम ल्होसारको उपलक्ष्मा विविध खर्च	७५०००.००
४१३-२०७६/११/२८	थामि समाजलाई थामि भाषा सम्मेलनका लागि	१००००००.००
४६४-२०७६/०१/१४	बडा दशैको शुभकामना आदान प्रदानका लागि हातेमालो किसान सहकारी संस्थालाई भुक्तानी	३००००००.००
६७६-२०७७/०३/०५	युवा खेलकुद तथा फुटबल प्रतियोगिताका लागप भुक्तानी	२५०००.००
७९१-२०७७/०३/१६	तेक्वान्दो डोजाङ्गलाई भुक्तानी	७५०००.००
७९४-२०७७/०३/१६	नव युवा क्लबलाई भुक्तानी	३५०००.००
	जम्मा	**१८१४६१६.००**

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
७२.	**सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानकअनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले कृषिप्रवर्द्धन, योजना, आयलेखा, सम्पत्ती कर, जिन्सी व्यवस्थापन, दर्ता चलानी तथा १४ वटै वडा कार्यालयमा आय लेखा सम्बन्धी देहायअनुसार सफ्टवेयर खरिद गरी जडान गरेको छ । तर उक्त प्रयोग गरिरहेको सफ्टवेयरहरुको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । तसर्थ पालिकाले सूचना प्रविधि विभागबाट स्वीकृति लिई सफ्टवेयरको प्रयोग गर्नुपर्दछ । साथै एकै प्रकारका कार्य गर्ने अलग अलग सफ्टवेयर जाडान गरी अलग अलग रुपमा वार्षिक प्राविधिक शुल्क भुक्तानी दिनुभन्दा कार्यालयको लागि आवश्यक तथा एउटा मात्र सफ्टवेयर जाडान गरी प्रयोग गर्दा कार्यालाई आवश्यक पर्ने एकीकृत विवरण समेत प्राप्त गर्न सहज हुने तथा वार्षिक प्राविधिक शुल्क तथा खर्चमा समेत मितव्वयीता आउन सक्ने हुनाले पालिकाले यस तर्फ ध्यान दिनु पर्ने देखियो। **गो.भौ.** | **सफ्टवेयरको नाम** | पराशर्सदाता | **भुक्तानी रकम** ४०२-२०७६/१२/०२ | योजना व्यवस्थापन सफ्टवेयर खरिद | टेक्नोलोजी शोलुसन नेपाल प्रालि | ४५२००० १९-२०७६/०६/१२ | आय लेखा सम्बन्धी सफ्टवेयर खरिद | प्रोटोकल ईन्टरनेशनल कन्सल्टेन्स प्रालि | ३६३००० २०-२०७६/०६/१२ | सम्पीतकर सम्बन्धी सफ्टवेयर खरिद | सांग्रिला ईन्फरमेसन प्रालि | ४९८३३० २१-२०७६/०६/१२ | १४ वडा कार्यलयमा सफ्टवयर खरिद | ईको पलस प्रालि | ४९८३३० ७९८-२०७६/०३/१६ | घर नक्सा सम्बन्धी सफ्टवेयर खरिद | फिनिक्स सोलुसन प्रालि | ४९४९४२ १५७-२०७६/०९/१५ | कृषि प्रवर्द्धन सम्बन्धी सफ्टवेयर *गतवर्षको रु ५९३२५० समेत* | - | १९७७५०० **जम्मा** | | | **४२८४१०२**	
७३.	**तारजाली तथा पाईप खरिद** – पालिकाले गो.भौ.नं. १४ मिति २०७६।०५।१५ बाट अरनिको ईन्टरप्राईजेजको बिल नं.३३ बाट बाट रु.२८९८९६९ बराबरका २५ एमएमको ७५० मिटर, ३२ एमएमको ५०० मिटर, ६३ एमएमको ६०० र ११० एमएमको ३० मिटर एचडीपीई पाईपहरु सोझै खरिद छ । त्यसैगरी गो.भौ.१३ मिति २०७६।०५।१५ बाट रु.४९९२५२ को १६४ थान र गो.भौ.१०४३ मिति बाट रु.४९७७४४ का १४६ थान जालि खरिद गरेको छ । उक्त पाईप तथा जालीहरु २०७७ आषाढ मसान्त सम्म मौज्दात रहेको देखिन्छ । यसरी मौज्दात रहेने गरि खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
७४.	**प्रतिस्पर्धामा राख्नुपर्ने आईटमलाई पिएसमा —** पालिकाले नगर सुरक्षा प्रयोजनका लागि सोलार सहितको सिसि क्यामेरा खरिदको लागि रु.२१०५९६५९।७४ को लागत अनुमान तयार गर्दा प्रति प्यानल रु.३७४८५ का दरले ४८ वटा प्यानलको रु.१७९९२८०।०० को सोलार प्यानललाई मुल्य अभिवृद्धि कर नलाग्ने आईटममा समावेश गरेकोमा ई बिईमा सो आईटमलाई प्रोभिजनल सममा राखि ठेक्का व्यवस्थापन गरेको देखियो । जसले गर्दा उक्त आईटममा आपुर्तिकताले प्रतिस्पर्धा गर्न नपाएकोले लागत अनुमानकै दरमा सम्झौता भई सोही दरमा नै भुक्तानी भएको छ । यस सम्बन्धमा छलफल गर्दा ठेक्का व्यवस्थापनका क्रममा कम्पीटिटिभ आईटममा राख्दा मूल्य अभिवृद्धिकर समेतको रकम ठेक्का व्यवस्थापन हुने भएकोले सोलार प्यानलमा मूल्य अभिवृद्धिकर नलागने भएकोले प्रोभिजनल सममा राखि ठेक्का व्यवस्थापन गरिएको पालिकाको भनाई रहेको छ ।	
७५.	**पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्रदायित्व नियमावलि २०७७ को नियम ५२ को उपनियम ३ मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेश्की म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फर्छ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्कीलाई बेरुजू नमानिने उल्लेख छ । पालिकाबाट	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	प्राप्त विवरहण अनुसार देहाय अनुसार पेश्की फर्छ्यौट नभई बाँकी रहेको देखियो । नियमानुसार उक्त पेश्की असूल फछ्र्यौट हुनुपर्ने रु.	२८०७३८१

सि.नं.	पेश्की लिने संस्था तथा व्यक्ति	पेश्की रकम
१	राष्ट्रिय थामी समाज	३३०००.००
२	सृजनशिल निर्माण सेवा	७२१०००.००
३	श्री जल निर्माण सेवा	१३४०८८१.००
४	सिन्धुली अस्पताल	७१२५००.००
	जम्मा	२८०७३८१.००

७६. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमिति हुने गरी टुक्रा पारी सोझै खरिद गर्न नहुने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु. ५ लाखदेखि २० लाखसम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ३१(१) मा रु. २० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । बर्ष भरी आवश्यक पर्ने यस्ता सामानको खरिद प्याकेज बनाई आवश्यक परेको बखत आपुर्ती गर्ने गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नु पर्नेमा नमुना छनौट भएको देहायअनुसार रु/१००२०७०३ को सोझै खरिद गरेको देखियो । पालिकाले सोझै खरिद गर्ने कार्य नियन्त्रण हुने गरी वार्षिक खरिद योजना तयार गरी प्रतिस्पर्धात्मक बिधिबाट खरिद गर्नुपर्दछ ।

गो.भौ.	सामान/योजना/कार्य	व्यवसायि/सप्लायर्स	खरिद मिति	रकम रु
पुँजीगतर्फ				
११- २०७६/०५/१५	मेशिनरी औजार खरिद	ल्यावटक एण्ड पिसि केयर प्रालि	२०७६/०४/३०	४९८३३०
३३-२०७६/०६/४	प्रन्टर खरिद	एचपी कम्प्युटर प्रालि	२०७६/०६/१३	३०४५३५
१३४-२०७६/०९/०८	ईन्भटर सहितका समान	टेको नेपाल ईन्जिनियरिङ्ग सोलुसन प्रालि	२०७६/०८/२७	४९७८६१
१४४-२०७६/०९/११	ढाका बुनाई कार्यक्रमका लागि मिसन औजार खरिद	अनोमोल ईन्टरनेशनल प्रालि बिरगंज	२०७६/०८/३०	२६८१५०
१४३-२०७६/०९/११	ढाका बुनाई कार्यक्रमका लागि मिसन औजार खरिद	अनोमोल ईन्टरनेशनल प्रालि बिरगंज	२०७६/०८/२८	४३००००
१७२-२०७६/०९/१७	फर्निचर खरिद	हरिठाकुर काष्ठ फर्निचर उद्योग	२०७६/०९/०२	४९८४४३
१९४-२०७६/०९/२३	स्वास्थ्य सैस्थाका लागि फर्निचर खरिद	हुमागाई जेनेलर सप्लायर्स	२०७६/०९/१६	४९९७४२
२३३-२०७६/१०/०८	फोटोकपी तथा प्रिन्टर	एसए कम्प्युटर ट्रेडर्स	२०७६/०९/१८	४९४२६१
२४७-२०७६/१०/१५	फनिचर तथा फिक्चर्स	श्रेष्ठ फर्निचर उद्योग	२०७६/१०/१३	४५४२६०
६२०-२०७७/०२/२६	स्वास्थ्य चौकीलागि उपकरण ताथा फर्नचर	पैरवी कन्ट्रक्सन प्रालि	२०७७/०२/०९	२८७२५
२६२-२०७६/१०/१४	मेसिनरी औजार	सोनाथ पावर सप्लायर्स प्रालि	२०७६/०९/२८	३४५७८०
२९२-२०७६/१०/२३	डी फ्रिज लागयत सामान खरिद	पूर्णागिरि कुलेक्टीक एण्ड ईलेक्टोनिक्स	२०७६/१०/१९	४९८८९५
२९१-२०७६/१०/२३	मेसिन उपकरण खरिद	बर्दिबास सर्जिकल हाउस	२०७६/१०/१७	४९४०३४
४२१-२०७६/११/३०	कम्प्युटर तथा प्रिन्टर	डीजिपल्स ईन्टरप्राईजेज	२०७६/११/२३	४९६६३५
८८४-२०७७/०३/२३	फोटोकपी तथा प्रिन्टर	शुभम ईलेक्टोनिक्स	२०७७/०३/१८	४७८९७३
१०९४-२०७७/०३/३०	स्मार्टबोर्ड खरिद	पवित्रम ट्रान्सईको नोमिक प्रालि	२०७६/०३/१५	४५००००

दफा	भौ.नं., मिति र ब्यहोरा					बेरुजू रकम
	चालुतर्फ				-	
	८५/०७६/६/१३	कार्यालय सामाग्री	श्याम आयरण स्टोर	-	२४९००६	
	३१९/०७६/९/७	कार्यालय सामाग्री	सिन्धुलि अफसेट प्रेस	-	१६६६७५	
	३६७०७६/९/१८	कार्यालय सामाग्री	सफल अफसेट/खुशी बुक्स	-	१३३८९३	
	५२२/०७६/११/८	सडक बत्ती	कमला सप्लायर्स	-	१२८१३६	
	५५६/०७६/११/१४	कार्यालय सामाग्री	तिमल्सिना बुक्स सप्लायर्स	-	४९२३९७	
	८५४।०७७/३/८	कार्यालय सामाग्री	आइ पि आर सप्लायर्स	-	१००९७७	
	९०७।७७/३१/६	कार्यालय सामाग्री	सिन्धु स्टेशनरी	-	४९८३७५	
	९२०।७७/३/१६	कार्यालय सामाग्री	श्याम आयरण स्टोर्स	-	१८२४३३	
	१०२५।७७/३/२४	कार्यालय सामाग्री	कमलामाई कम्प्युटर सप	-	१२४४३९	
	११४६/७७/३/३०	कार्यालय सामाग्री	आई पि आर सप्लायर्स	-	४९९४००	
	२८०७/६/५/१३	रसिदलेटर हेड आदि,	प्रिन्ट टेक सप्लायर्स	-	४०६३४८	
	१०१२।०७७।०३।२३	रसिद,लेटर,पाठ्यपुस्तक आदि	प्रिन्ट टेक सप्लायर्स		३०००००	
	जम्मा				१००२०७०३	

७७. **अन्य निकायको खर्च -** लेखापरीक्षणको क्रममा नमुना छनौट गरीएकोमा देहायअनुसारका निकायले पालिकाबाट देहायको कार्यमा खर्च गरेको भनी निम्नानुसार रकम भुक्तानी लिएको देखियो । सम्बन्धित कार्यालयका लागि आवश्यक रकम तालुक कार्यालयबाटसमेत निकासा हुने तथा रकम नपुग भएकमा तालुक निकायसँग नै माग गर्नुपर्नेमा पालिकाबाट विभिन्न कार्यको लागि देहायअनुसारका खर्च गरेको छ । यसमा नियन्त्रण गर्नु पर्दछ ।

भौ.नं.	रकम भुक्तानी लिने निकाय	वापत	रकम
२६	वर्द बहादुर गण	नाईट ल्यान्डङ्ग हेलिप्याड निर्माण	१५००००.००
५४	सशस्त्र प्रहरी बल	बेश क्याम्प ट्रस भवन निर्माण *ईमान्अल कन्सट्रकसनले कार्य गरेको*	३९७४२१.००
५८	वर्द बहादुर गण	विविध खर्च	३५०००.००
८४	वर्द बहादुर गण	विविध खर्च	४९४९९.००
१२३	जिल्ला प्रहरी कार्यालय	प्रहरी बाटिका निर्माण	१५००००.००
१२५	ढुंग्रवास प्रहरी कार्यालय	विविध खर्च	१५०००.००
४५७	वर्द बहादुर गण	सैनिक ईलाका भित्र सडक ढलान	४००००००.००
८९३	वर्द बहादुर गण	सैनिक ईलाका भित्र सडक ढलान	२००००००.००
जम्मा			**१३९६९२०.००**

७८. **स्मार्ट सिटी प्लान -** पालिकाको स्मार्ट सिटी प्लान निर्माण कार्य गरेको भनी सिन्धुली सामाजिक जागरण समुहले रु.३ लाख भुक्तानी लिएको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निनानुसार रहेका छन ।

१. संस्थाले पेश गरेको आर्थिक वर्ष २०७४।७५ को लेखापरीक्षण तथा वित्तीय प्रतिवेदन अनुसार संस्थाको कुल वार्षिक आय र व्यय रु.१४८७६ मात्र रहेको छ ।

२. संस्थाले पेश गरेको विवरण तथा संलग्न कागजात अनुसार संस्थामा स्मार्ट सिटी प्लान निर्माण गर्न आवश्यक जनशक्ती नरहेको ।

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	३. संस्था आन्तरिक राजस्व कार्यालयमा सामाजिक तथा अन्य सेवाहरुको कार्य गर्ने भनी दर्ता भएको प्रमाण पत्र संलग्न रहेको । ४. पालिकाकाले स्मार्ट सिटी प्लान निर्माण गर्न मिति २०७६।०४।२६ मा दररेट पेश गर्ने भनी पत्राचार गरेकोमा पेश भएका मध्ये सबैभन्दा घटि कबोल गर्ने यस संस्था र पालिका बीच २०७६।०४।२८ मा कार्य गर्ने गरि सम्झौता भएको । ५. संस्थाले कार्य सम्पन्न गरेको भनी बिल भरपाईहरु पेश गरेकोमा बिलभरपाईहरु परीक्षण गर्दा मिति २०७६।०४।२० को रु.१८५००, २०७६।०४।२२ को रु.५६६५७, २०७६।०४।१० को रु.१२५०० र १२०००, २०७६।०४।०३ को रु.२५००० र १२५०० तथा २०७६।०४।०४ को रु.२००००० बिल पेश गरेको छ । जसबाट उक्त कार्यक्रम पालिकाले दररेट माग तथा सम्झौता गर्नु पूर्व नै सम्पन्न भएको देखिन्छ । जसबाट उक्त कार्यक्रम भएको हो भन्न सकिने अवस्था रहेन । तसर्थ सामाजिक सेवा तथा कार्य गर्न दर्ता भएको- उक्त कार्य गर्ने प्रविधिक क्षमता तथा जनशक्ति नभएको अवस्था रहेको उक्त संस्थाले सम्झौता मिति भन्दा पहिले कार्यक्रम संचालन गरेको भनी पेश भएका बिल भरपाईका आधारमा उक्त संस्थाले पालिकासँग भएको सम्झौता अनुसारको कार्य गरेको हो भन्न सकिएन । त्यसैले उक्त रकम असूल हुनुपर्ने देखिएको रु.	३०००००
७९.	**एउदै ट्रेन्चमा दुई पाईप** — प्रदेश सशर्ततर्फको गो.भौ. ८ मिति २०७७।०३।२६ बाट पालिकाले भिमान कोरग खोला खानेपानी योजनाको लागि रु.३७५१७५८।१३ को कुल लागत मध्ये नगरपालिकाले रु.३० लाख बेहोर्ने गरी लागत अनुमान तयार गरेको छ । लागत अनुमानमा मेन लाईन ५१२० मिटर र डिस्ट्रीबुसन लाईन २६०० मिटर गरी ७७२० मिटर पाईप खरिद तथा खन्ने पुर्ने कार्य गर्ने गरी उपभोक्ता समितिसँग सम्झौता गरेको छ । सो बमोजिम उपभोक्ता समितिले ९० एमएमको ५२० मिटर र ७५ एमएमको ४६०० मिटर एचडीपीई पाईपखरिद गरेकोमा उक्त दुबै पाईपहरु मेन लाईनका लागि प्रयोग गरिएको छ । तर उपभोक्ता समितिले उक्त पाईपहरु एउटै ट्रन्च पुर्ने कार्य गरिरहेको फोटो पेश गरेको छ । तर पालिका प्राविधिकले तयार गरेको नापी कितामा लागत अनुमान कै परिमाणमा ७७२० मिटर पाईप पुरेको देखाई ७६८ घ.मि. पुर्ने कार्य गरेको भनी प्रति घ.मि.रु.४१२ का दरले मुल्यंकन गरी भुक्तानी भएको छ । विल सो अनुसार भएनभएको परीक्षण गर्नु पर्दछ । जसअनुसार ९० एमएमको ५२० मिटर पाईप र ७छ एमएमको ४६०० मिटर पाईप एउटै ट्रेन्चमा पुर्ने कार्य भएको देखिएकोले ५२० मिटर पाईपको ७८ घ.मि.पुर्ने कार्य भएको भनी बढी परिमाण गणना गरेको देखियो । तसर्थ ७८ घ.मि.को प्रति घ.मि.रु.४१२ का दरले रु.१६०६८ बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु...	१६०६८
	संघीय सरकाबाट हस्तान्तरित	
८०.	**गो.**भौ.८ मिति २०७६।११।२९बाट सम्झना एकता कृषक समुह कामनपा ५ लाई ८४ मिटर लम्बाई ०।४० मिटर चौडाई तथा ०।९ मिटर गहिराई भएको पाईप लाईन खन्ने तथा पुर्ने कार्य गरेको भनी ३०।२४ घ.मि. कार्य गरेको भनी प्रति घ.मि.रु.४१२ का दरले रु.१२४५८।८८ भुक्तानी दिएको छ । तर श्रेस्तामा संलग्न फोटो अनुसार उक्त पाईप लाईन खन्ने तथा पुर्ने कार्य भएको देखिएन् । उक्त पाईपलाईन पुर्ने कार्य भएको प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम असूल गरि संघीय संचितकोष दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.	१२४५९
८१.	पालिकाले गो.भौ.२६ मिति २०७७।०३।२६ बाट नविकरणीय उर्जाका लागि ग्लोबल लिंक टेक्नोलोजि जावालाखेलबाट १२ भोल्ट १६० एएच टुबुलर लुमिनियस ब्याट्री ९ को प्रति थान रु.३५७०० का दरले सोझै खरिद गरेको छ । त्यसैगरी गो.भौ.नं.४० बाट सोही प्रकारको व्याट्री १ थान कमलामाई सप्लायर्स	३००६९

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सिन्धुलीबाट प्रति थान रु.३२७४३।३९ मा सोझै खरिद गरेको छ । कमलामाईमा नै रु.३२७४३।३९ मा पाईने सामान जावलाखेल गई महंगोमा खरिद गर्नाको कारण स्पष्ट हुन सकेन । तसर्थ कमलामाई सप्लायर्स भन्दा ग्लोबल टेक्नोलोजि जाबलाखेलले प्रति थान रु.२९५६।६१ बढीका दरले भुक्तानी लिएको रकम रु.२६६१० र सोमा लाग्ने मु.अ.कर समेत रु.३००६८।७२ असूल हुनुपर्ने रु.</td><td></td></tr>
<tr><td></td><td>संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम)शिक्षा*</td><td></td></tr>
<tr><td>८२.</td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता — अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट विद्यलयलाई रु. ६१७६६८७/ रकम तलब भत्ता अनुदान दिएको छ । यसमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८३.</td><td>शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ८२ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>विद्यालयको नाम</th><th>शिक्षक दरवन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>पदपूर्ति मध्ये नगरको दरबिन्दी</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>८२ वटा विद्यालयको जम्मा</td><td>५७४</td><td>५७४</td><td>२४९</td><td>२२</td><td>१२२७१</td></tr>
</table>
यस सम्बन्धमा निम्नानुसार देखिएको छ ।
• स्थानीय तह मातहतमा रहेका ८२ विद्यालयमध्ये १ विद्यालयमा विद्यार्थी भएपनि शिक्षक दरबन्दी रहेको देखिएन । दरवन्दी नभएका विद्यालयहरुमा राहत दरवन्दी तथा पालिकाले दरबन्दी स्वीकृत गरी आन्तरिक श्रोतबाट तलवभत्ता खुवाउने गरि पदपुर्ति गरी पठन पाठनको व्यवस्था मिलाएको छ ।
• विद्यालयमा ५७४ शिक्षक दरबन्दी रहेकोमा ३२५ पदमा स्थायी पदपुर्ती भएको २२ करारमा रहेको र बाँकी पदमा अस्थायी तथा राहत शिक्षक रहेको देखिन्छ । दरबन्दी अनुसारको शिक्षक पदपुर्ती हुनुपर्दछ ।
विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८४.</td><td>लेखा परीक्षण तथा सामाजिक परीक्षणः विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानबाट आधारभुत तहका ७० विद्यालयलाई १०००० को दरले रु. ७-००,०००/– र माध्यमिक तहका २६ विद्यालयलाई १५००० को दरले रु.३९०००० गरी समाजिक परीक्षण तथा लेखापरीक्षण अनुदान रु.१०९०००० विभिन्न ९६ विद्यालयलाई गो/भौ/नं/५१।०७६।१०।८ बाट निकासा दिएको देखियो।विद्यालयको लेखापरीक्षण तथा सामाजिक परीक्षण भएको प्रतिवेदन पेश भएन। समाजिक परीक्षण तथा लेखापरीक्षण भएको प्रमाण तथा प्रतिवेदन पेश हुनु पर्ने रु.</td><td>१०९००००</td></tr>
<tr><td>८५.</td><td>विद्यालय भौतिक पूर्वाधार विकास अनुदानः नगरपालिकाले जनज्योति मा.वि.फोस्रेटारसंग विद्यालयको भौतिक पूर्वाधार निर्माण सार्वजनिक खरिद ऐन तथा नियमावली र विद्यालय खरिद दिग्दर्शन अनुसार गर्ने गरी सम्झौता गरेको छ। सोही सम्झौता अनुसार नमुना विद्यालय कार्यक्रमबाट जनज्योति मा.वि.फोस्रेटारलाई विद्यालय भौतिक पूर्वाधार विकास अनुदान रु. १५०००००० दिएको देखियो। उक्त अनुदानबाट विद्यालयले शर्त वमोजिम</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	खर्च गरी भवन निर्माण सम्पन्न भएको प्रमाण श्रेस्तामा संलग्न राखेको पाईएन । तसर्थ पालिकाबाट उपलब्ध गराएको अनुदान रकमको प्रयोग सम्बन्धमा अनुगमन गरी कार्य सम्पन्न भएको सुनिश्चित गर्नुपर्दछ ।	
८६.	**अनुगमन प्रतिवेदन पेशः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट तयार पारिएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ मा माध्यमिक विद्यालयहरुमा पुस्तकालय स्थापना तथा व्यवस्थापन, शिक्षण सिकाइमा आ.इ.सि.टी प्रयोग र विज्ञान प्रयोगशाला स्थापनाका लागि प्रति विद्यालय रु. ६५००००/- र विज्ञान- गणित र अंग्रेजी सामग्री)**KITS)** अनुदान रू/ का दरले एकमुष्ट अनुदान रकम उपलब्ध गराउने र सो रकमबाट तोकिएको स्पेशिफिकेशन अनुसारका किताव तथा ल्याव सामग्री र विज्ञान सामग्री कार्यविधि अनुसार खरिद गरे नगरेको अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले पंचकन्या मावि कुडूलेलाई रु. ६५००००/-अनुदान रकम उपलब्ध गराएकोमा तोकिएबमोजिमको काम भए नभएको सम्वन्धमा अनुगमन गरेको पाइएन। विद्यालय अनुगमन प्रभावकारी वनाई निकासा रकम तोकिएको प्रयोजनमा खर्च भएको सुनिश्चित गर्नु पर्दछ ।	
८७.	**सेनिटरी प्याड खरिदः** सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण गर्न पालिकाले ६४७३५ प्याकेट सेनिटरी प्याड खरिद गरी विभिन्न भौचरबाट बाट रु.२७४४८६५।३४ भुक्तानी गरेको छ । प्याड खरिद तथा वितरण सम्वन्धमा देखिएका व्यहोरा निम्नअनुसार छः	

गो.भौ.नं.	आपूर्ति कर्ता	खरिद विधि	खरिद परिमाण (प्याकेट)	खरिद दर	भुक्तानी रकम (मु.अ.कर.समेत)
९३।०७७।२।१२	सफ्टी हाईजिन प्रा/लि/	सोझै खरिद	७६९२	५६/६४	४९२३१२
१०४।०७७।२।२०	सफ्टी हाईजिन प्रा/लि/	सोझै खरिद	१२०	५६/६४	७६८०
१९३।०७७।३।२६	सोनिज वी केयर प्रा/लि	प्रतिस्पर्धा	५६९२३	३४/९०	२२४४८७२
	जम्मा		**६४७३५**		**२७४४८६४**

८८.	पालिकाले वोलपत्रबाट खरिद गर्दा समय लाग्ने र समयमा उपलब्ध गराउन नसकिने भई कार्यक्रममा वाधा पर्ने कारण देखाई सोझै खरिद गर्ने निर्णय गरी मु/अ/कर बाहेक रु/ ५६/६४ को दरले ७८१० प्याकेट प्याड सोझै खरीद गरी ४४२३५८/४०)मु/अ/कर वाहेक* भुक्तानी दिएको छ।सोही स्पेशिफिकेशनको सामान प्रतिस्पर्धावाट खरिद गर्दा ३४/९० मा प्राप्त भएकोले प्रति प्याड रु/२१/७४ को दरले ७८१० प्याडको रु/१९१८६२)मु/अ/कर समेत* थप व्ययभार परेको देखियो।पालिकालाई वजेट विनियोजन भए पश्चात समयमै खरिद प्रक्रिया शुरु गरी मितव्ययी तरिकाले खरिद गर्नु पर्नेमा नगरी एउटै खरिद टुक्र्याई सोझै खरिद गरी थप व्ययभार पारेको नियमित देखिएन रु////	१९१८६२
८९.	प्याड खरिदको लागि आपूर्तिकर्तासँग भएको सम्झौतामा आपूर्ति हुने स्यानीटरी प्याडको म्याद समाप्त हुने अवधि स्टोर दाखिला हुने समयमा १८ महिना बाँकी रहेको हुनु पर्ने- उत्पादनको म्याद सोभन्दा कम हुने भएमा ७५ प्रतिशत म्याद बाँकी हुनु पर्ने उल्लेख भए तापनि सामान आपूर्तिको समयमा पालिकाले मालसामानको निरीक्षणको नगरेकोले सो बमोजिमको म्याद तथा निर्धारित गुणस्तरको भए नभएको खुल्न आएन।खरिद नियमावलीमा भएको व्यवस्था अनुसार आपूर्ति भएका सामानको भण्डार दाखिला गर्नु अगावै निरीक्षण गरी तोकिएको गुणस्तर परिमाण र अवधि बमोजिम भएको सुनिश्चित गर्नु पर्दछ।	
९०.	पालिकाले सेनिटरी प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग अनुसार निकासा दिने- तोकिएअनुसार वितरण भए नभएको र वितरणको अभिलेख व्यवस्थित राखेनराखेको अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दात यकिन गरी आगामी वर्षकोलागि आवश्यक खुद परिमाण यकिन गरी आवश्यक परिमाणमामात्र खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।	
	स्वास्थ्य	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
९१.	**तलबी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२) मा मन्त्रालय, सचिवालय, आयोग र विभाग तथा उपत्यकाभित्र रहेका कार्यालयमा कार्यरत निजामती कर्मचारीको हकमा निजामती किताबखाना र जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराई तलब खर्च लेख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले अन्तर्गत कार्यरत स्वास्थ्य तर्फका कर्मचारीहरुको तलवी प्रतिवेदन पास नगरी तलव खर्च लेखेको छ । तवली प्रतिवेदन पारित गरेर मात्र तलब भुक्तानी गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।	
९२.	**अन्य कार्यालयको खर्चः** निर्धारित कार्यमा खर्च गर्न सशर्त वजेटमा प्राप्त रकम कार्यक्रम अनिसार निर्धारित कार्यमा मात्र खर्च गर्नु पर्दछ।नगरपालिकाले आयूर्वेद स्वाश्थ्य तर्फ प्राप्त बजेटबाट जिल्ला आयूर्वेद स्वाश्थ्य केन्द्रलाई रु/१४६९०० को २ थान ल्यापटप- रु/ ५८७६० को २ थान प्रिन्टर र रु/९०४० को प्रोजेक्टर स्कीन ट्रीपोड खरिद गरेको जे/के/ ट्रेडर्सको विल अनुसार रु/२१४०००।– भुक्तानी दिएको देखियो।उक्त कार्यालयलाई पनि मेशीनरी औजार शीर्षकमा वजेट विनियोजन भएको अवश्थामा कर्मचारीको तलव भत्ता लगायतको प्रशासनिक खर्चकोलागि प्राप्त सशर्त वजेटबाट अन्य कार्यालयलाई सामान खरिद गरी उपलव्ध गराएको देखिएकोले नियमित नदेखिएको रु//////	२१४०००
९३.	**न्यानो झोला खरिदः** परिवार स्वास्थ्य महाशाखा वार्षिक कार्यक्रम सञ्चालन निर्देशिका २०७४।७५ मा आमा सुरक्षा कार्यक्रम अन्तगत स्वास्थ्य संस्थामा प्रसुति गर्ने महिलालाई एउटा न्यानो झोला प्रदान गर्ने व्यवस्था छ । विगत वर्षमा स्वास्थ्य चौकीहरुमा उपलव्ध गराएको न्यानोझोलामध्ये खर्च नभई बाँकी रहेका परिमाण माग गरेकोमा प्राप्त हुन सकेन। यो वर्ष पालिकाले पुन ५५५ वटा न्यानो झोला ७९३ को दरमा खरिद गरी भौ नं १५।०७६।९।१४ वाट रु/ ४९७३२९।ढ़ खर्च लेखेको छ । पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट विगतमा उपलब्ध गराएको न्यानोझोलाको मौज्दात विवरण प्राप्त गरी औषत खर्चको आधारमा आवश्यकता पहिचान गरी आवश्यकता भन्दा बढी नहुने गरी खरिद गर्ने र माग अनुसार स्वाश्थ्य केन्द्रमा पठाउने व्यवस्था मिलाउनु पर्दछ ।	
९४.	**सुरक्षित आप्रवासन कार्यक्रमः** सुरक्षित आप्रवासन परियोजना सामि को लागि स्थानीय निकायमा कार्य सञ्चालन गर्न स्थानीय सेवा प्रदायक संस्था रिलिफ नेपालसँग २०७७।०३।०९ मा परामर्श सेवा लिने गरी सम्झौता गरेको छ।यो वर्ष उक्त सस्थालाई मुल्य अभिवृद्धकर समेत रू.११३३००० खर्च भएको देखिन्छ । स्थानीय सेवा प्रदायक रिलिफ नेपालसँग भएको सम्झौताको एससीसी ४६ को मोड अफ विलिङ र पेमेन्ट खण्डमा प्रत्येक ईन्भोईस विलमा पारिश्रमिक र शोधभर्ना हुने खर्च छुट्टा छुट्टै उल्लेख गर्नु पर्ने व्यवस्था छ। सेवा प्रदायकले क्रियाकलाप पुष्टी हुने अभिलेख वेगर छुट्टाछुटै बिलबाट पारिश्रमिक तथा शोधभर्ना हुने रकम दावी गरेकोमा सोही अनुसार भुक्तानी भएको देखियो । सेवा प्रदायकले एकीकृत विल र मुल्य अभिवृद्धि कर विजकसमेत पेश गरेको छैन । उक्त सस्थाले कर विजक र सम्झौताको सि/ नं/ ११ वमोजिम प्रगति प्रतिवेदनसमेत पेश नगरेकोले उक्त खर्च नियमित देखिएन रु	११३३०००
९५.	**औषधी खरिद —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ ।पालिकाले सोही विधिबाट यस बर्ष रु. २५६८०६२.५ खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः	
९५.१.	आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
९५.२.	आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
९५.३.	औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,	
९५.४.	औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।	
	तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
९६.	**प्रधानमन्त्री रोजगार कार्यक्रम —** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत पालिकाले आफ्नो क्षेत्र भित्र रहेका बेरोजगारहरुको तथ्याकं अद्यावधिक गरी उपलब्ध स्रोत साधन तथा बजेटको अधिकतम सदुपयोग हुनेगरी स्थानीय तहभित्रका वडाहरुमा सडक निर्माण, सिचाई कुलो मर्मत लगायतका कार्य गरी यस वर्ष १४४२ जनालाई रोजगारी उपलव्ध गराई रु ५६८४२०० ज्याला खर्च लेखेको छ । लक्षित वर्गलाई देखि २३ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	
	सामाजिक सुरक्षातर्फ	
	यस पालिकाले यो वर्ष सामाजिक सुरक्षा वापत रु १९,९१,४१,४००/ खर्च गरेकोमा दखिएका व्यहोरा देहायबमोजिम छन् ।	
९७.	**कार्यविधिको पालनाः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकामा सामाजिक सुरक्षा भत्ता वितरण व्यवस्थित बनाउन घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता व्यवस्थापन प्रणाली **MIS System** लागु गरीएको छ। तर प्रणालीमा वितरणहरु शुद्ध र पुर्ण रुपमा प्रविष्टि नगरेको कारणले प्रणालीको माध्यमबाट निकालिएको भरपाईको वितरणमा पनि शुद्धता पाइएन । जसले गर्दा भत्ता वितरणमा दोहोरो, मृत्यु भएका व्यक्तिको पनि भरपाईमा नाम नहटाएको जस्तो समस्या देखिएको हुँदा अद्यावधिक विवरण विश्वसनिय भए नभएको र गलत लाभग्राही भए नभएको कुरा एकिन हुन सकेन ।	
९८.	**नगद वितरणः** सामाजिक सुरक्षा नियमावली- २०७६ को नियम १० मा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैङकिङ्ग प्रणालीबाट मात्र गर्नु पर्ने उल्लेख छ। त्यस्तै सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २२ मा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयको स्वीकृति विना हातहातै नगद वितरण गर्न पाइनेछैन भन्ने व्यवस्था गरेको छ । कार्यालयले सामाजिक सुरक्षा भत्ताको रकम वडा सचिवहरुलाई पेश्की दिई सचिवहरुले हातहातै लाभग्राहीहरुलाई वितरण गरेको देखिन्छ । हातहातै नगद वितरण गरी	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	औठाछाप लगाएको भरपाईको आधारमा पेश्की फछ्यौट गर्ने गरेको छ । ऐन- नियमावली तथा कार्यविधिले नगद वितरण गर्न नपाइने व्यवस्था गर्दा गर्दै पनि पालिकाले हातहातै नगद वितरण गरेबाट कानूनको पालना भएको देखिएन। कानूनको व्यवस्था अनुसार लाभग्राहीको बैक खातामार्फत मात्र रकम वितरण गर्ने व्यवस्था गर्नुपर्दछ।	
९९.	**लाभग्राहीको विश्वसनियताः** स्वीकृत लेखापरीक्षण योजना अनुसार वढी सामाजिक सुरक्षा भत्ता वितरण भएका मध्ये २ वडा)१ र ५* र धेरै संख्यामा "अन्य" कारण जनाई लगत कट्टा गरेको देखिएका ३ वडा)वडा नं २-४ र ६* समेत ५ वटा वडा नमुना छनौट गरी सामाजिक सुरक्षा भत्ता खर्चको लेखापरीक्षण गर्दा मृतक लाभग्राही, दोहोरो नाम परेका लाभग्राही, नागरिकता नं नभएका लाभग्राही तथा प्रणालीमा नाम नभएका लाभग्राहीलाई हातले नाम थप गरी समाजिक सुरक्षा भत्ता खर्च भुक्तानी दिएको देखिएकोले पालिकाले वितरण गरेको सामाजिक सुरक्षा खर्च विस्वसनीय मान्न सकिने स्थिति देखिएन । सामाजिक सुरक्षा भत्ता पाउन पर्ने व्यक्ति नछुटाउने तथा नपाउने व्यक्तिलाई भुक्तानी हुनबाट रोक्ने जिम्मेवारी लिएका वडा सचिव तथा वडाध्यक्षले प्रमाणित गरेको भरपाईसमेतमा यस्तो त्रुटी देखिएकोले पालिकाले यसतर्फ गम्भीर ध्यान दिनु पर्ने देखिएको छ।	
१००.	**हातले नाम थप गरेकोः** सामाजिक सुरक्षा भत्ता लिन चाहने लाभग्राहीले सामाजिक सुरक्षा नियमावलीको प्रकृया पुरा गरी प्रणालिमा नाम समावेश गरी अभिलेख तयार गरेपछि सामाजिक सुरक्षा भत्ता दिने व्यवस्था छ। सो अनुसार प्रणालिमा अभिलेख अद्यावधिक गरी तयार गरेको अभिलेख अनुसार योग्य लाभग्राहीलाई भत्ता प्रदान गरिने उल्लेख छ।नियमालीले निर्धारण गरेको समय र प्रकृया बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्नेमा देहायका वडाहरुले नियम विपरित लाभग्राहीको नाम प्रणालिमा अद्याविधक नगराई प्रणालीबाट तयार गरेको भरपाईमा हातले नाम थप गरी भत्ता वितरण गरेको देखियो। यसरी नाम थप गरेका लाभग्राही वास्तविक लाभग्राही भए नभएको यकिन नभएको भनी लेखापरीक्षकणबाट औल्यपश्चात हातले थप गरी वितरण गरेको लाभग्रीहरुले गत विगत वर्ष देखिनै भत्ता बुझेको लाभग्रही परिचय पत्र सहित हाल निजहरु एमआईएसमा समावेश गरेको प्रमाण पेश गरेको छ । तसर्थ हातले थप गरी भत्ता वितरण गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।	

वडा नं	नाम	वर्ग	चौमासिक	जम्मा रकम
१	दिनेश हायु	लोपोन्मुख	पहिलो/दोस्रो/तेस्रो	३६०००
१	सविता हायु	लोपोन्मुख	पहिलो/दोस्रो/तेस्रो	३६०००
१	शर्मिला हायु	लोपोन्मुख	पहिलो/दोस्रो/तेस्रो	३६०००
१	रुकमाया हायु	लोपोन्मुख	पहिलो/दोस्रो/तेस्रो	३६०००
२	च्यामली वम्जन	विधवा	पहिलो/दोस्रो/तेस्रो	३२०००
२	हिरा बहादुर बि क	ज्येष्ठ दलित	पहिलो/दोस्रो	१६०००
	जम्मा			१९२०००

१०१.	बैकबाट भत्ता बितरण गर्न पठाउदा आ ब ०७६/७७ मा भत्ता वितरण भएकामध्ये सम्पूर्ण वडामा गरी जम्मा ७५८ जनाको लगत कट्टा गरी वडाले अद्यावधिक गरेको पाइयो। लगत कट्टा गर्दा दोहोरो परेको, मृत्यु भएको र अन्य उल्लेख गरेको छ। वडा नं ४ मा ६२ र ५ मा ४६ जनाको लगत कट्टा गरेको छ।वडा नं ४ र ५ मा मृत्यु भएको भनी लगत कट्टा गरेकाको मृत्यु मिति उल्लेख नभएको र अन्य भनी कट्टा गरेकोमा के कारण कट्टा भएको हो खुल्न सकेन।आ ब ०७६/७७ मा तपसीलका ब्यक्तिलाई भत्ता वितरण भएकोमा वैङकिङ प्रणालिबाट भत्ता वितरण प्रकृया शुरु भएपछी स्पष्ट कारण समेत नखुलाई हटाएको देखियो।अतः देहायका लाभग्राहीलाई भुक्तानी दिएको रकम सम्वन्धमा सामाजिक सुरक्षा भत्ता नियमावली- २०७६ को नियम १३ अनुसार छानविन गरी पालिकाले यकिन गरी असुल उपर गर्नु पर्दछ रु/////	८७३२००

दफा	भौ.नं., मिति र ब्यहोरा						बेरुजू रकम
	वडा नं	नाम	ना नं	लगत कट्टीको कारण	जम्मा रकम		
	४	बिना हायु	१४८	अन्य	३६०००		
	४	पुतली सार्की	१६२	अन्य	३६०००		
	४	समर ब कामी	६३६	अन्य	२००००		
	४	पदम कुमार बोगटी	४२५	अन्य	३००००		
	४	धन बहादुर अछामे	२५७	अन्य	३००००		
	४	मान बहादुर सार्की	६०१	अन्य	३००००		
	४	रेनुका श्रेष्ठ	०७२	अन्य	१९२००		
	जम्मा				**२०१२००**		
	५	भक्त ब श्रेष्ठ	२८४	अन्य	३६०००		
	५	सुर्य ब खड्का	१३९	अन्य	३६०००		
	५	सान्ता माया सार्को	३५९१	अन्य	३६०००		
	५	लिला माया खडका	७४४	अन्य	३६०००		
	५	सर्वदा कुमारी दाहाल		अन्य	२४०००		
	५	सरस्वती कार्की		अन्य	२४०००		
	५	पम्फादेवी वि क	०२२९	अन्य	२४०००		
	५	सावित्रि माया कामी	४८९७४	अन्य	२४०००		
	५	बुध्दमाया तामाङ्ग		अन्य	३६०००		
	५	मैनामाया खड्का		अन्य	३६०००		
	५	सुनमाया बि क	५२४८	अन्य	३६०००		
	५	बज्र तामाङ्ग	२११८	अन्य	३६०००		
	५	वलमाया घिसिङ्ग	१८२२	अन्य	३६०००		
	५	जितेन्द्र खड्का	६०९८	अन्य	३६०००		
	५	चन्द्र कुमार श्रेष्ठ		अन्य	३६०००		
	५	मन कुमार भुजेल		अन्य	३६०००		
	५	तेज छिमि श्रेष्ठ		अन्य	३६०००		
	५	बखत ब तामाङ्ग	१७५६	अन्य	३६०००		
	५	रत्न ब श्रेष्ठ		अन्य	३६०००		
	५	जंग ब तामाङ्ग	५५६	अन्य	३६०००		
	जम्मा				**६७२०००**		
	कूल जम्मा				**८७३२००**		
१०२.	सामाजिक सुरक्षा ऐन- २०७५ को दफा १५मा सरकारी कोषबाट निवृत्तीभरण पाईरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने उल्लेख छ। वडा नं २ को भत्ता वितरणको भरपाई हेर्दा राधा देवी कार्की र रमिला कुमारी स्याङ्गतान २ जनाले पेन्सन प्राप्त गरेका भनी लगत कट्टा गरेको देखियो। अतः पालिकाले निजहरुलाई भुक्तानी गरेको सामाजिक सुरक्षा भत्ता ऐन अनुसार भए नभएको सम्वन्धमा पालिकाले छानविन गरी सामाजिक सुरक्षा नियमावली- २०७६ को नियम १३ अनुसार टुङ्गो लगाउनु पर्दछ रु//////						४८०००
१०३.	सामाजिक सुरक्षा ऐन- २०७५ को दफा १५मा सरकारी कोषबाट निवृत्तीभरण पाईरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने उल्लेख छ। वडा नं ६ को आ ब ०७७/७८ मा ६३ जनाको लगत कट्टा भएकोमा ३० जना पेन्शन लिने व्यक्ति उल्लेख गरेको छ। वडाको विवरण परीक्षण गर्दा ३० जनामध्ये १७ जना ज्येष्ठ नागरिकलाई रु १२००० का दरले र १३ जना एकल महिलालाई ८००० का दरले प्रति चौमासिक रु. ३०८००० ले हुने तिन चौमासिकको जम्मा रु/९२४००० सामाजिक सुरक्षा भत्ता खर्च लेखेको देखियो।						९२४०००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	अतः निजहरुलाई भुक्तानी गरेको सामाजिक सुरक्षा भत्ता ऐन अनुसार भए नभएको सम्वन्धमा पालिकाले छानविन गरी सामाजिक सुरक्षा नियमावली- २०७६ को नियम १३ अनुसार टुङ्गो लगाउनु पर्दछ रु//////	
१०४.	लेखापरीक्षणको क्रममा छनौटमा परेका वडाको परीक्षण गर्दा मृत्यु भैसकेका ब्यक्तिलाई समेत भत्ता वितरण भएको पाईएकोले अन्य सबै वडाहरुसंग मृत्यु दर्ताको अभिलेख माग गर्दा १ ,४ र ५ बाहेक अन्य वडाबाट प्राप्त हुन सकेन ।वडा नं ४ को मृत्युदर्ताको अभिलेख परीक्षण गर्दा आ ब ०७६/७७ मा १ जनाको मात्र मृत्यु भइ लगत कट्टा भएको पाइयो। सम्पूर्ण वडाको मृत्यु दर्ता अनलाइन सिस्टममा रहेको त्यसैको आधारमा लगत कट्टा गरीएको भन्ने वडा सचिव र कार्यालयको भनाइ रहेको तर आ ब ०७७/७८ मा लगत कट्टा गरीएको ब्यक्तिको मृत्यु मिति उल्लेख गरी लगत कट्टा भएको पाइएन।	
१०५.	**प्रतिवेदन पेश गर्नुपर्नेः** सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २३(१) मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची- ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेछ । उपनियम १ बमोजिम चौमासिक प्रतिवेदन पठाउंदा पहिलो चौमासिक प्रतिवेदन मंसिर ७ गते भित्र दोस्रो चौमासिक प्रतिवेदन चैत ७ गतेभित्र र तेस्रो चौमासिक प्रतिवेदन तथा वार्षिक प्रतिवेदन अर्को आर्थिक बर्षको साउन १५ गतेभित्र विभागले तोकेबमोजिम पठाउनु पर्नेछ भन्ने व्यवस्था भएकोमा नगरपालिकामा सो नियमको पालना भएको पाइएन ।नगरपालिकाले नियमको पालना गर्ने विषयमा ध्यान दिनुपर्ने देखिन्छ ।	
१०६.	**लगत कट्टाः** कसामाजिक सुरक्षा नियमावली- २०७६ को नियम १३ मा ऐन विपरित सामाजिक भत्ता लिएको जानकारी हुन आएमा पालिकाले छानविन गरी असुल उपर गराउने र पदाधिकारी तथा कर्मचारीको मिलिमतो वा सम्लग्नतामा ऐन विपरित हुने गरी सामाजिक सुरक्षा भत्ता वितरण भएको देखिएमा कारवाहीको लागि लेखी पठाउनु पर्ने उल्लेख छ। पालिकाले आ/व/ २०७६।७७ सम्म वडासचिवलाई पेश्की दिई सामाजिक सुरक्षा भत्ता नगदै वितरण गरेकोमा आ ब ०७७/७८ मा बैकबाट सामाजिक सुरक्षा वितरण गर्न शुरु गरेको छ। आ/व/ २०७६।७७ सम्म सामाजिक सुरक्षा भत्ता बुझीरहेका लाभग्राहीको खाता नखोलिएको- दोहोरो दर्ता, मृत्यु, पेन्शन बसाईसराई तथा अन्य भनी विभिन्न कारण खुलाई ७५८ जनाको लगत कट्टा गरिएकोमध्ये नमुनामा नपरेका देहायका ९ वडामा ५११ रहेकोछ। लगत कट्टा गरिएका ब्यक्तिको मृत्यु भएको खुल्ने प्रमाण अभिलेख नरहेको, अन्य कारण खुलाई लगत काटिनुको कारण स्पष्ट नभएकोले ती ब्यक्तिले आ ब ०७६/७७ मा भत्ता पाउने आधार समेत खुल्न सकेन।लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गरिएका वडामा सामाजिक सुरक्षा भत्ता पाउन योग्य नरहेका व्यक्तिको नाममा सामाजिक सुरक्षा भत्ता खर्च लेखेको देखिएकोले देहायका वडामासमेत यस प्रकारको जोखिम रहेको देखिन्छ। यस बारेमा पालिकाले सामाजिक सुरक्षा भत्ता नियमावली- २०७६ बमोजिम छानविन गरी टुङ्गो लगाउनु पर्दछ।	

वडा नं	जम्मा लगत कट्टा	बालबालिका	दोहोरो दर्ता	मृत्यु	पेन्शन	अन्य	बसाईसराई
३	११	५	२	४	०	०	०
७	८८	४	७२	१२	०	०	०
८	५१	११	१६	१२	०	११	१
९	३३	५	४	२४	०	०	०
१०	५०	२	७	९	५	२६	१
११	८९	३	२८	४८	०	७	३
१२	१२८	१०	२८	६७	५	०	१८
१३	२८	३	४	१५	६	०	०
१४	३३	५	६	१६	३	२	१
जम्मा	५११	४८	१६७	२०७	१९	४६	२४

१०७.	**कोभिड-१९ तर्फः** आ.व २०७६।७७ को आषाढ मसान्तसम्म कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ।	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम

बजेट/आम्दानीको स्रोत	२०७७ असार मसान्तसम्म प्राप्त रकम	खर्च शीर्षक	२०७७ असार मसान्तसम्म खर्च रकम
स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको	१६०५५७५०.००	राहात वितरण	१५७६१७४८.००
प्रदेश कोभिड कोषबाट	१२००००००.००	क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन	२४२८६५५.००
अन्य स्रोतबाट प्राप्त	३७५९९७४.४७	आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन	३००००००.००
स्थानिय पूर्वाधार विकास कार्यक्रमको बांकी बजेटबाट	१७२३००००.००	जनशक्ति परिचालन	२५३४९४.००
		औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद	१६१८७७९.००
		अन्य शीर्षकमा भएको खर्च	२४५९१५२.४७
		बाँकी	१५४२३८९६.००
जम्मा	३८२४५७२४.४७	**जम्मा**	**३८२४५७२४.४७**

कोभिड-१९ मा नगरपालिकाबाट भएको खर्चको श्रेस्ता परीक्षणबाट निम्न व्यहोरा देखिएका छन ।

पालिकाले प्रथम चरण अन्तरगत श्री बर्द बहादुर गणले रासन आपुर्ती गर्न ठेक्का मार्फत प्रतिस्प्रधा गरेको दरमा सोही सप्लाई गर्ने गरी सम्झौत गरी चामल प्रति किलो रु.६०, दाल प्रति किलो रु.१२०, खानेतेल प्रतिलिटर रु.१७५।१५, नुन प्रतिकिलो रु.१५, बेसार प्रति किलो रु.२००, आलु प्रति किलो रु.३० र सावुन प्रति गोटा रु.३० कुल रु. १८०३७२१।७५ र दोस्रो चरणमा पालिका आफैले ३ दिने सुचना प्रकासश गरी चामल प्रति किलो रु.५८, दाल प्रति किलो रु.१००, खानेतेल प्रतिलिटर रु.१६९।५०, नुन प्रतिकिलो रु.१५ र सावुन प्रति गोटा रु.२७।१२ कुल रु.१३९५८०२७।०५ समेत कुल रु.१५७६१७४८।८० का राहत सामग्री खरिद गरी वितरण गरेको छ भने बाँकी सामग्रीहरु सोझै खरिद गरेको छ।

विपद् व्यवस्थापन

१०८. **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरी ९ वटा बैठक बसेको छ । बैठकको निर्णयबाट कोभिड महामारी नियन्त्रण तथा रोकथामको लागि राहत सामाग्री खरीद तथा वितरण, क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन सम्बन्धि काम गरेको छ।ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रीय बनाउनुपर्दछ ।

१०९. **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको छैन। ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।	
११०.	**आन्तरिक लेखापरीक्षण —** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराई आन्तरीक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु अन्तिम लेखापरीक्षण हुनुअगवै फछ्र्यौट गर्नुपर्ने व्यवस्था उल्लेख छ । तर पालिकाले आन्तरिक लेखापरीक्षकले औल्याएका देहायका व्यहोराहरु लेखापरीक्षण अविधसम्म पनि फछ्र्यौट गरेको पाईएन । उक्त बेरुजूहरु तोकीए बमोजिम फछ्र्यौट गर्नुपर्ने देखिएको रु.	२१०२६६

गो भौ नं मिति	ब्यहोरा	रकम
	नगरपालिका पूजिगत	
१२/०७६/५/१५	नाइट हेली प्याड निर्माणमा मकालु सप्लायर्सको बिलमा कर कट्टा नगरेको	१६००
	विद्यालरयले सामान खरिग गरेकोमा जिन्सि आम्दानि नबाँधेको	३५०६०
१०२०/३/२६	प्रगतिशील विद्यालयमा कम्प्युटर खरिद गरेको आम्दानि नबाँधेको	१५००००
३८/०७७/३/३०	रिलिफ नेपाल बाट खरिद सामानको जिन्सि आम्दानि नबाँधेको	१९२१०
	नपा चालु	
	विद्युत महशुलमा जरिवाना	४६९५.३६
		२१०२६५।३६

१११.	**अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाले यस वर्षको लेखापरीक्षणको क्रममा अनुरोध गरेको रु १ करोड ५ लाख १२ हजार संपरीक्षण गरी सोको जानकारी लेखापरीक्षणको प्रारम्भीक प्रतिवेदनमा समावेश गगरी दिएको छ । साथै लेखापरीक्षणको प्रारम्भीक प्रतिवेदन उप प्राप्त प्रतिक्रियाबाट फछ्र्यौट गरी संपरीक्षणको लागि अनुरोध गरेकोमा मध्येदेहायअनुसारकको बेरुजू सम्परीक्षण गरिएको छ । साथै पालिकाले बाँकी बेरुजु फर्छयौट गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	

आ.व.	वेरुजु दफा नं.	फछ्र्यौटको संक्षिप्त व्यहोरा	फछ्र्यौटको आधार				सम्परीक्षण
			असुली	प्रमाण	नियमित	पेश्की	
०७४/७५	२३	ऋषिराज देबकोटाबाट रकम असूल गरेको दाखिला गरेको	४७३७४	०	०	०	४७३७४
०७४/७५	६४	शहरी स्वास्थ्य चौकी सामान ढुवानीको बाहाल कर असूल गरेको दाखिला गरेको	२४००	०	०	०	२४००
०७५/७६	६८	हिमालयन संचार गृहबाट नपुर कर असूल गरेको दाखिला गरेको	१८२६४	०	०	०	१८२६४
०७५/७६	७६	लक्ष्मीथिङ्गबाट बढी भुक्तानी भएको रकम असूल गरेको दाखिला गरेको	५०२५	०	०	०	५०२५
जम्मा			**७३०६३.**	**०**	**०**	**०**	**७३०६३.**

कमलामाई नगरपालिकाको संचित कोषको विवरण

अनुसूची-१

आर्थिक वर्ष २०७६।७७

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	गत वर्षको जिम्मेवारी	अनुदान	राजस्व बाडबाँड	आन्तरिक आय	अन्य आय	जम्मा	चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	मौज्दात
		१	२	३	४	५	६(२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
कमलामाई नगरपालिका	सिन्धुली	१७८०३७	७२०१५४	२२२३९६	३८१०९	३२७०५५	१३०७७१४	५७०३४६	३७९९८६	२८५७३३	१२३६०६५	२४९६८६

बेरुजू वर्गिकरण (विनियोजन,राजस्व, धरौटी र अन्य करोबार)

अनुसूची-२

आर्थिक वर्ष २०७६।७७

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	प्रारम्भीक वेरुजू			प्रतिक्रीयाबाट फर्छ्यौट			बाँकी बेरुजू			बेरुजूको बर्गिकरण								
		दफा			दफा			दफा				अनियमित					पेश्की		
		सैदान्तिक	लगती	रकम	सैदान्तिक	लगती	रकम	सैदान्तिक	लगति	रकम	असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाण पेश नभएको	राजस्वको जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	**जम्मा**	कर्म चारि	अन्य	जम्मा
कमलामाई नगरपालिका	सिन्धुली	८१	११०	७३२८२	१	५४	४७०४०	८०	५६	२६२४२	९७७०	७८४३	५८२२	०	०	१३६६५	०	२८०७	२८०७

अद्यवधिक बेरुजू को स्थिति

अनुसूची-३

(रु.हजारमा)

स्थानीय तहको नाम	जिल्ला	गत बर्ष सम्मको वाँकी	समायोजन	सं प को लागि अनुरोध भएको	संपरीक्षण भएको रकम	गत वर्षसम्मको वाँकी रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको वाँकी मध्ये पेश्की
कमलामाई नगरपालिका	सिन्धुली	४८२८४	०	१५१९५	१५१९५	३३०८९	२६२४२	५९३३१	३५४९